
# हिन्दुधर्मको
# क ख ग



लेखकः डी. एस. शर्मा

अनुवादः कुलशेखर शर्मा

© गीता समुदय प्रकाशन

हिन्दुधर्मको क ख ग
(डी. एस. शर्माद्वारा लिखित तथा श्रीरामकृष्ण मठद्वारा प्रकाशित A Primer of Hinduism नामक पुस्तकको नेपाली अनुवाद)
अनुवादक - कुलशेखर शर्मा
गीता समुदय प्रकाशनद्वारा
पहिलो पटक प्रकाशित - २०५९
काठमाण्डौं, नेपाल

**पहिलो संस्करण:** २०५९

**मूल्य:** रू. १००/-

**आवरण पृष्ठको डिजाइन:** फरम्याट ग्राफिक स्टुडियो, नक्साल, काठमाण्डौं

नेपालमा मुद्रित -
फरम्याट प्रिन्टिङ्ग प्रेस, कालोपुल, काठमाण्डौं

# हिन्दुधर्मको क ख ग

(A Primer of Hinduism नामक पुस्तकको अनुवाद)


लेखक

डी. एस. शर्मा एम. ए.

अनुवादः

कुलशेखर शर्मा


चतुर्भुज अधिकारी
हेटौंडा ५


गीता समुदय प्रकाशन

२०५९ काठमाडौं

# मूल लेखकको भूमिकाबाट उद्धरणहरू
## (प्रथम संस्करण १९२९ ई.)

आफ्ना छोराछोरीहरूका लागि ३/४ वर्षअघि प्रश्नोत्तरको रूपमा यो पुस्तक लेख्नथाल्दा यसको भूमिका आजको यस मनःस्थितिमा लेख्नुपर्ला भन्ने मैले सपनामा पनि विचार गरेको थिइनँ । आफ्नो घर र हृदयकी ज्योति प्यारी छोरीको आश्चर्यजनक तीक्ष्ण वुद्धिको चर्चा मैले आफ्ना मित्रहरूसँग पनि गर्न सकेको थिइनँ । उनीहरूले सो नपत्याउलान् अथवा देवताहरूले समेत मेरो ईर्ष्या गर्लान् भन्ने मलाई डर थियो । यस्ती छोरी मबाट खोसिएकी छन् । मेरा परिवारमा कहिल्यै पूर्ति गर्न नसकिने शून्य भएको छ । त्यस साघातिक दिन माटो-माटोमा, खरानी-खरानीमा, आत्मा-आत्मामा मिलिसकेपछि वेदनाको क्षणमा मैले गीताको पुस्तक खोलेपछि मेरो दृष्टि निम्नलिखित श्लोकमा पऱ्यो । अब त यस श्लोकले मलाई दिएको सान्त्वना मात्र बाँकी छ -

**मृत्युः सर्वहराश्चाहमुद्भवश्च भविष्यताम् ।**

*(म सबको हरण गर्ने मृत्यु हुँ, तथा भविष्यमा हुने सबैको उत्पतिको कारण हुँ ।)*

पाठकहरूले अब पुस्तकमा अपनाइएको संवादको शैलीको महत्त्व बुझ्नु हुनेछ । पुस्तकमा प्रश्नकर्ताको रूपमा रहेकी आफ्नी छोरीको शिक्षाको लागि नै यस पुस्तकको प्रारंभ गरेको थिएँ । पछि यसलाई प्रेसिडेन्सी कलेज पत्रिकामा दुई काल्पनिक पात्रहरू (एक शिक्षक र एक विद्यार्थी) का बीच भएको संवादको रूपमा विभिन्न भागमा छापिएको थियो । ती लेखहरू केही चर्चित भए, र कतिपय व्यक्तिहरूबाट मलाई उक्त लेखहरू प्रकाशित गर्दैजान र पछि पुस्तकको रूपमा छाप्न समेत अनुरोध गर्दै पत्रहरू पनि प्राप्त भए । उहाँहरूको इच्छानुरूप मैले उक्त संवादलाई विस्तृत पारेँ । साथै, मूल संवादकर्ताहरू (आफू र छोरी) लाई पुस्तकमा पुनः प्रवेश गराएँ किनभने पुस्तक सुरूमा जसका लागि लेखिएको थियो सदा उसैसँग सम्बद्ध रहोस् भन्ने मेरो इच्छा थियो ।

यस पुस्तकमा सबै वर्ग र सम्प्रदायलाई साझा मञ्च प्रदान गर्न खोजेको छ, र धर्मलाई प्राविधिक अर्थमा होइन, जीवन र आचरणसँग निकट सम्बन्ध राख्ने रूपमा प्रयोग गरिएको छ । तसर्थ हाम्रा विद्यालय र महाविद्यालयहरूमा धार्मिक शिक्षा समावेश गर्न चाहनेहरूले यस पुस्तकलाई समुचित अवसर प्रदान गर्नुहुनेछ भन्ने आशा गर्दछु ।

**डी. एस. शर्मा**

# अंग्रेजी संस्करणका प्रकाशकको भूमिकाबाट उद्धरणहरू

'ए प्राइमर अफ हिन्दुइज्म' पहिलो पटक लगभग ५० वर्षअघि प्रकाशित भएको थियो । त्यसपछि, प्रा. डी. एस. शर्मा प्राचार्य रहनुभएका विवेकानन्द कलेज, मद्रासले यसलाई पुनः छाप्यो । लेखकले यो पुस्तक आफ्ना छोराछोरीको शिक्षाका लागि लेख्नुभएको थियो । त्यसपछि उहाँले यो पुस्तक आफू प्राध्यापक रहेका महाविद्यालयहरूका धार्मिक कक्षाका विद्यार्थीहरूलाई पढाउँदा प्रयोग गर्नुभएको थियो । अब यस उत्तम पुस्तकलाई बढी पाठकहरूसमक्ष पुऱ्याउने उद्देश्यले हामी यसको नयाँ संस्करण प्रस्तुत गर्दैछौं ।

प्रा. डी. एस. शर्मा यस शताब्दीको पूर्वार्धका अंग्रेजी भाषाका ख्यातिप्राप्त प्राध्यापक हुनुहुन्थ्यो । उहाँले हिन्दुधर्म र दर्शनका सिद्धान्तहरूको सरल र विद्वत्तापूर्ण प्रतिपादनगर्दै कैयौं लेख र पुस्तकहरू लेख्नुभएको छ । उहाँका धेरै कृतिहरू पछिसम्म रहिरहने छन्, तर तिनीहरूमध्ये भावी पुस्ताका लागि सुरक्षित राख्न सर्वाधिक योग्य पुस्तक यही हो ।

हाम्रो धर्मका सर्वमान्य सिद्धान्तहरूको संक्षिप्त र समग्र रूपमा प्रतिपादन गर्दै लेखिएका पुस्तकहरूको धेरै कमी छ । प्रा. डी. एस. शर्माको पुस्तकले यस क्षेत्रमा अनुभव गरिएको यस ठूलो आवश्यकताको पूर्ति गरेकोले यो पुस्तक स्वागतयोग्य छ । अहिन्दु वातावरणमा हुर्किएका आधुनिक हिन्दुहरू तथा हिन्दुधर्मका बारेमा संक्षिप्त र वास्तविक ज्ञान प्राप्त गर्न चाहने अरू धर्मावलम्बीहरू समेतका जिज्ञासा शान्त गर्न यो पुस्तक अत्यन्त उपयोगी हुनेछ ।

लेखकले पुस्तकलाई 'प्राइमर' (वर्णमाला) भन्नुभए तापनि यो पुस्तक त्योभन्दा धेरै बढी छ । यस पुस्तकमा हिन्दुधर्म र दर्शनका सबै मूलभूत सिद्धान्तहरूको चर्चा गरिएको छ र यो विभिन्न स्तरका विद्यार्थीहरूको आवश्यकतानुरूप अरू विस्तृत अध्ययनको आधार बन्न सक्दछ ।

**रामकृष्ण मठ**
मद्रास
जुलाई, १९८१

# अनुवादकका दुई शब्द

लगभग बीस वर्ष अघि मलाई माया गर्ने एक मान्यजनले मलाई एउटा पुस्तक दिँदै स्नेहपूर्वक भन्नुभयो – तिमीलाई यो पुस्तक मन पर्ला भन्ने आशाले उपहार दिँदै छु । मैले कृतज्ञतापूर्वक खुशी हुँदै पुस्तक शिरोपर गरें । पुस्तक थियो मद्रास प्रेसिडेन्सी कलेजका प्राध्यापक डी. एस शर्माद्वारा अंग्रेजी भाषामा लेखिएको "ए प्राइमर अफ हिन्दुइज्म" । यो पुस्तक सर्वप्रथम म्याकमिलन एन्ड कम्पनीबाट ई. सन् १९२९ मा प्रकाशित भएको रहेछ । त्यसपछि श्रीरामकृष्ण मठले यसका धेरै संस्करणहरू प्रकाशित गरिसकेको छ ।

घर आएर पुस्तकका पाना सरसरती पल्टाएँ । अत्यन्त रुचिकर र ज्ञानवर्धक लाग्यो । तर समयाभावले गर्दा पुस्तक पढ्न नपाई, पछि समय पाएको वेलामा पढ्ने विचारले थन्क्याएर राखें । झन्डै १० वर्षको अन्तरालपछि, २०४८ सालमा पुस्तक सम्पूर्ण रूपमा पढ्ने मौका पऱ्यो । पुस्तकले मेरा आँखा उघारिदिए भने पनि हुन्छ । हाम्रो विशाल धर्मका सम्पूर्ण पक्षमा यति सरलतापूर्वक एउटा सानो पुस्तकमा अटाउने गरी सबैले बुझ्न सक्ने भाषामा लेखिएको यस्तो सारगर्भित पुस्तक मैले देखेको थिइनँ ।

यस पुस्तकमा हिन्दुधर्मका स्रोतहरू, यसका दार्शनिक आधार र मूल सिद्धान्तहरू, यसको लक्ष्य तथा लक्ष्यप्राप्तिका विभिन्न मार्ग, साधन र उपायहरू सर्वसाधारणले बुझ्न सक्ने गरी तर्कसंगत ढङ्गले प्रस्तुत गरिएका छन् । यो पुस्तक सबैका लागि पठनीय छ भन्ने लागेकोले यसको नेपाली अनुवाद गरेको हुँ । 'समुदय' पत्रिकाको १ देखि १३ सम्मका पूर्णाकहरूमा यसै पुस्तकका आधारमा तयार गरिएका १३ लेखहरू प्रकाशित पनि भइसकेका छन् ।

हाम्रो धर्म अत्यन्त प्राचीन, विशाल र उदार छ । यो कर्मकाण्ड र पूजापाठमा मात्र सीमित छैन । वास्तवमा यो एक सम्पूर्ण जीवनपद्धति हो जसले मानिसलाई उसको भौतिक, नैतिक र आध्यात्मिक सबै प्रकारका उन्नतिको बाटो देखाउँछ । यस तथ्यलाई पुस्तकले छर्लङ्ग पारेको छ । आज देशमा व्याप्त हिंसा, अशान्ति, अव्यवस्था र भ्रष्टाचरण धर्मको अनभिज्ञता र धर्मको उपेक्षाले नै गर्दा भएको हो भन्नु अत्युक्ति हुनेछैन । यस भयानक स्थितिबाट शान्ति, सुव्यवस्था, सदाचार, र कल्याणतर्फ लैजाने बाटो पनि धर्मले नै देखाउन सक्दछ । हाम्रो यस्तो अद्भुत धर्मप्रति सर्वसाधारणको रुचि र ज्ञानमा केही मात्रामा भए पनि बढोस् भन्ने उद्देश्यले यो पुस्तक पाठकहरूसमक्ष प्रस्तुत गर्न लागिएको हो ।

यस पुस्तकको नेपाली अनुवाद गर्न मलाई प्रेरणा दिनुहुने र मबाट ढिलासुस्ती हुनगएमा विस्तारै घचघच्याउनुहुने तथा अनुवादको सम्पूर्ण पाण्डुलिपी पटक - पटक पढी आफ्ना अनेकौं बहुमूल्य सुझावहरूद्वारा यसलाई बढी स्पष्ट र उपयोगी बनाइदिनुहुने परममित्र श्री राधारमण उपाध्यायप्रति हृदयदेखि कृतज्ञता व्यक्त गर्दछु । मेरा सुहृद् मित्र प्रा. शिवगोपाल रिसालले पनि अनुवादको पाण्डुलिपी आद्योपान्त पढी भाषाको शुद्धाशुद्धि लगायत अन्य कुराहरूमा दिनुभएका धेरै उपयोगी सुझावहरूले गर्दा पुस्तक बढी पठनीय भएको छ; उहाँप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । मेरा मान्य आत्मजन श्री नरेन्द्रनाथ भट्टराईले दिनुभएका अत्यन्त उपयुक्त सुझावहरूका लागि उहाँमा पनि हार्दिक धन्यवाद अर्पण गर्दछु । आवरण पृष्ठमा रहेको रेखाचित्रका लागि श्री हरिप्रसाद शर्मा पनि धन्यवादका पात्र हुनुहुन्छ ।

यस पुस्तकको आवरण पृष्ठको डिजाइनका लागि 'फरम्याट' का श्री सुनिल श्रेष्ठ तथा टाइप सेटिङ्गका लागि श्री रन्जिता खड्का लागि पनि धन्यवाद नदिइरहन सक्दिनँ ।

अन्तमा गीता समुदय प्रकाशनद्वारा यो पुस्तक प्रकाशन गरी पाठकहरूसमक्ष पुऱ्याउन लागिएकोमा संस्थाप्रति आभार व्यक्त गर्दछु ।

काठमाण्डौं
मङ्सिर, २०५९

**कुलशेखर शर्मा**

# विषय-सूची


**मूल लेखकको भूमिकाबाट उद्धरणहरू**

**अंग्रेजी संस्करणका प्रकाशकको भूमिकाबाट उद्धरण**

**अनुवादकका दुई शब्द**

**परिच्छेद-१ हाम्रा पथप्रदर्शकहरू** — **१**

१. भूमिका, — १

२. श्रुतिको प्रामाणिकता - स्मृतिहरू - इतिहासहरू - पुराणहरू — ३

३ आगमहरू - दर्शनहरू - तीन मुख्य प्रमाणहरू - विभिन्न धर्मशास्त्रहरूको तुलनात्मक महत्त्व - धर्मशास्त्रहरूको साझा ध्येय — १३

**परिच्छेद-२ पहिलो आरोहण** — **२१**

१. धर्मको अर्थ - कर्मकाण्डको उपयोगिता - नैतिकगुणहरूको आर्जन — २१

२. आधारभूत नैतिक गुणहरू - सत्त्वशुद्धि, आत्मसंयम, अनासक्ति, सत्य र अहिंसा — २५

३. नैतिक चरित्रको निर्माण - नैतिकताका मापदण्डहरू - पापको अर्थ - प्रायश्चित्तको उपयोगिता — ३७

४. संसार - कर्मको नियम - भगवद्‌कृपा — ४३

**परिच्छेद-३ दोस्रो आरोहण** — **५५**

१. नैतिकता र धर्म - भक्तिको अर्थ - ईश्वरका स्वरूपहरू - इष्टदेवताको सिद्धान्त - मूर्तिहरूको पूजा - हिन्दुकलाका उद्देश्यहरू — ५५

२. अधिकारको सिद्धान्त - भक्तिका मात्रा - भक्तिका स्वरूपहरू — ६४

३. भक्तिका साधन र उपायहरू - त्याग, ज्ञान र योगको अभ्यास - प्रपत्तिको अर्थ — ६९

४. भक्तिको मार्गमा बाधाहरू - अहंकार, अतिशयता र आस्थामा ह्रास - आदर्शभक्तिका लक्षणहरू — ७७

परिच्छेद-४ तेस्रो आरोहण ८३
१. ज्ञानको अर्थ ८३
२. ईश्वरको प्रकृति - ॐको महत्त्व - पापको समस्या ८५
३. सृष्टिसम्बन्धी सिद्धान्तहरू - मायाको अर्थ ९४
४. जीवात्माको प्रकृति - ईश्वरसँग यसको सम्वन्ध - यसको मोक्ष - जीवन्मुक्ति १०१
५. वेदान्तका विभिन्न मतहरू - रामानुजाचार्यको सिद्धान्त - रामानुजाचार्य र शंकराचार्यका सिद्धान्तहरूका बीचमा भेदहरू - रामानुजाचार्यको सिद्धान्त र मध्वाचार्यको सिद्धान्तको तुलना - हिन्दुधर्मका मुख्य सिद्धान्तहरू १०९
६. उपसंहार ११३

परिच्छेद-१

# हाम्रा पथप्रदर्शकहरू

## १

## भूमिका

छोरी - बुवा, हजुरलाई अहिले फुर्सद छ ?

बाबु - छ, छोरी । किन ?

छोरी - मैले राजमन्द्री हिन्दु समाजको गीता सम्बन्धी परीक्षा पास गरें भने मलाई हिन्दुधर्मका मुख्य मुख्य कुराहरूका बारेमा शिक्षा दिन्छु भन्नुभएको थियो । मैले परीक्षा पास गरी पुरस्कार पनि पाइसकें । अब, हजुरले पनि आफ्नो वचन पूरा गर्नु पर्‍यो ।

बाबु - तिमीले अहिले तल्लो परीक्षा मात्र पास गरेकी छौ । अर्को वर्ष माथिल्लो परीक्षा पनि पास गर्ने प्रयत्न गर । अनि म तिमीलाई शिक्षा दिनेछु । तर, गीता जानिसकेपछि त तिमीलाई अरू शिक्षाको जरूरतै पर्दैन । हिन्दुधर्मका सबै सारतत्त्वहरू त्यसैभित्र छन् ।

छोरी - तर बुवा, त्यहाँ लेखिएका कुराहरूले मलाई केही अलमलमा पारेका छन् । जस्तै, गीतामा कतै कर्मयोगको शिक्षा दिइएको छ भने कतै कर्मसंन्यासको । मैले त केही बुझ्न सकिन ।

बाबु - जेभए पनि तिमीले परीक्षा त पास गरिहाल्यौ नि ?

छोरी - जाँचमा मलाई सोधिएका प्रश्न साह्रै सरल थिए र हजुरले प्रार्थना-कक्षामा हामीलाई धेरै कुरा बताई सक्नुभएको थियो । त्यसैले मैले ती प्रश्नहरूको राम्रो संग उत्तर दिन सकें । तर अब दिने माथिल्लो जाँचचाहिँ गाहारो हुन्छ । त्यसका लागि हिन्दुधर्मका बारेमा सामान्य ज्ञान चाहिन्छ भन्छन् । तसर्थ, हाम्रो धर्मका मुख्य सिद्धान्तहरूका बारेमा मलाई सिकाइदिनुभयो भने अर्को वर्ष माथिल्लो जाँच दिने छु ।

बाबु - छोरी, म हिन्दुधर्मका बारेमा के जान्दछु र ? यस बारेको मेरो ज्ञान त एक अनाडीले किताबहरूबाट फाटफुट एकत्रित गरेको ज्ञान मात्र हो । श्री

रामकृष्ण परमहंसले एक पटक भन्नुभएको थियो – किताबी ज्ञानको भरमा धर्मको उपदेश गर्न आँट्ने मानिस, बनारसको नक्शामात्र देखेर त्यो पवित्र नगरीको वर्णन गर्न तयार हुने व्यक्ति जस्तै हो । एक योग्य शिक्षकमा त धार्मिक ज्ञान र धार्मिक अनुभूति दुवै हुनुपर्दछ । धर्मका दुई आँखा हुन् ती । मसंग त एउटा मात्र आँखा छ, त्यो पनि आंशिक रूपले अन्धो ।

छोरी – **तर एउटै मात्र आँखा भएकोले पनि अन्धोलाई त बाटो देखाउन सक्छ नि । अन्धाले अन्धालाई बाटो देखायो भने पो दुवै खाडलमा खस्छन् । हजुर आंशिक अन्धो हुनुहुन्छ भने म त पूरै अन्धी छु । र बुवा, हजुर पटक पटक भन्नुहुन्थ्यो "हाम्रा स्कूल कलेजमा दिइने शिक्षा त्रुटिपूर्ण छ किनभने यस्तो शिक्षाको कुनै धार्मिक पृष्ठभूमि नै छैन"** ।

**बाबु** – हो । दुःखको कुरा हो-हिन्दु बालबालिकाहरूले आज पाइरहेको शिक्षाले जीवनप्रतिको हिन्दु दृष्टिकोण वा हिन्दु आदर्शको वास्ता गरेको छैन । त्यसैले यो निष्फल रहेको छ ।

छोरी – **शिक्षाको फल कस्तो निस्कन पर्ने हो त ?**

**बाबु** – एक पूर्ण शिक्षापद्धतिले दिनुपर्ने फल यी हुनः जीवनप्रतिको आध्यात्मिक दृष्टिकोण, स्वच्छ चरित्र, परिस्कृत व्यवहार, सशक्त मस्तिष्क र करूणामय भावना । यी सबै एक स्वस्थ र सबल शरीरमा रहनु पर्ने कुरा त छँदै छ । केवल प्राज्ञिक शिक्षाले मात्र यी सब दिन सक्दैन । त्यसैले मैले भन्दै आएको छु-स्कूल, कलेजमा हाल दिइने शिक्षाका अतिरिक्त विद्यार्थीहरूलाई घरमा पनि कुनै न कुनै प्रकारको नैतिक वा धार्मिक शिक्षा दिनु पर्दछ ।

छोरी – **तै पनि, म जहिले जहिले हाम्रो धर्मका मूल सिद्धान्तहरू बारे शिक्षा दिनुहुन आग्रह गर्दछु हजुर कुनै न कुनै निहुँले त्यसलाई टारिदिनु हुन्छ ।**

**बाबु** – वास्तवमा यो काम पुरोहितको हो, बाबुआमाको होइन । बाबुआमा सधैं धर्म सम्बन्धी शिक्षा दिन सक्षम नहुन पनि सक्छन् । साथै, हामीकहाँ दुर्भाग्यवश पुरोहित्याइं संगठित पनि छैन । हाम्रा पुरोहितहरू कर्मकाण्ड गराउने काम मात्र गर्छन् । उनीहरू शिक्षा दिदैंनन् । उनीहरूले पाउने दक्षिणा पनि अत्यन्त कम हुन्छ र जजमानको स्वेच्छामाथि निर्भर गर्दछ । हाम्रा धार्मिक परम्पराहरूमा प्राचीन कालको शुद्धता र सजीवता कायम राख्नका लागि चाहिने प्रशिक्षण पनि उनीहरूले पाउँने व्यवस्था छैन ।

**छोरी** – त्यसो भए धर्मका विषयमा ज्ञान भएका बाबुआमाले त झन आफ्ना छोरा छोरीलाई धर्मबारे सिकाउन पर्‍यो, होइन र ?
**बाबु** – छोरी, तिमीलाई सिक्ने त्यस्तो इच्छा छ भने, आफूले जानेका कुराहरू म तिमीलाई खुशीसाथ बताउने छु । अब शुरू कसरी गर्ने त ? मैले हिन्दुधर्मको सारतत्त्वको विस्तारपूर्वक वर्णन गर्न थालें भने तिमी चाँडिनै थाक्ने छ्यौ । तसर्थ तिमी मलाई प्रत्येक दिन हाम्रो धर्मबारे केही प्रश्नहरू सोध, अनि म तिमीलाई तिनको उत्तर दिने प्रयास गर्नेछु । यसो गरे कस्तो होला ?

**छोरी** – यो तरिका त मलाई ठीक लाग्यो । तर, कस्ता प्रश्नहरू सोध्ने मलाई थाहा छैन । तसर्थ एक दुई प्रश्न पछि हजुरले नै आफ्नो उत्तरद्वारा मैले सोध्ने नयाँ प्रश्नहरूबारे संकेत दिनु पर्छ, हुन्छ ?
**बाबु** – हुन्छ, म कोशिश गर्ने छु ।

## २

## श्रुतिको प्रामाणिकता – स्मृतिहरू – इतिहासहरू – पुराणहरू

**छोरी** – सबभन्दा पहिले त, हिन्दुधर्मको प्रवर्तक को हो ? बुद्ध धर्मको स्थापना बुद्धले, क्रिश्चियन धर्मको स्थापना क्राइस्टले र इस्लाम धर्मको स्थापना मोहम्मदले गरेका थिए भन्ने मैले पढेकी छु । त्यसैगरी हिन्दुधर्मको स्थापना चाँहि कसले गर्‍यो ?
**बाबु** – हिन्दुधर्मका विशेषताहरूमध्ये एक के हो भने यसको संस्थापक कोही पनि छैन । आफ्नो आधिकारिक स्रोतका लागि यसले कुनै एक व्यक्तिको जीवनी माथि भर पर्नु पर्दैन ।

**छोरी** – त्यसो भए यसको स्रोत के हो त ?
**बाबु** – यसको स्रोत स्वयं शाश्वत सत्य हो जसको साक्षात्कार प्रत्येक व्यक्ति आफ्नो आध्यात्मिक अनुभूतिद्वारा गर्न सक्छ ।

**छोरी** – मेरो कुनै प्रकारको आध्यात्मिक अनुभूति छैन, मैले शाश्वत सत्यलाई कसरी जान्ने त ?
**बाबु** – प्रायः सबै मानिसहरूको आध्यात्मिक अनुभूति अपुरो हुने हुनाले हाम्रो

भूमिमा महान् ऋषिहरूका अन्तःकरणमा सत्यको प्रकाश भयो । र त्यसलाई श्रुतिहरूमा समावेश गरेर राखियो ।

छोरी – **'श्रुति' के हो ?**

**बाबु** – श्रुतिको शाब्दिक अर्थ हो 'सुनिएका कुरा' । भनिन्छ, लामो तपस्या गरेर पूर्णता प्राप्त गरेका महान् ऋषिहरूले आफ्ना हृदयमा शाश्वत सत्यलाई सुने र हाम्रा पवित्र ग्रन्थहरूमा अर्थात् वेदमा, ती 'सुनिएका कुरा'को अभिलेख गए ।

छोरी – **कुन कुन पवित्र ग्रन्थहरूमा ?**

**बाबु** – ती ग्रन्थहरूलाई वेद भन्दछन् – ऋग्वेद, सामवेद, यजुर्वेद र अथर्ववेद ।

छोरी – **त्यसो भए हिन्दुधर्मको मूल स्रोत वेद नै हुन् त ?**

**बाबु** – हो । वेदहरूले मानिसलाई उसले जान्न सक्ने सर्वोपरि सत्यको शिक्षा दिन्छन्, र सर्वोत्तम कल्याणको बाटो देखाउँछन् भनी दावी गरिन्छ । तसर्थ ती परम प्रामाणिक पनि छन् । र सत्य शाश्वत भएकोले त्यसलाई प्रकाश गर्ने वेदहरूलाई पनि शाश्वत मानिन्छ ।

छोरी – **वेदको संरचना कुन प्रकारको छ ?**

**बाबु** – वेदमा चार भाग छन्ः १) मंत्रहरू, २) ब्राह्मण, अर्थात् मंत्रहरूको तथा कर्मकाण्डहरूको व्याख्या, ३) आरण्यक, अर्थात् वनमा गएर गर्ने ध्यान, ४) उपनिषद्हरू अर्थात् गहनतम आध्यात्मिक सत्यमाथि प्रकाश पार्ने तथा तिनीहरूलाई साक्षात्कार गर्ने उपायहरू ।

छोरी – **के यी सबै भागहरू उत्तिकै महत्वपूर्ण छन् ?**

**बाबु** – गुलाफको विरूवामा जरादेखि फूलसम्मका सबै भाग के उत्तिकै महत्वपूर्ण छन् ? जरा, हाँगा, पात र काडाँ विना फूल कसरी फुल्न सक्छ ? उपनिषद फूल हो र वेदका ऋचा र यज्ञहरूबाट यो स्वाभाविक रूपले विकसित भएको छ । उपनिषद् वेदरूपी विरूवामा फुलेको फूल हो, र वेदको यो सबभन्दा महत्वपूर्ण भाग हो ।

छोरी – **त्यसो भए चार वेदमा चार उपनिषद् छन्, होइन त ?**

**बाबु** – होइन । प्रत्येक वेदमा कैयौं उपनिषद्हरू छन् ।

छोरी – **त्यसो भए जम्मा कति उपनिषद्हरू होलान् ?**

**बाबु** – उपनिषद्हरूको संख्या धेरै छ । तर ती मध्ये १२ लाई सबभन्दा महत्वपूर्ण मानिन्छ ।

छोरी – **ती के के हुन् ?**

**बाबु** – ती हुन् – ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डूक्य, ऐतरेय, तैत्तिरीय, छान्दोग्य, बृहदारण्यक, कौषीतकि र श्वेताश्वतर ।

छोरी – **यी किन बढी महत्वपूर्ण मानिन्छन् ?**

**बाबु** – किनभने यिनीहरूमा हिन्दुधर्मका सर्वोपरि सत्य रहेका छन् ।

छोरी – **हिन्दुधर्मका स्रोत यिनीहरू मात्र हुन् त ?**

**बाबु** – श्रुतिचाँहि मूल स्रोत हो । तर श्रुतिमा आधारित अन्य कतिपय गौण स्रोतहरू पनि छन् । यस्ता स्रोतहरूमा पहिले स्मृतिहरू पर्दछन् ।

छोरी – **स्मृतिहरूमा के के छन् ?**

**बाबु** – स्मृतिहरू मानव-रचना मानिएका छन्, र यिनका उद्देश्य व्यक्तिगत र सामाजिक जीवनलाई नियमित गर्नु र श्रुतिका सिद्धान्तहरूलाई व्यवहारमा परिणत गर्ने संस्थाहरूलाई जन्म दिनु हो । हिन्दु समाजलाई समय समयमा नियमित गर्ने विधान वा नियमहरूलाई स्मृतिहरूमा क्रमबद्ध गरी राखिएका छन् ।

छोरी – **के यी विधान वा नियमहरूमा समय समयमा परिवर्तन हुने गर्छन् ?**

**बाबु** – गर्दछन् । हिन्दु समाजलाई विभिन्न युगमा मार्गप्रदर्शन गर्ने ऋषिहरूले समयको आवश्यकताअनुसार यी विधान वा नियमहरूमा परिवर्तन गर्दै आएका छन् ।

छोरी – **त्यसो भए हिन्दुधर्मले नयाँ विधान वा नियमहरू बनाउने अनुमति दिन्छ ?**

**बाबु** – अवश्य पनि दिन्छ । यसले नयाँ नियमहरू बनाउने अनुमति मात्र होइन, नयाँ धर्मशास्त्रहरूको रचना गर्ने अनुमति पनि दिन्छ । नत्र हिन्दुधर्म निर्जीव हुने छ ।

छोरी – **पहिलेका प्रमुख नियमनिर्माताहरू (स्मृतिकार) को को थिए ?**

**बाबु** – हिन्दु समाजका प्रमुख नियमनिर्माताहरू हुन् – मनु, याज्ञवल्क्यर पराशर ।

**छोरी – यिनीहरूले के कस्ता विषयहरूमा नियम बनाएका छन् ?**

**बाबु –** यी नियमका विषयहरूमध्ये मुख्य हो धर्म अर्थात् विभिन्न वर्गका नागरिकहरूको कर्तव्य । तसर्थ उनीहरूले तयार गरेका नियमहरूको संग्रहलाई धर्मशास्त्र पनि भन्दछन् । यिनीहरूमा समाजका विभिन्न वर्ग वा स्थितिमा रहेका मानिसहरूले पालन गर्नु पर्ने कर्तव्य, निजामती र फौज्दारी कानूनको प्रशासन, प्राचीनकालमा अपनाइने गरेका शुद्धिका उपायहरू तथा विभिन्न पापका प्रायश्चित्तहरू समेत समावेश गरिएका छन् ।

**छोरी – के यी निर्देशनहरूलाई हाम्रो समाजले आज पनि कडाइसाथ पालन गर्नु जरूरी छ ?**

**बाबु –** नियम कानूनहरू समय समयमा बदलिरहन्छन् भनी मैले अघि भनिसकें । समय बित्दै जान्छ, सामाजिक र राजनैतिक संस्थाहरू हुर्कंदै जान्छन्, मानिसका विचारहरू बदलिंदै जान्छन् र राष्ट्रिय जनजीवनमा नयाँ कुराहरूको प्रवेश हुँदै जान्छ । अनि, पुराना कानूनहरूमध्ये केही अनुपयुक्त हुँदै जान्छन् र नयाँ चलन र परिपाटीहरू बस्दै जान्छन् । कालान्तरमा यस्ता चलनहरूले ऋषिहरूको मार्गप्रदर्शनमा कानूनको रूप लिंदै जान्छन् । हिन्दु समाज सदासर्वदा एक सजीव तत्व रहिआएको छ, र यसका विधिविधानहरू सधैं लचिला रहिआएका छन् ।

**छोरी – के हिन्दु समाज अहिले पनि सजीव छ त ?**

**बाबु –** छ । कैयौं विदेशी हमला पछि पनि यो जीवन्त नै छ । यसले कैयौं साम्राज्यहरूको उत्थान र पतन देखिसकेको छ । तर, यो आज पनि उत्तिकै बलियो छ जत्ति एलेक्जान्डरको भारत आक्रमणको समयमा थियो ।

**छोरी – तर के यसका कानूनहरू अहिले पनि लचिला छन् ?**

**बाबु –** हिन्दु समाजमा वर्तमान समयको आवश्यकताअनुरूप क्रमिक रूपमा परिवर्तनहरू भइरहेका छन् । यी परिवर्तनहरू कानूनमा विधिवत् समावेश भई यिनले आधिकारिक रूप लिइसकेका छैनन – यति मात्र हो । कुनै जीवतत्त्व कति जीवन्त छ भन्ने कुरा वातावरणप्रतिको त्यसको संवेदनशीलता वा प्रतिक्रियाबाट थाहा हुन्छ । हाम्रो समाज, समयको आवश्यकताहरू प्रति संवेदनशील हुन सकेन भने, आफ्ना जीवित महात्माहरूको नेतृत्वअनुसार चल्न

सकेन भने, तथा श्रुतिले घोषित गरेका एकत्व, भ्रातृत्व र प्रेमका शाश्वत सिद्धान्तहरूलाई आत्मसात गर्दै साहस र संकल्पका साथ अगाडि बढ्न सकेन भने यसको नाश हुने छ र हिन्दुहरू पनि प्राचीन ग्रीक र रोमनहरू गएका बाटो लाग्ने छन् ।

**छोरी – त्यसो भए स्मृतिमा रहेका नियमहरू श्रुतिका शाश्वत सिद्धान्तका अधीनस्थ छन् । होइन त ?**
**बाबु** – हो । श्रुति र स्मृतिको सम्बन्ध आत्मा र शरीरको जस्तै छ । शरीर बढ्छ, बूढो हुन्छ र मर्छ । शरीर समयगतिको अधीन छ तर आत्मा त्यस्तो होइन । यो समयातीत छ । समयले यसमा केही प्रभाव पार्दैन ।

**छोरी – स्मृतिहरूबाहेक हिन्दुधर्मका अन्य गौण स्रोतहरू के के छन् ?**
**बाबु** – स्मृतिहरू (वा नियम-संग्रह) बाहेक अरू स्रोतहरू हुन् – इतिहासहरू, पुराणहरू, आगमहरू तथा दर्शनहरू । कहिले काहीं 'स्मृति' शब्द यी सबै गौण स्रोतहरूलाई जनाउने गरेर पनि प्रयोग गरिन्छ ।

**छोरी – यी पनि परिवर्तनशील छन् त ?**
**बाबु** – छन् । श्रुति आत्मा र स्मृति शरीर हो भने यी शरीरका विभिन्न अंग र अवयवहरू मात्र हुन् ।

**छोरी – इतिहास भनेका के हुन् र तिनका उद्देश्य के हुन् ?**
**बाबु** – रामायण र महाभारत – यी दुई प्रसिद्ध महाकाव्यहरू इतिहास हुन् । यिनका उद्देश्य वेदका सिद्धान्त र स्मृतिका नियमहरूलाई इतिहास र आख्यानहरूद्वारा सर्वसाधारणको मनमा अंकित गर्नु हो । यी ग्रन्थमा रहेका पात्रहरूको चरित्रवर्णनले हाम्रो राष्ट्रको मनमा हिन्दुधर्मको बलियो छाप पारेको छ ।

**छोरी – त्यसो भए यी महाकाव्यहरू एक किसिमले "सर्वसाधारणका वेद" हुन् त ?**
**बाबु** – ठिक । श्रुतिहरूमा रहेका विस्तृत कर्मकाण्ड र लामो समयसम्म पालन गर्नु पर्ने विधिविधानले गर्दा यिनलाई केही व्यक्तिहरूले मात्र प्रयोगमा ल्याउन सक्छन् । तर वेदमा रहेका सत्यलाई सरल रूपले चित्रण गर्ने यी महाकाव्य र पुराणहरूबाट चाहिं सबै लाभान्वित हुन सक्छन् । धर्मका बारेमा प्रायः सबै

हिन्दुहरूले आफ्ना प्रारम्भिक धारणाहरू यी "लोकप्रिय वेद"का कथाहरूबाट बनाएका हुन्छन् । यी कथाहरू पढेकी छौ ?

**छोरी** - **छु, बुवा । मैले पढेकी छु । त्यसो भए यी दुई महाकाव्यका रचनाकार वाल्मीकि र व्यासलाई, वेदका उद्देश्यहरूलाई लोकप्रिय गराउने ऋषिका रूपमा हेर्नु पर्छ, होइन ?**

**बाबु** - हो । त्यस बाहेक यिनीहरू महान राष्ट्रनिर्माता पनि हुन् । हिन्दु समाज अहिले पनि यिनीहरूले देखाएका मार्गको अनुसरण गरिरहेको छ । यिनीहरूले आफ्ना महाकाव्यमा रचना गरेका पात्रहरू हाम्रा लागि वास्तविक जीवनका पात्रहरू भन्दा पनि बढी सजीव छन् । प्रत्येक हिन्दु बालबालिकालाई थाहा छ - हिन्दु धारणा अनुसार राम एक आदर्श राजा तथा सीता एक आदर्श पत्नी हुन्, तथा लक्ष्मण र हनुमान निष्ठा, भक्ति तथा अनुशासन सम्बन्धी हिन्दु आदर्शका प्रतीक हुन् ।

**छोरी** - **महाभारतका पात्रहरू नि ?**

**बाबु** - महाभारत त झन हिन्दुधर्मको अनन्त भन्डार नै हो । यसमा विभिन्न प्रकारका लामा छोटा कथा, आख्यान, संवाद, प्रवचन तथा उपदेशहरू छन् । तर सम्पूर्ण महाकाव्यमा श्रीकृष्णको ईश्वरीय स्वरूपको नै प्राधान्य छ । सम्पूर्ण घटनाहरूका सूत्रधार उनी नै छन् । उनीलाई एक महान गुरू तथा कर्मठ विभूतिका रुपमा चित्रण गरिएको छ । त्यस पछि आउँछन् शान्ति र युद्ध दुवैमा हिन्दुधर्मको साक्षात मूर्ति मानिने ज्येष्ठ पाण्डव युधिष्ठिर सहितका पाँच पाण्डव । अर्को महान पात्र हुन् - वयोवृद्ध योद्धा भीष्म जो हिन्दुधर्मका आधिकारिक ज्ञाता छन् । शान्तिपर्वमा रहेका उनका विस्तृत उपदेशहरू सुप्रसिद्ध छन् ।

**छोरी** - **तर यस महाकाव्यमा हिन्दुधर्म बारे सबभन्दा बढी महत्वको संवाद त भगवद्गीता होइन ?**

**बाबु** - अवश्य हो ।

**छोरी** - **यसको महत्व केले गर्दा भएको हो ?**

**बाबु** - भगवद्गीताको महत्व यसको सन्दर्भ र विषयवस्तु दुवैले गर्दा भएको

हो । सर्वप्रथम त यो (भगवद्गीता) पाण्डव र कौरवका बीच कुरुक्षेत्रको युद्धभूमिमा भएको महत्वपूर्ण युद्ध शुरू हुनुभन्दा ठीक अघि आउँछ । कृष्ण र अर्जुन बीचको यो संवाद यस काव्यको केन्द्रबिन्दुको रूपमा राखिएका छ । यसै केन्द्रविन्दुवाट सबै पात्रहरूका गतिविधि र नियति छुट्टिन्छन् । अर्जुनले आफ्ना प्रिय कुटुम्वजनलाई आफ्ना विरुद्ध युद्ध गर्न पंक्तिवद्ध भएर उभिएका देखे पछि त्यस नाजुक घडीमा उनलाई हृदयको दुर्बलताले घेर्दछ र उनले सैनिकको आफ्नो कर्तव्य त्याग्ने समेत विचार गर्दछन् । उनले त्यसो गरेको भए युद्धको अन्त हुने थियो, र दुर्योधन र उसका साथीहरुमा मूर्तिमान रहेको दुष्टताको विजय हुने थियो । तर कृष्णले त्यो आपत आउन दिनुभएन । उहाँ अर्जुनको उद्धार गर्न आउनुभयो, उनीसंग सम्पूर्ण मानव–कर्तव्यको नैतिक र दार्शनिक पक्षका वारे छलफल गर्नुभयो, उनका शंकाहरू निवारण गर्नुभयो र उनलाई आफ्ना समक्ष रहेको कर्तव्यलाई निर्लिप्त र निर्भीक भई पालन गर्न प्रेरित गर्नुभयो । दोश्रो, गीतामा उपनिषद्हरुमा रहेका नैतिक र दार्शनिक शिक्षाका निचोड पनि समावेश गरिएका छन् । एक प्रसिद्ध श्लोकमा उपनिषद्हरूलाई गाई, गीतालाई दुध, कृष्णलाई गोठाला र अर्जुनलाई बाच्छोसंग तुलना गरिएको छ । यसबाहेक गीताले मानव हृदयको गहिरो ज्ञान पनि दर्शाउँछ – मानवका आशा र आवश्यकताहरू, उसका संशय र समस्याहरू तथा उसका परीक्षा र प्रलोभनहरू । गीताले हिन्दु कल्पनाशक्तिले चिताएकामध्ये श्रेष्ठतम चरित्रको निर्माण गर्न खोजेको छ, किनभने भगवद्गीताको आर्दश योगी, ध्यान र कर्म दुवैले युक्त एक व्यावहारिक ब्रह्मज्ञानी छ जसको शिर एकान्तमा छ भने हातहरू समाजमा छन् ।

छोरी – **गीताका उपदेशहरू पनि के श्रुति जस्तै प्रमाणिक छन् ?**

**बाबु** – छन् । गीता उपनिषद्हरुको निचोड भएकोले यसलाई पनि श्रुति जस्तै प्रामाणिक मानिन्छ । गीता, तीन 'प्रस्थानहरू' अर्थात् प्रामाणिक धर्मशास्त्रहरू मध्ये एक हो ।

छोरी – **अन्य दुई प्रस्थानहरू के के हुन् ?**

**बाबु** – अन्य दुई प्रस्थानहरू हुन्–उपनिषद्हरू तथा ब्रह्मसूत्र वा वेदान्तसूत्र ।

छोरी – **ब्रह्मसूत्रहरू के हुन् ?**

बाबु - ब्रह्मसूत्र भनेका ती सूत्रहरू हुन् जसले उपनिषद्हरूमा रहेका सम्पूर्ण उपदेशहरूलाई क्रम मिलाएर व्यवस्थित रूपमा राखेका छन् ।

**छोरी - ब्रह्मसूत्रका रचयिता को हुन् ?**
बाबु- ब्रह्मसूत्रका रचयिता बादरायण हुन् ।

**छोरी - यी सूत्रहरूलाई बहमसूत्रका किन भन्दछन् ?**
बाबु -यी सूत्रहरूले ब्रह्मको प्रकृति, तथा जीव र जगत्संगको यसको सम्बन्धको व्याख्या गरेकाले यिनलाई ब्रह्मसूत्र भन्दछन् ।

**छोरी - यिनलाई वेदान्तसूत्र पनि किन भनिन्छ ?**
बाबु - वेदान्तको अर्थ हो वेदको अन्त । वेदका अन्तिम भाग भएकोले उपनिषद्हरूलाई वेदान्त भन्दछन् । यी सूत्रहरूमा वेदान्तका फूलहरूलाई गाँसेर राखिएकाले यिनलाई वेदान्तसूत्र पनि भनिन्छ ।

**छोरी - यी सूत्रहरू संक्षिप्त रूपमा रहेकाले यिनबाट वेदान्तका सम्पूर्ण शिक्षा हामीले कसरी थाहा पाउने ?**
बाबु - यी सूत्रहरू माथि शंकराचार्य, रामानुजाचार्य र माध्वाचार्य जस्ता विशिष्ट दार्शनिक र धर्मशास्त्रवेत्ताहरूले विस्तृत भाष्य लेखेका छन् । यी भाष्यहरूबाट वेदान्त दर्शनका विभिन्न मतहरूको उत्पत्ति भएको छ ।

**छोरी - हजुरले दर्शनभन्दा पहिले पुराण र आगमहरूको चर्चा गर्नुभएको थियो । यिनका बारेमा पनि केही थाहा पाउन पाए हुन्थ्यो । पुराणहरू के हुन् ?**
बाबु - पुराणहरू धार्मिक कथाहरू हुन् जसले श्रुतिमा रहेका सत्यलाई राजाहरूका चरित्र, देवताहरूका वृत्तान्त तथा ऋषिमुनिहरूका उपाख्यानद्वारा स्पष्ट पार्दछन् । पुराणहरूलाई पछिका युगका हिन्दु धर्मगुरुहरूले सर्वसाधारणलाई शिक्षा दिने साधनका रूपमा प्रयोग गरेका छन् । तिमीलाई थाहा नै छ - प्रहलाद र ध्रुवका जस्ता अनेकौं सुन्दर कथाहरू हामीले पुराणहरूबाट नै पाएका हौं ।

**छोरी - पुराणहरूमा लेखिएका कुराहरू ऐतिहासिक दृष्टिबाट सत्य होइनन् ?**
बाबु - पुराणहरूमा रहेका केही कथाका ऐतिहासिक आधारहरू हुन सक्दछन्, तर धेरै जसो स्पष्टतः काल्पनिक छन् । यिनीहरूलाई ऐतिहासिक अर्तिकथा भन्न हुन्छ । यिनमा ऐतिहासिक नाटक र उपन्यासहरूमा जस्तै तथ्य र कल्पनाको

सम्मिश्रण रहेको छ । हिन्दु धर्मशास्त्रहरूमा ऐतिहासिक तथ्य होइन आदर्श सत्यका बारेमा चर्चा गरिएको छ । यिनिहरूको औचित्य ऐतिहासिक तथ्य माथि निर्भर गर्दैन । यो कुरा पुराणहरूमा रहेका विष्णुका विभिन्न अवतारहरूका वर्णनबाट स्पष्ट हुन्छ । पुराणहरूको उद्देश्य मानिसको क्रमिक विकासमा ईश्वरले प्रदान गरेको सहायताको काल्पनिक चित्रण गर्नु हो ।

**छोरी – अवतार भनेको के हो ?**

**बाबु** – अवतार भनेको ईश्वरको एक दैहिक रूप हो । ईश्वर कुनै विशेष उद्देश्यले यस जगत्मा अवतरण गरेर आएपछि हामी त्यसलाई अवतार भन्दछौं ।

**छोरी – अवतारको विशेष उद्देश्य के हो ?**

**बाबु** – अवतारको उद्देश्य स्पष्ट पार्ने गीताका यी श्लोकहरूको संझना छैन तिमीलाई ?–

*"हे अर्जुन, जबजब धर्मको ह्रास र अधर्मको बृद्धि हुन्छ तबतब साधुजनको रक्षा, दुर्जनहरूको विनाश तथा धर्मका संस्थापनका लागि म जन्म लिन्छु" ।*

**छोरी – ईश्वरका कति अवतारहरू छन् ?**

**बाबु** – भागवतपुराणमा भनिएको छ – विष्णुका अवतारहरूको संख्या अक्षय जलाशयबाट निस्कने खोलानाला जस्तै असंख्य छन् । तर हिन्दुधर्ममा दस अवतारहरू मुख्य मानिएका छन् ।

**छोरी – ती के हुन् ?**

**बाबु** – ती हुन मत्स्य (माछा), कूर्म (कछुवा), बराह (बँदेल), नरसिंह, वामन (बाउन्ने), परशुराम, राम, कृष्ण, बुद्ध र कल्की । यिनमध्ये केही पौराणिक, केही आख्यायिक र केही ऐतिहासिक रहेका देखिन्छन र अन्तिम चाहिँ शुद्ध भविष्यवाणी हो ।

**छोरी – बुद्ध पनि एक अवतार हुन् ?**

**बाबु** – हुन् । बुद्ध मनुष्यजातिका महान गुरूहरूमध्ये एक हुन् । हिन्दु र बौद्ध धर्मका बीच केहि सैद्धान्तिक मतभेद भएतापनि हिन्दूहरूले बुद्धलाई आफूहरू मध्येका नै एक ठान्दछन र उनीले सच्चा धर्ममा पुऱ्याएको योगदानलाई स्वीकार

गर्दछन् । उदाहरणार्थ – कवि जयदेवले आफनो गीतिकाव्यमा विष्णुलाई बुद्धको रूपमा प्राणीहरू मात्र प्रति दया गर्न तथा पशुवलि नगर्न हामीलाई शिक्षा दिने महान् ईश्वरको रूपमा उनको ठुलो प्रशंसा गरेका छन् ।

छोरी – **त्यसो भए बौद्धधर्म पनि वैष्णव वा शैव सम्प्रदाय जस्तै हिन्दुधर्म कै एक अंग हो त ?**

**बाबु** – बौद्धधर्म पनि हिन्दुधर्म बाट नै निस्केको एक शाखा हो । यसका धेरै सिद्धान्त र आर्दशहरू हिन्दुधर्मका जस्तै छन् । बुद्ध स्वयं एक हिन्दुको रूपमा बाँचे र मरे । उनले आफूलाई नयाँ धर्मका प्रवर्तकभन्दा बढी सुधारकको रूपमा हेर्थे । तै पनि आज हामी बौद्धधर्मलाई वैष्णव वा शैव सम्प्रदाय जस्तै शास्त्र सम्मत मान्दैनौं किनभनें बुद्धधर्मले वेदको प्रभुत्व स्वीकार गर्दैन । तर यत्तिले बुद्धलाई अवतार मान्न भने हामीलाई रोक्दैन ।

छोरी – **अवतारहरू के भारतमा मात्र सीमित छन् ?**

**बाबु** – अवतारको उद्देश्यबारे मैले अघि गीताबाट उद्धृत गरेका श्लोकमा अवनारको भौगोलिक वा समयको सीमाको संकेत कतै छैन । त्यसमा कुनै देश वा युगको उल्लेख पनि छैन ।

छोरी – **त्यसो भए अवतारहरू भविष्यमा पनि हुन सक्दछन् त ?**

**बाबु** – सक्छन्, किन भने ईश्वर अहिले पनि विद्यमान नै छ । ईश्वरले आफ्ना प्राणीहरूको वास्ता गर्न छाडेको पनि छैन । ईश्वर कुनै खास राष्ट्, देश वा समयमा मात्र प्रकट भएर पक्षपात गर्दैन । ऊ त जहिले, जहाँ उसको अनुग्रह र प्रेमपूर्ण करूणाको आवश्यकता पर्दछ त्यसै बेला त्यहीं प्रकट हुन्छ भनी हाम्रा पुराणहरू स्पष्ट रूपमा भन्दछन् । वास्तवमा पुराणहरूले दसौँ अवतारको भविष्यवाणी पनि गरेका छन् । हिन्दुधर्म क्रमिक रूपमा सत्यको अनुभूति हुँदै जाने कुरा बताँउछ । यसले नयाँ नियमहरू लागु हुन सक्ने तथा नयाँ धर्मसन्देशको घोषणा हुने संभावनाका साथै नयाँ अवतारहरूको प्रादुर्भाव हुने पनि अनुमान गरेको छ । हिन्दुधर्म वितिसकेको युगमा टाउको घुसारेर बस्दैन, न त वितेका युगसंग विद्रोह गरेर त्यसबाट अलग नै हुन्छ । वास्तवमा छोरी, अहिले हामी यहाँ कुरा गरिरहेकै समयमा पनि एक नयाँ अवतारका पवित्र पाउ हाम्रो प्राचीन धर्मलाई आधुनिक जीवनसंग सुहाउने किसिमबाट

व्याख्या गर्दै तथा बुद्धले छाडेर गएका प्रेम र अहिंसाको सन्देशलाई विस्तार गर्दै हाम्रो भूमिमा विचरण गरिरहेको पनि हुन असंभव छैन ।

**छोरी - भविष्यमा नयाँ अवतारहरूका साथै नयाँ पुराणहरू पनि आउन सक्दछन् ?**
**बाबु -** अवश्य सक्छन् । हाम्रो जातिको अपूर्व प्रतिभा अझै जीवित छ ।

**छोरी - अहिलेसम्म हाम्रा कति पुराणहरू छन् ?**
**बाबु -** पुराणहरू १८ छन् र यिनमध्ये विष्णुपुराण र भागवतपुराण बढी लोकप्रिय छन् । भागवतपुराणको त हिन्दु धार्मिक कल्पनालाई प्रभावित गर्नमा अति महत्वपूर्ण स्थान छ जसले गर्दा यसलाई रामायण र महाभारतकै स्तरमा राख्ने गरिएको छ ।

## ३

## आगमहरू - दर्शनहरू - तीन मुख्य प्रमाणहरू - विभिन्न धर्मशास्त्रहरूको तुलनात्मक महत्व - धर्मशास्त्रहरूको साझा ध्येय

**छोरी - अनि आगमहरू भनेका के हुन् ?**
**बाबु -** 'आगम' को सामान्य अर्थ हुन्छ धर्मशास्त्र, तर संकीर्ण अर्थमा यसलाई ईश्वरको कुनै खास पक्षको पूजा गर्ने विधि तथा पूजनकर्ताले पालन गर्नु पर्ने विस्तृत विधिविधान समावेश गर्ने साम्प्रदायिक शास्त्रलाई जनाउने गरी प्रयोग गरिन्छ । आगमहरूको उद्देश्य नितान्त व्यावहारिक भएकोले यिनलाई साधना-शास्त्र पनि भन्दछन् ।

**छोरी - आगमहरू कति छन् ?**
**बाबु -** उपनिषद् जस्तै आगमहरूको संख्या पनि धेरै छ । तर पूजाका पात्र कुन देवता हुन् - विष्णु, शिव वा शक्ति - तिनको आधारमा आगमहरूलाई तीन मुख्य समूहहरूमा विभाजन गर्न सकिन्छ । यी तीन समूहले हिन्दुधर्मका तीन मुख्य शाखाहरूलाई जन्मदिएका छन्: वैष्णववाद, शैववाद र शक्तिवाद । वैष्णव आगमहरू अर्थात् पाञ्चरात्र आगमहरू परमेश्वरलाई विष्णुको कुनै नाम वा रूप अन्तर्गत स्तुति गर्दछन् । शैव आगमहरू परमेश्वरलाई शिवको कुनै नाम वा रूप अन्तर्गत स्तुति गर्दछन र यिनीहरू बाट दर्शनको एक महत्वपूर्ण

गर्दछन् । उदाहरणार्थ - कवि जयदेवले आफनो गीतिकाव्यमा विष्णुलाई बुद्धको रूपमा प्राणीहरू मात्र प्रति दया गर्न तथा पशुवलि नगर्न हामीलाई शिक्षा दिने महान् ईश्वरको रूपमा उनको ठुलो प्रशंसा गरेका छन् ।

छोरी - **त्यसो भए बौद्धधर्म पनि वैष्णव वा शैव सम्प्रदाय जस्तै हिन्दुधर्म कै एक अंग हो त ?**

**बाबु -** बौद्धधर्म पनि हिन्दुधर्म बाट नै निस्केको एक शाखा हो । यसका धेरै सिद्धान्त र आर्दशहरू हिन्दुधर्मका जस्तै छन् । बुद्ध स्वयं एक हिन्दुको रूपमा बाँचे र मरे । उनले आफूलाई नयाँ धर्मका प्रवर्तकभन्दा बढी सुधारकको रूपमा हेर्थे । तै पनि आज हामी बौद्धधर्मलाई वैष्णव वा शैव सम्प्रदाय जस्तै शास्त्र सम्मत मान्दैनौं किनभने बुद्धधर्मले वेदको प्रभुत्व स्वीकार गर्दैन । तर यत्तिले बुद्धलाई अवतार मान्न भने हामीलाई रोक्दैन ।

छोरी - **अवतारहरू के भारतमा मात्र सीमित छन् ?**

**बाबु -** अवतारको उद्देश्यबारे मैले अघि गीताबाट उद्धृत गरेका श्लोकमा अवतारको भौगोलिक वा समयको सीमाको संकेत कतै छैन । त्यसमा कुनै देश वा युगको उल्लेख पनि छैन ।

छोरी - **त्यसो भए अवतारहरू भविष्यमा पनि हुन सक्दछन् त ?**

**बाबु -** सक्छन्, किन भने ईश्वर अहिले पनि विद्यमान नै छ । ईश्वरले आफ्ना प्राणीहरूको वास्ता गर्न छाडेको पनि छैन । ईश्वर कुनै खास राष्ट्र, देश वा समयमा मात्र प्रकट भएर पक्षपात गर्दैन । ऊ त जहिले, जहाँ उसको अनुग्रह र प्रेमपूर्ण करूणाको आवश्यकता पर्दछ त्यसै वेला त्यहीं प्रकट हुन्छ भनी हाम्रा पुराणहरू स्पष्ट रूपमा भन्दछन् । वास्तवमा पुराणहरूले दसौं अवतारको भविष्यवाणी पनि गरेका छन् । हिन्दुधर्म क्रमिक रूपमा सत्यको अनुभूति हुँदै जाने कुरा बताँउछ । यसले नयाँ नियमहरू लागु हुन सक्ने तथा नयाँ धर्मसन्देशको घोषणा हुने संभावनाका साथै नयाँ अवतारहरूको प्रादुर्भाव हुने पनि अनुमान गरेको छ । हिन्दुधर्म वितिसकेको युगमा टाउको घुसारेर बस्दैन, न त बितेका युगसंग विद्रोह गरेर त्यसबाट अलग नै हुन्छ । वास्तवमा छोरी, अहिले हामी यहाँ कुरा गरिरहेकै समयमा पनि एक नयाँ अवतारका पवित्र पाउ हाम्रो प्राचीन धर्मलाई आधुनिक जीवनसंग सुहाउने किसिमबाट

परिवर्तन गरेको, तर तिनीहरूलाई आफ्ना रीतिरिवाज र कर्मकाण्डहरूलाई भने शान्तिपूर्वक कायम राखिरहने अनुमति दिएको छ ।

**छोरी – अब हामी अन्तमा दर्शनमा आईपुग्यौं । दर्शन भनेको के हो ?**

**बाबु** – दर्शनहरू पनि श्रुतिमा नै आधारित विभिन्न मतहरू हुन् । प्रत्येक मतले वेदका विभिन्न भागमा रहेका शिक्षालाई संयोजित, व्यवस्थित र विकसित गर्ने प्रयत्न गरेको छ । दर्शनले तर्कद्वारा, पुराणहरूले कल्पनाद्वारा तथा आगमहरूले हृदयका भावनाद्वारा आफ्ना कुरा बुझाउने प्रयत्न गरेका छन् ।

**छोरी – दर्शनहरू कति छन् ?**

**बाबु** – दर्शनहरू ६ ओटा छन् ।

**छोरी – तिनीहरू के के हुन ?**

**बाबु** – तिनीहरू हुन्ः न्याय, वैशेषिक, सांख्य, योग, मीमांसा र वेदान्त । तर, यिनलाई सैद्धान्तिक सादृश्यका आधारमा ३ समूहमा विभाजन गर्न सकिन्छः- १) न्याय-वैशेषिक, २) सांख्य-योग, र ३) मीमांसा-वेदान्त ।

**छोरी – यी मतहरूका प्रवर्तकका नाम के हुन् ?**

**बाबु** – छन् । न्यायका प्रवर्तक गौतम्, वैशेषिकका कणाद, सांख्यका कपिल, योगका पतञ्जलि, मीमांसाका जैमिनि तथा वेदान्तका बादरायण हुन् ।

**छोरी – प्रत्येक दर्शनमा के के छ ?**

**बाबु** – प्रत्येक दर्शनमा कतिपय सूत्रहरू रहेका छन् र यी सूत्रहरूमा ती दर्शनका प्रवर्तकले आफ्ना सिद्धान्त र तर्क प्रस्तुत गरेका छन् । यिनमा पछि गरिएका आधिकारिक व्याख्याहरू पनि सम्मिलित छन् । अनि, मूल व्याख्याहरूका भाष्य, तथा टीकाहरू पनि छन् ।

**छोरी – के यी ६ ओटै दर्शन समानरूपले प्रामाणिक छन् ?**

**बाबु** – प्रत्येक दर्शनका आफ्ना दिन थिए । उपनिषद्हरूबाट निस्केका सबैभन्दा सन्तोषजनक दर्शनपद्धतिको रूपमा अब त मैदानमा वेदान्त नै कायम रहेको छ ।

**छोरी – वेदान्तलाई अरूभन्दा बढी सन्तोषजनक किन मानिन्छ ?**

बाबु - वेदान्तलाई अरूभन्दा बढी सन्तोषजनक मानिने तीन कारणहरू छन् । पहिलो, यसले व्यक्तिको तर्कलाई वेदमा प्रकाश गरिएका कुराहरूभन्दा तल्लो स्थानमा राखेको छ । दोस्रो, वेदका विभिन्न भागका तुलनात्मक महत्वका बारेमा यसका धारणाहरू ठीक छन् । तेस्रो, धार्मिक व्यक्तिका मनलाई पिरोली रहने कठिन प्रश्नहरूका यसले सबभन्दा बढी सन्तोषजनक उत्तरहरू दिएको छ ।

छोरी - **के व्यक्तिको तर्कलाई सधैं वेदमा प्रकाश गरिएका कुराहरूको अधीन राख्नु पर्छ ?**

बाबु - पर्छ । किनभने प्रत्येक व्यक्तिले आफ्नै तर्कको अनुसरण गर्न थाल्यो भने अराजकताको स्थिति आउने छ र कुनै पनि संगठित धर्म अन्ततः टिक्ने छैन । यसबाहेक, प्रत्यक्षबोध (Perception) र अनुमान (Inference) मा आधारित मानवीय ज्ञानको संयन्त्र हामीलाई समय र स्थान (Time and space) को जगत्‌लाई बुझ्नमा मात्र उपयोगी हुन्छ । तर ईश्वर जो यिनीहरू सबै भन्दा माथि छ, त्यसलाई जान्न त हामीले इन्द्रिय र तर्कबाट प्राप्त ज्ञान वा प्रमाणमा अन्य केही प्रमाण समेत थप्नु पर्ने हुन्छ । र यो हो 'शब्द' अर्थात् वेदको प्रमाण । यस प्रकार, धर्मका सम्बन्धमा तीन मुख्य प्रमाणहरू छन् - प्रत्यक्षबोध (perception), अनुमान (inference) र शास्त्र-वचन (scripture) । प्रमाणको रूपमा वेद अवैयक्तिक, स्वतन्त्र र शाश्वत छ । तसर्थ मानवको तर्कलाई यसको अधीनस्थ राख्नु पर्दछ । लौकिक ज्ञानका हाम्रा मुख्य साधन प्रत्यक्षबोध र अनुमान यहाँ गौण हुन्छन् । तिनीहरूको काम वेदद्वारा प्रकाशित कुराहरूलाई बढी स्पष्ट पार्नु मात्र हुन्छ ।

छोरी - **त्यसो भए के वेदहरू हाम्रा व्यक्तिगत अनुभूतिमाथि जथाभावी थोपरिएका प्रमाण हुन् त ?**

बाबु - होइनन् । शंकराचार्यका महान् शब्दमा, वेदले शिक्षा दिएको ब्रह्मज्ञानले हाम्रो व्यक्तिगत आध्यात्मिक अनुभूतिद्वारा मात्र पूर्णता प्राप्त गर्दछ । हाम्रा अनुभूति चाहिँ वेदका प्रमाण अनुकूल रहेसम्म मात्र मान्य हुन्छन् । हिन्दु धार्मिक विश्वासको अन्तिम आधार कुनै धार्मिक परम्परा अथवा कुनै ऐतिहासिक तथ्य अथवा कुनै व्यक्तिले भनेका कुराहरू होइनन् । त्यसको आधार त अनुभूतिका

कुराहरू हुन् जसको यथार्थता आवश्यक अनुशासन पालन गर्ने कुनै पनि व्यक्तिले यकीन गर्न सक्दछ ।

**छोरी – अरू पाँच दार्शनिक मतहरूले प्रत्यक्षबोध, अनुमान र शास्त्रवचनको प्रमाणलाई प्रयोग गर्दैनन् ?**

**बाबु –** गर्छन् । तर तिनीहरुले सिद्धान्ततः वेदको सर्वोच्च प्रामाणिकतालाई स्वीकार गरे तापनि तिनीहरूका धेरै मत वेदका उपदेशहरूका बिलकुल विपरीत छन् । मीमांसा मत चाहिँ धर्मशास्त्रहरूका प्रमाणलाई सर्वोच्च मान्ने कुरामा अरूभन्दा धेरै अगाडि छ, तर वेदका विभिन्न भागका तुलनात्मक महत्वका बारेमा यसको धारणा ठीक छैन । तसर्थ यसलाई वेदान्तले उछिनेको छ ।

**छोरी – वेदका विभिन्न भाग भनेका के हुन् र तिनीहरूको तुलनात्मक महत्व भनेको के हो ?**

**बाबु –** वेदमा मन्त्रहरू, ब्राहमणहरू, आरण्यकहरू र उपनिषदहरू रहेका छन् भनी हामीले चर्चा गरिसक्यौं तर विषयवस्तुका आधारमा अर्को विभाजन पनि छ । त्यो होः १) कर्मकाण्ड, २) उपासनाकाण्ड, र ३) ज्ञानकाण्ड । कर्मकाण्डमा आचार व्यवहारका विधिविधान, उपासनाकाण्डमा परमेश्वरको पूजा सम्बन्धी कुराहरू तथा ज्ञानकाण्डमा सर्वोच्च ज्ञानसम्बन्धी कुराहरू छन् । मीमांसा मत अनुसार वेद सम्पूर्ण रुपमा कर्मकाण्ड हो र अन्य दुई भाग यसका सहायक मात्र हुन् । यस मतलाई वेदान्तले अस्वीकार गर्दछ । वेदान्त मत अनुसार ज्ञानकाण्ड नै सबभन्दा बढी महत्वपूर्ण हो र अन्य दुइ यसका सहायक मात्र हुन् । यो मत उचित पनि छ । प्रमाणहरूको अपेक्षाकृत महत्व तथा वेदले दिने शिक्षा सम्बन्धी ठीक धारणाहरूले गर्दा वेदान्त दर्शनले अरू दर्शनलाई उछिनेको हो, र यसको वर्चस्व अझै कायम छ ।

**छोरी – बुवा हजुरले वर्णन गर्नुभएका सबै धर्मशास्त्रहरू हिन्दुधर्मका स्रोत हुन् ?**

**बाबु –** हुन् । वेद मूल स्रोत हो । हिन्दु संस्कृतिको यो मुहान हो । यसका कर्मकाण्ड र तपहरूबाट कर्ममीमांसाको उत्पत्ति भयो । यस्का उपसनाहरूबाट भक्तिमार्गको उत्पत्ति भयो, र यसका दार्शनिक चिन्तनहरूबाट वेदान्तको उत्पत्ति भयो । यसका तात्विक विवेचनाहरूबाट न्यायिक तर्कशास्त्रको उत्पत्ति भयो ।

सृष्टिबारेको यसका वर्णनबाट सांख्यको उत्पत्ति भयो । धार्मिक परमानन्द सम्बन्धी यसका वर्णनबाट योगको उत्पत्ति भयो । यसका विश्व ब्रह्माण्ड सम्बन्धी नियम 'ऋत्'को धारणाबाट कर्मसम्बन्धी नैतिक नियमको उत्पत्ति भयो । यसका राजा र ऋषिहरू, इतिहास र पुराणका प्रारंभविन्दु हुन् । यसले समय समयमा गरेका बलिप्रथाको विरोधबाट बौद्ध र जैन धर्मको उदय भयो पनि हामी भन्न सक्छौं । यस प्रकार, हाम्रा अन्य गौण धर्मशास्त्रहरू अर्थात् स्मृतिहरू,इतिहासहरू, पुराणहरू, आगमहरू, र दर्शनहरूले वेदका कुनै न कुनै पक्षलाई विकसित गरेका छन् ।

छोरी – **बुवा, हजुरले जुन क्रममा यी धर्मशास्त्रको वर्णन गर्नुभयो, के त्यो ऐतिहासिक क्रम हो ?**

**बाबु** – ऐतिहासिक क्रम नै भने पनि हुन्छ यद्यपि केही धर्मशास्त्रका काल एक अर्कासंग निकै खप्टिएका छन् ।

छोरी – **यदि वेद नै हाम्रो मुख्य धर्मशास्त्र हो भने अरू गौण शास्त्रहरूको वास्ता नगरी सोझै वेदतिर किन नलाग्ने ?**

**बाबु** – वेद सुनको खानी जस्तै हो र त्यस पछिका अरू धर्मशास्त्रहरू विभिन्न युगका सुनका मुद्रा (सिक्का) जस्तै हुन् । आफूलाई चाहिएको कुनै कुरा किन्नु पर्‍यो भने तिमीसंग तयारी मुद्रा नै हुनु पर्छ, खानीबाट ल्याएको सुन मिसिएको ढुंगाले काम चल्दैन । देशमा चल्तीमा रहेका सुनका सबै मुद्राहरू अन्ततोगत्वा खानीबाटै आएका हुन् भन्ने कुरामा शंका छैन । तर तुरून्त उपयोगमा ल्याउन सकिने हुनका लागि यिनले विभिन्न प्रकृयाहरू पूरा गरेको हुनु पर्छ । कच्चा धातुलाई पगालेर त्यसबाट मिसावटहरू झिकेर सफा र शुद्ध पारिएको हुनु पर्छ, अनि साँचोमा ढाली त्यसमा छाप लगाएको हुनु पर्छ । त्यसै गरी, वेदका सुनौला सत्यहरू पनि युगौंयुगको बुद्धिद्वारा खारिएका छन् र पछिका धर्मशास्त्रहरूमा उपयोगी रूपमा हाम्रा समक्ष प्रस्तुत गरिएका छन् । त्यसैले म तिमीलाई उपनिषद्भन्दा बढी गीता पढ्न सिफारिश गर्दछु ।

छोरी – **बुवा, हाम्रा यति धेरै आचारसंहिताहरू छन्, यति धेरै साम्प्रदायिक धर्मशास्त्रहरू छन्, यति धेरै दार्शनिक मतहरू छन्, हामी कसरी एउटा निश्चित एकरूप (homogeneous) धर्ममा पुग्न सक्छौं ?**

**बाबु –** छोरी, भारत धार्मिक प्रयोगको भूमि हो, र हिन्दुधर्म एक सरल एकरूप धर्म होइन । वास्तवमा हिन्दुधर्म, धर्महरूको एक संघलाई दिइएको नाम हो भने पनि हुन्छ । यसको व्यापक र सहिष्णु घेराभित्र हामी उच्चतमदेखि निम्नतम प्रकारका धर्महरू पाउछौं किनभने यसले सबै व्यक्तिलाई एउटै लिकमा चल्न बाध्य गर्दैन । यसले हाम्रो समाजमा विभिन्न स्तरका संस्कृतिहरू रहेका कुरालाई स्पष्ट रूपले स्वीकार गर्दछ ।

छोरी – **तर के यी सबै धर्महरूका समान उद्देश्य छन् ?**

**बाबु –** छन् । तिनीहरूको स्रोत समान भए जस्तै तिनीहरूको उद्देश्य पनि समान छन् । तिनीहरूको उद्देश्य मानिसलाई ईश्वर जस्तै पूर्णात्मा बनाउनु हो । यस उद्देश्यलाई ध्यानमा राखी उनीहरूले प्रत्येक व्यक्तिलाई आफूभित्र रहेको ईश्वरको अनुभूति गर्न समर्थ गराउँने राजनैतिक र सामाजिक संस्थाहरूको निर्माण गर्ने प्रयत्न गरेका छन् । तिनीहरूले मानवको कल्पनाशक्तिलाई जागृत गर्दछन्, उसको बुद्धिलाई तिखो पार्दछन्, उसको चरित्र निर्माण गर्दछन् र उसलाई उत्थानको बाटो देखाउने अभिभारा लिन्छन् । हिन्दुधर्मशास्त्रहरू लाई मान्ने र तिनीहरूले बताएको अनुशासनका नियम पालन गर्नेहरू अन्ततोगत्वा अवश्यमेव पूर्ण, मुक्त र ईश्वर जस्तै परमात्मा बन्छन् । यसैलाई हामी मोक्ष भन्दछौं ।

छोरी – **के हिन्दुधर्म यस लक्ष्यमा पुग्ने एक मात्र बाटो हो ? के अरू सब धर्महरू झुट्ठा छन् ?**

**बाबु –** हामी हिन्दूहरू कुनै धर्म झुठो हो भन्नुलाई पाप भन्ठान्छौं । गीताको अवतार (श्री कृष्ण)ले भनेका छन् –

*"मानिसहरूले जुनसुकै तरीकाले मेरो उपासना गरे पनि म त्यसलाई स्वीकार गर्छु किनभने उनीहरूले जुनसुकै बाटो रोजे पनि त्यसले, हे अर्जुन, उनीहरूलाई मैंकहाँ पुऱ्याउँछ ।"*

तसर्थ हिन्दुधर्म सब धर्महरूभन्दा बढी व्यापक र सहिष्णु छ । ज्ञानको एकाधिकार आफूसँग मात्र छ भनी यसले कहिल्यै दावी गर्दैन । यसको आधिकारिकता, निरन्तरताको सिद्धान्तबाट आउँछ, विभेदको सिद्धान्तबाट होइन । यसले जोडदार प्रचार कहिले गर्दैन र करकापबाट धर्मपरिवर्तन पनि गराँउदैन । यसले आफ्नो स्थितिलाई स्पष्ट पार्छ र इच्छुक अनुयायीहरूलाई

आत्मासात गर्दछ । तर अरू धर्मलाई झुटो वा खराब भन्दैन । हाम्रो एक लघु उपनिषद्ले भनेको छ -

*"गाईका अनेक रंग हुन्छन् तर तिनीहरूले दिने दुध सबै सेतो हुन्छ । गुरूहरूलाई गाई भन्ठान र ज्ञानलाइ दुध"।*

यस प्रकार, सहिष्णुता हाम्रो एक नीति मात्र होइन, यो हाम्रो आस्थाको एक आधार पनि हो । हामी सारा संसारलाई एक संयुक्त परिवारका रूपमा हेर्दछौं । हामी खुल्ला मनले मुसलमानहरू, क्रिश्चियनहरू, यहुदीहरू र पारसीहरू सबैलाई दाजुभाइका रूपमा स्वागत गर्दछौं । हामी उनीहरूका धर्मशास्त्रहरूलाई पनि आफ्नै धर्मशास्त्र जस्तै आदरपूर्वक पढ्छौं र उनीहरूका सिद्धहरूलाई आदरपूर्वक अभिवादन गर्दछौं । बुद्ध र जैनहरूचाँहि त हाम्रा आफ्नै हाडमासुनै भइहाले ।

परिच्छेद-२

# पहिलो आरोहण

## १

## धर्मको अर्थ - कर्मकाण्डको उपयोगिता - नैतिकगुणहरूको आर्जन

**छोरी - अब हाम्रो छलफल फेरि शुरू गरौं ।**

**बाबु -** हुन्छ, छोरी । सर्वप्रथम त तिमीले अहिलेसम्म के के सिक्यौं त्यो सुनौं ।

**छोरी - यसभन्दा अघि हजुरले मलाई हिन्दुधर्मका प्रमाणका बारेमा बताउनुभएको थियो । हिन्दुधर्मको मूल स्रोत श्रुति अर्थात् वेद हो र स्मृति, इतिहास, पुराण, आगम र दर्शनहरू यसका गौण स्रोत हुन्, तथा यी गौण स्रोतहरूको उद्देश्य, वेदमा रहेका सिद्धान्तहरूलाई विकसित गर्नु, दृष्टान्तद्वारा स्पष्ट पार्नु र आफ्ना शिक्षणमा समावेश गर्नु हो भनी बताउनुभएको थियो । मूल स्रोत सदासर्वदा उही रहिरहन्छ, र गौण स्रोतहरू चाहिं युगअनुसार बदलिरहन्छन्; हिन्दुधर्मशास्त्रहरूको लक्ष्य मानिसलाई परमात्मा जस्तै पूर्ण बनाउनु तथा उसलाई यस लक्ष्यमा पुग्न सहायक हुने संस्थाहरूको विकास गर्नु हो पनि हजुरले भन्नुभएको थियो । तसर्थ हिन्दुधर्म अनुसार यस पृथ्वीमा मानिसको जीवनलाई परमेश्वरीय पूर्णताप्राप्तितर्फको यात्रा संझनु पर्छ होला, होइन ?**

**बाबु -** हो । मेरो विचारमा, यस कुरामा संसारका सबै महान् धर्महरू एकमत छन् । हामीले सधै के याद राख्नुपर्छ भने जीवनको लक्ष्य परमेश्वरीय-पूर्णता प्राप्त गर्नु वा परमात्मासंग एक हुनु हो । हाम्रा सबै नियमहरू, आचारसंहिताहरू तथा उपासनाविधिहरूको महत्व यसै अन्तिम लक्ष्यलाई दृष्टिमा राखेर भएको हो ।

**छोरी - यस लक्ष्यतर्फ लैजाने बाटोका बारेमा अरू थाहा पाउन मन छ । यस मार्गमा यात्रा प्रारंभ गर्न चाहने व्यक्तिले सबभन्दा पहिले के गर्नुपर्छ ?**

**बाबु -** सब भन्दा पहिले उसले कुकर्मबाट टाढा रहनु पर्दछ । गीताले भनेको छ - दुष्ट वा पापी मानिस कहिले पनि परमात्मा समक्ष पुग्न सक्दैन । एक उपनिषद्मा भनिएको छ -

*"जो दुष्टाचरणबाट विमुख भएको छैन, जसका इन्द्रियहरू वशमा छैनन्, जसको मन शान्त छैन, त्यस्तो व्यक्तिले केवल ज्ञानको भरमा ईश्वरलाई प्राप्त गर्न सक्दैन"* ।

तसर्थ, आफ्नो धर्मको आस्थापूर्वक पालन, हामीलाई उत्थान तर्फ लैजाने ईश्वर-प्राप्तिको बाटोमा पर्ने पहिलो आरोहण हो ।

छोरी - **धर्म के हो ?**

**बाबु** - हाम्रा धर्मशास्त्रमा 'धर्म' शब्द प्राविधिक तथा सामान्य दुवै अर्थमा प्रयोग भएको छ । प्राविधिक अर्थमा 'धर्म' भन्नाले हामीलाई आध्यात्मिक उत्थानतर्फ लैजाने सबै शास्त्रोक्त कर्महरू, गुणहरू तथा भगवदार्पण इत्यादिलाई जनाउँछ । सामान्य अर्थमा 'धर्म'मा ती सबै कर्तव्यहरू पर्दछन् जो व्यक्तिले, जीवनमा आफ्नो अवस्थिति तथा आफ्नो नैतिक र मानसिक स्तरअनुसार पालन गर्नु पर्ने हुन्छ । धर्मका यी दुवै अर्थहरू अत्यन्त निकटरूपले सम्वन्धित छन् । हाम्रा कर्तव्य र दायित्वहरूको महत्व तिनीहरूसंग गाँसिएका अदृश्य आध्यात्मिक मूल्यहरूले गर्दा भएको हो । ती आध्यात्मिक मूल्यहरू के हुन् भन्ने कुरा हामीलाई बोध गराउने काम चाहिँ धर्मशास्त्रहरूको हो ।

छोरी - **मानिसमाथि उसको अवस्थितिअनुसार आइपर्ने कर्तव्य नै धर्म हो भन्नुको तात्पर्य के हो ?**

**बाबु** - धर्मले विभिन्न व्यक्तिका सन्दर्भमा विभिन्न रूप लिएको हुन्छ । मानिसको कर्तव्य जीवनमा उसको अवस्थिति अनुसार भिन्दा-भिन्दै हुन्छ । उदाहरणार्थ- एक सैनिकको कर्तव्य एक डाक्टरको भन्दा भिन्न हुन्छ । एउटाले ज्यान लिन्छ भने अर्कोले ज्यान बचाउँछ । यसै गरी एक शिक्षकको कर्तव्य एक विद्यार्थीको कर्तव्यभन्दा फरक हुन्छ, र एक बाबुको कर्तव्य छोराको कर्तव्य भन्दा फरक हुन्छ इत्यादि । समाजका सबै सदस्यहरूले आ-आफ्ना कर्तव्य सहयोग र सद्भावनापूर्वक पालन गरेमा मात्र सम्पूर्ण समाजको हित सुरक्षित हुन्छ । आफ्नै विरुद्ध विभाजित घर नष्ट हुन्छ । यस प्रकार, धर्मले सामाजिक मेल र सुख ल्याउँछ भने अधर्मले सामाजिक कलह र दुःख । हाम्रा धर्मशास्त्रहरूले भनेका छन्- **"धारणात् धर्मः"**-अर्थात् धर्मले समाजलाई अड्याउने हुनाले यसलाई धर्म भनिएको हो ।

**छोरी – मानिसको धर्म, जीवनमा उसको अवस्थिति माथि मात्र होइन उसको मानसिक र नैतिक विकासको स्तरमाथि पनि निर्भर गर्दछ भनि अघि हजुरले भन्नुभयो । यसको तात्पर्य के हो ?**

**बाबु** – यसको मतलब एउटा दृष्टान्तद्वारा म स्पष्ट पार्ने छु । बुद्धको कुरा लिऊँ । एक राजकुमारको हैसियतले उनको कर्तव्य आफ्नो राज्यमा वसी शासनकला र युद्धकौशल सिक्नु थियो । तर, उनको अन्तरात्माले उनलाई संसारवाट संन्यास लिएर मानिसको दुःखका कारण पत्ता लगाउने उच्चतर कर्तव्य पालन गर्ने प्रेरणा दिएकोले उनले त्यसै गर्नु पऱ्यो । त्यसो नगरेको भए उनी आफ्ना अन्तरात्मामा उदाएको प्रकाश प्रति झूठो भई पापका भागी हुने थिए । यसप्रकार, बुद्धका लागि उनमा ज्ञानको प्रकाश हुनु अघि जुन कुरा धर्म थियो त्यही कुरा ज्ञानको प्रकाश पछि अर्धम भयो ।

**छोरी – त्यसो भए मानिसको सच्चरित्रता उसको बाहिरी कामहरूबाट होइन उसको आन्तरिक भावनाबाट निर्धारित हुन्छ त ?**

**बाबु** – हो, छोरी । हाम्रा धर्मशास्त्रहरूले धेरै जसो के भनेका छन् भने आन्तरिक शुद्धि बाहिरी धार्मिक कृत्यहरूभन्दा वढी श्रेष्ठ, तथा नैतिकतापूर्ण चित्तवृत्ति वाहिरी सदाचार भन्दा वढी महत्वपूर्ण छ । नियमहरूको औपचारिक पालन तथा कर्मकाण्डको सम्पादनमा जोडदिने हाम्रा पहिले पहिलेका स्मृतिकारहरूले समेत कर्मकाण्डको पवित्रता मात्र भन्दा नैतिक उत्कृष्टता धेरै वढी महत्वपूर्ण छ भनेका छन् । गौतमले पनि भनेका छन्–*"चालीस धार्मिक संस्कारहरूबाट चोखिए तापनि कुनै मानिसमा आठ असल गुणहरू छैनन् भने त्यो मानिस 'सत्' संग एक हुन सक्दैन तथा स्वर्ग पनि पुग्दैन ।"* जीवनका विभिन्न अवस्था, जस्तै जन्म, बाल्यकाल, युवावस्था, बृद्धावस्था तथा मृत्युका अवसरमा गरिने संस्कारहरू तथा करुणा, संयम इत्यादि नैतिक गुणहरूका वीचको फरक तिमीले याद राख्नु पर्छ । हाम्रा स्मृतिकारहरूले विभिन्न प्रकारका पापहरूका लागि गर्नु पर्ने प्रायश्चित्तका सूचीमा मनका पाप तथा वचन र कर्मका पापहरूका वीच पनि फरक गरेका छन्, तर मनका पापका लागि समेत वचन र कर्मको पापका लागि जत्तिकै सजायँ तोकेका छन् ।

**छोरी – बुवा, हजुरले भन्नु भएजस्तै यदि नैतिक उत्कृष्टता, कर्मकाण्डको पवित्रता भन्दा बढी महत्वपूर्ण छ भने कर्मकाण्डको उपयोगिता के रह्यो त ?**

**बाबु** – संस्कारहरू र कर्मकाण्डहरूको महत्व तिनीहरूले हामीलाई प्रदान गर्ने तालीमले गर्दा भएको हो । नैतिक गुणहरूको विकास गर्ने क्रमका ती प्रारूप हुन् । तिनीहरू स्वयं साध्य नभई साधन मात्र हुन् ।

छोरी – **साध्य के हो त ?**

**बाबु** – साध्य हो आत्मशुद्धि । गीतामा भनिएको छ – *"यज्ञ, दान र तपले बुद्धिमानलाई शुद्ध पार्दछन्"* । कर्मकाण्डहरू नैतिक उत्थानको मार्गमा प्रारंभिक पाइलाहरू हुन् । तिनीहरूले हामीलाई नियमहरूको संझना गराउँछन् । तिनलाई निरूद्देश्य रूपमा होइन जीवनको लक्ष्यलाई ध्यानमा राखेर गर्नु पर्छ भनिएको छ । तिनीहरूको उद्देश्य मानिसहरूलाई सदाचार तर्फ लैजानु हो ।

छोरी – **कर्मकाण्डहरूले नैतिक जीवन तर्फ कसरी लैजान्छन् ?**

**बाबु** – केवल स्मरणात्मक वा सांकेतिक बाहेक अन्य सबै कर्मकाण्डहरू, नैतिक गुणहरूको विकासलाई दृष्टिमा राखी, गरिन्छन् । उदाहरणका लागि, देवताहरूका लागि गरिएको अर्पण पनि एक धार्मिक कृत्य हो, यसले आत्म-उत्सर्गको भावना जगाउँछ । शिक्षा दिनुलाई पनि धार्मिक कृत्य भनिएको छ, यसले दानको भावना जगाउँछ जो एक पुण्य हो । व्रत पनि एक धार्मिक कृत्य हो र यसले अर्को नैतिक गुण आत्मसंयम तर्फ डोऱ्याउँछ । यसै गरी सबै गृहस्थहरूले प्रतिदिन देवताहरू, ऋषिहरू, पितृहरू, मानिसहरू र अन्य प्राणीहरूप्रति गर्नपर्ने भनिएको अर्पण, हामीमा देवताहरूप्रति भक्ति, विद्याप्रति निष्ठा, परिवार प्रति अनुराग, समाजप्रति आस्था र पशुपक्षीप्रति दयाको भावना जगाउनका लागि तोकिएका हुन् । तर, धार्मिक अनुष्ठानहरूलाई नै साध्य ठानेर अथवा तिनीहरूबाट नैतिक गुणहरूको विकास वा आत्मशुद्धि नहुने गरी गरियो भने ती अनुष्ठानहरू आत्माको विकासलाई अवरूद्ध पार्ने निर्जीव काठका टुटा जस्तै बन्छन् ।

छोरी – **हिन्दुधर्मका मुख्य मुख्य कर्मकाण्ड वा अनुष्ठानहरू के के हुन् ?**

**बाबु** – ती विभिन्न समुदाय र स्थानअनुसार भिन्न भिन्न हुन्छन् । तसर्थ अहिले यस सम्बन्धी विस्तृत विवरण पट्टी न लागौं । अहिले हामी सामान्य सिद्धान्त माथि विचार गरिरहेका छौं ।

**छोरी – धार्मिक कृत्य र अनुष्ठानहरूले नैतिक गुणहरूको विकास तर्फ लैजान्छन् भन्नु भयो तर नैतिक गुणहरूले जीवनको लक्ष्यमा पुग्न कसरी मद्दत गर्दछन् ?**

**बाबु –** नैतिक जीवनले आत्मालाई शुद्ध र बलियो बनाउँछ । परमात्मा शाश्वत र पूर्ण छ । परमात्मा तर्फ अग्रसर हुन आत्मा स्वयं पनि शुद्ध हुनु पर्दछ । हामीले अघि भनिसक्यौं, मानिसको जीवनको लक्ष्य परमात्मा-प्राप्ति हो । हाम्रा सबै धार्मिक गतिविधिहरू यसै लक्ष्यलाई ध्यानमा राखी निर्देशित हुनुपर्दछन् । तसर्थ आत्माको उत्थान गर्ने मार्गमा पहिलो आरोहणमा हो नैतिक शुद्धताको प्राप्ति । नयाँ दुलहीले दुलाहासंग भेट गर्न जाँदा फूल र गहनाहरूले आफ्नो सिंगार गर्नु पर्छ । नैतिक गुणहरू आत्माका गहना हुन् ।

## २

## आधारभूत नैतिक गुणहरू – सत्वशुद्धि, आत्मसंयम, अनासक्ति, सत्य र अहिंसा

**छोरी – हामीले अनुसरण गर्नुपर्ने गुणहरू के के हुन् ?**

**बाबु –** प्रत्येक धर्मको घेराभित्र मानिसले थाहा पाएका यावत् नैतिक गुणहरू पर्छन् । तर प्रत्येक धर्मले केही मात्र मूल गुणहरू माथि जोड दिएको हुन्छ र अरू बाँकी गुणहरूलाई ती मूल गुणहरूमध्येका कुनै एक अन्तर्गत राखेको पाइन्छ । विभिन्न धर्मले जोड दिएको मूल गुणहरूले नै सो धर्मको रूप निश्चित गर्दछन् ।

**छोरी – हिन्दुधर्म अनुसारका मूल गुणहरू के के हुन् ?**

**बाबु –** हिन्दुधर्म अनुसारका मूल गुणहरू हाम्रा महाकाव्य र पुराणहरूमा राम्रारी बताइएका छन् । ती गुणहरू, हिन्दुहरूले प्रेम र श्रद्धा गर्ने आर्दश पात्रहरूमा मूर्तरूपमा पाइन्छन् । यी गुणहरूलाई हिन्दु, बौद्ध र जैन धर्महरूले सामानरूपले जोड दिएका छन् । तसर्थ यिनीहरूलाई हिन्दु धार्मिक भावनाका विशिष्ट लक्षणहरू मान्न सकिन्छ । यी गुणहरू हुन्- १) पवित्रता (सत्वशुद्धि), २) आत्मसंयम (शम र दम) ३) अनासक्ति (वैराग्य), ४) सत्य, र ५) अहिंसा ।

**छोरी – यी प्रत्येक गुणले के इंगित गर्दछन्, सो पनि मलाई कृपापूर्वक बताइदिनु होस् । पवित्रता भनेको के हो ?**

**बाबु** - पवित्रताले शरीर र मन दुवैको शुद्धि जनाउँछ । हिन्दुधर्मशास्त्रहरूद्वार निर्दिष्ट समस्त सरसफाई, शुद्धिका क्रियाहरू, तथा खानपीनका सम्बन्धम रहेका विस्तृत नियमहरूको संकेत मन र आत्माको शुद्धितर्फ रहेको छ ।

**छोरी - खानपीनको सम्बन्धमा नियमको आवश्यकतानै किन पऱ्यो ? यिनसंग धर्मको के सम्बन्ध छ ?**

**बाबु** - छोरी, धर्म भनेको जीवनको एउटा छुट्टै गतिविधि होइन । यसको प्रभाव त हाम्रा जीवनका समस्त गतिविधिहरूमा व्याप्त हुनुपर्दछ । हाम्रो लक्ष्य आत्मालाई ईश्वरमा पूर्ण (Perfect in God) बनाउनु छ भने आत्माको विकासमा अवरोध पार्ने सबै कुराहरूबाट हामी बच्नु पर्दछ । आत्माको भौतिक आधार अर्थात् शरीरलाई आडभर दिने हाम्रा खानपीन त्यति महत्वहीन छैनन् जति तिमीले ठानेकी छौ । उदाहरणका लागि - धार्मिक दृष्टिबाट, कुनै मानिस पानी पिउँछ वा रक्सी भन्ने कुरा बेवास्ताको विषय हुन सक्दैन । तसर्थ, यस्ता कुराहरूमा जनसाधारणका लागि केही सीमाभित्र रही सामान्य नियमहरू हुनु आवश्यक हुन्छ । हिन्दुधर्म बलियो रहेको समयमा रक्सी खाने प्रचलनलाई भारतमा दृढतापूर्वक नरोकिएको भए यहाँ पनि पश्चिमी देशहरूमा जस्तै प्रतिष्ठित व्यक्तिहरू समेत कहिले काँही मत्त अवस्थामा पाइने लज्जास्पद दृश्य देखिन्थ्यो होला । हाम्रो जनसाधारणमा देखिएको मद्यपान समस्याले पश्चिमी देशहरूसंग हाम्रो सम्पर्क भएपछि गंभीर रूप धारण गरेको हो । हिन्दु सभ्यताको जल्दोबल्दो समयमा मद्यपानलाई अधोगतितर्फ लैजाने बानी ठानिन्थ्यो र तल्लोतहका व्यक्तिहरूमात्र यसमा आसक्त रहन्थे ।

**छोरी - त्यसो भए खानपीनको शुद्धताका सम्बन्धमा नियमहरू छन् त ?**

**बाबु** - खानपीन सम्बन्धी सामान्य नियमहरू गीताका निम्नलिखित श्लोकहरूमा पाइन्छन्-

- *"आयु, बुद्धि, बल, आरोग्य, सुख र प्रीति बढाउने, रसयुक्त, स्निग्ध, स्थिर रहने तथा स्वभावले नै मनलाई प्रिय हुने आहार सात्विक व्यक्तिलाई मनपर्छ ।"*
- *"तीतो, अमिलो, नूनिलो, अति पिरो, तीक्ष्ण, रूक्खा, जलन गराउने, दुःख, चिन्ता र रोग ल्याउने आहार राजस व्यक्तिलाई मनपर्छ ।"*
- *"आधापकेको, रसरहित, दुर्गन्धयुक्त, बासी, उच्छिष्ट र अपवित्र समेत भएको भोजन तामस व्यक्तिलाई मन पर्छ ।"*

**छोरी – तर बुवा, खानपान, स्नान, शुद्धि इत्यादि सम्बन्धी कडा नियमहरूले धर्मलाई एक यन्त्रवत् कुरा बनाउँदैन ?**

**बाबु** – अवश्य बनाउँछ यदि मानिसले आफूलाई बाहिरी शुद्धिमा मात्र सीमित राख्न थाले भने । तर हिन्दू ऋषिमुनिहरूले जोड दिएर के भनेका छन् भने बाहिरी र शारीरिक शुद्धि, आन्तरिक र आत्मशुद्धिको लागि हो । चित्तशुद्धि विनाको शारीरिक शुद्धि व्यर्थ भन्दा पनि निकृष्ट हुन्छ – सिँगारिएको लाश जस्तै ।

**छोरी – आन्तरिक शुद्धि भनेको कतिपय नैतिक गुणहरूनै हुन्, होइन त ?**

**बाबु** – मैले अघि भनिसकें–प्रत्येक मुख्य नैतिक गुणभित्र कैयौं अन्य त्यस्तै प्रकारका गुणहरू पनि पर्दछन् । सत्वशुद्धि भित्र स्वच्छता, निष्कपटता, स्पष्टवादिता, निर्दोषिता तथा इर्ष्या, अहंकार र द्वेषको अभाव पनि पर्दछन् ।

**छोरी – हजुरले बताउनु भएको दोस्रो मूल गुण थियो – आत्मसंयम अर्थात शम दम । यसमा के के पर्दछन् ?**

**बाबु** – आत्मसंयम भनेको विषयेन्द्रियहरू तथा मन माथिको नियन्त्रण हो । हामीले शरीर र मन दुवैको पापलाई निर्मूल पार्नु पर्छ । मनका पापहरू शरीरका पापभन्दा बढी सूक्ष्म हुन्छन् । विषयलोलुपता, मद्यपान, खन्चुवापन इत्यादि पापका लक्षणहरू सहजै देख्न सकिन्छन् । यिनीहरूले मानिसहरूमाथि खुला रूपले आक्रमण गर्दछन् र यिनको पाशविक प्रकृति सजिलैसंग थाहा पाइन्छ । तर मनका पापहरूले गुणको आवरण ओढेर आक्रमण गर्दछन् । आडम्बर, अहंकार अंधानुशरण इत्यादिलाई पनि गुण भन्ठान्ने भूल सहजै गर्न सकिन्छ । साधारणतः सामान्य वर्गका मानिस इन्द्रियहरूको विषयलोलुपताको पापका शिकार हुन्छन् तथा उच्चवर्गका मानिस मनको पापका । आत्मसंयम भनेको शरीर र मन दुवै माथिको नियंत्रण हो । कामनाले इन्द्रिय, मन, बुद्धि सबैमा कसरी वास गरेको हुन्छ भनेर गीताले हामीलाई बताएको छ । तसर्थ शत्रुमाथि विजय प्राप्त गर्न उसका विरूद्ध यी तिनै क्षेत्रमा युद्ध गर्नु पर्छ ।

**छोरी – त्यसो भए आत्मसंयमभित्र पनि अन्य थुप्रै गुणहरू पर्दछन् ?**

**बाबु** – पर्छन् । यस भित्र पर्छन्–धैर्य, विनय, सहनशीलता, निरहंकार र आत्मत्याग । मैले बताएका दुइ मूल नैतिक गुणहरू – सत्वशुद्धि र शम दम

– प्राप्त गरेका मानिसलाई गीताको भाषामा विशुद्धात्मा तथा विजितात्मा, अर्थात् आफूलाई पवित्र पारेको तथा आफूमाथि विजय प्राप्त गरेको मानिस भन्दछन् ।

**छोरी – आफूमाथिको विजय भन्नु र संन्यास भन्नु एउटै हो ?**

**बाबु** – केही सीमा नाघे पछि आत्मविजयलाई संन्यास भन्दछन् । केही आलोचक भन्दछन् – हिन्दुधर्मले संन्यासलाई गौरवमय बनाएको छ तथा यसले आफ्ना अनुयायीहरू विषयभोगलाई पूर्णरूपले दमन गरुन् भन्ने चाहन्छ । यो भनाइ ठीक होइन । हिन्दुधर्म त बरू शरीरलाई धर्म गर्ने साधन मान्दछ । यसले विषयभोगको इच्छा र लालसालाई दमन गर्न होइन, उपयुक्त स्थानमा राख्न मात्र खोज्दछ । शरीरको मात्र स्यारसुसार गर्ने मानिस आत्माको जगत्मा प्रवेश पाउन योग्य हुँदैन । हिन्दुधर्मले मानव व्यक्तित्वका सबै तत्त्वहरू- शरीर, मन, बुद्धि र आत्माको विचार गरी, मानिसको जीवनका विभिन्न अवस्थाका लागि विभिन्न प्रकारका अनुशासन तोकेको छ । यसले विभिन्न आश्रमहरू – ब्रह्मचर्य (विद्यार्थी), गृहस्थ, वानप्रस्थ र संन्यासका लागि पनि नियमहरू निर्धारण गरेको छ । गृहस्थलाई धन आर्जन गर्न, आफ्ना उचित कामनाहरूको पूर्ति गर्न, सदाचरण गर्न, तथा मोक्ष–प्राप्तिका लागि प्रयत्नशील रहन निर्देश गरिएको छ । हिन्दुधर्मका यी चार प्रसिद्ध पुरुषार्थहरू- धर्म, अर्थ, काम, मोक्ष- ले एक पूर्ण जीवनको आदर्शतिर संकेत गर्दछन् । आत्मालाई विषयवासनाहरूबाट विस्तार विस्तारै क्रमिक रूपले मात्र छुटाउँदै जानु पर्ने हुन्छ । इन्द्रियहरूको पूर्ण निग्रहको लक्ष्यमा जीवनको अन्तिम चरणतिर मात्र पुग्नु पर्ने हुन्छ । यस प्रकार, आफूमाथिको विजयलाई स्वयं एक लक्ष्यको रूपमा होइन आत्मालाई विषयवासनाबाट मुक्त गराउने एक साधनको रूपमा महत्व दिइएको हो । साथै, संन्यास शब्दसंग हामीले तर्सिनु हुँदैन । बुद्धदेखि गान्धीसम्म भारतका सबै महान् विभूतिहरू संन्यासी थिए । र सबै हिन्दुहरू, आफू स्वयं सन्यासीको आदर्श पालन गर्न नसकेता पनि संन्यासका उत्साही प्रशंसक छन् ।

**छोरी – हजुरले भन्नु भएको तेस्रो मूल नैतिक गुण 'अनासक्ति' भनेको के हो ?**

**बाबु** – अनासक्ति भनेको आसक्ति वा सांसारिक बन्धनहरूबाट मुक्ति हो । प्रत्येक मानिसको आफनो धनसम्पत्ति, परिवार, मित्र, बन्धुबान्धव, तथा आफ्ना विचारहरू प्रति, र वास्तवमा आफनो भन्ने सबै कुराप्रति मोह वा आसक्ति हुन्छ । यस्तो मोह स्वभावतः जीवनको किशोर अवस्थामा बढी हुन्छ । अनुभव

भई नसकेका व्यक्तिहरूमा मृत्युको प्रथम संघातले यस्ता बन्धनहरूको क्षणिकताप्रति चेतना जागृत गराउँछ । विपत्तिहरूको मार परेपछि अनुशासनरहित व्यक्तिको संतुलन विग्रन्छ । कोही आफ्नो भाग्यलाई दोष दिन्छन् त कोही ईश्वरलाई । र कोही दुःखले विह्वल भएर बस्छन् । यस्तो किन हुन्छ भने उनीहरूले, आफ्नो यो जीवन कुन शर्तमा पायौं भन्ने विचार गरेका हुँदैनन्, र हामी सबै कालगतिका अधीन रहने जीव हौं भन्ने कुराको मनन गरेका हुँदैनन् । हामी र हाम्रा प्रेमका पात्रहरू, सागरको प्रवाहमा केहि समय संगै बगेर त्यसपछि सधैंका लागि छुट्टिने काठका टुक्राहरू जस्तै हौं । आफ्ना प्रेमकापात्रहरू हामीलाई आफ्ना आत्मालाई परिस्कृत गर्ने काममा उपयोग गर्नका लागि दिइएका हुन् । हामी प्रायः प्रत्येक दिन कृपणहरूलाई आफ्ना ठूलो धनराशिबाट, स्वेच्छाचारी शासकहरूलाई सत्ताको पदबाट र सबैलाई आफ्ना प्रिय र निकट व्यक्तिहरूबाट छुट्टिनु परेको देख्दछौं । कालले हाम्रा खुसियाली र आमोदप्रमोद सबै हरेर लैजान्छ । कमजोर मानिसहरू जीवनमा विपत्ति आई पर्दा रुन्छन् कराँउछन्, साहसीहरू तिनलाई धैर्य र संयमपूर्वक सहन गरी अगाडि बढ्छन् । तर, धर्मात्माहरू तिनको सामना कसरी गर्ने भन्ने जान्दछन् । जनकले आफ्नो राजधानीमा आगलागी हुँदा सो विपत्तिलाई धीरतापूर्वक सामना गरे, र भने - *"मिथिला जलिरहेको छ तर त्यसमा मेरो भन्ने कुनै पनि वस्तुको नाश भएको छैन"* । आफ्नो राज्यसंग यसरी सम्पूर्ण रूपले निर्लिप्त थिए ती आर्दश हिन्दु सम्राट ! परमपदको सुख प्राप्त गर्ने हो भने सांसारिक सबै बन्धनहरूलाई छाडी एउटै परमेश्वरसंग मात्र सम्बन्ध स्थापित गर्नु पर्दछ भनी गीताको प्रायः प्रत्येक पृष्ठमा भनिएको छ । 'संग' अर्थात् सांसारिक कुराहरूप्रतिको आसक्तिलाई योग (अर्थात् ईश्वरसंगको मिलन) द्वारा विस्थापित गर्दै जानु पर्दछ । सांसारिक आसक्ति हाम्रो सारा दुःखको स्रोत हो र योग परमानन्दको लक्षप्राप्तिको निश्चित साधन ।

**छोरी - बुवा, आफ्ना धनसम्पत्तिप्रति आसक्त नहुनु त गुण होला भन्ने कुरा म बुझ्न सक्छु, तर मैले के बुझ्न सकिन भने आफ्ना भाइ बहिनी, मित्र, बन्धुबान्धवमा आसक्ति नहुनु कसरी एक गुण हुनसक्छ ?**

**बाबु** - प्यारी छोरी, हाम्रा पवित्र पारिवारिक स्नेह बन्धनहरूपनि स्वयं साध्य होइनन् । उपनिषद्मा दिइएको एक प्रसिद्ध संवादमा याज्ञवल्क्यले आफ्नी पत्नी मैत्रेयीलाई भनेका छन् - *"साँच्चिकै प्रिये, पतिको प्रेमले गर्दा पति प्रिय भएको*

*होइन, आत्माको प्रेमले गर्दा पति प्रिय भएको हो । र साँच्चिनै प्रिये, पत्नीको प्रेमले गर्दा पत्नी प्रिय भएकी होइनन्, आत्माको प्रेमले गर्दा पत्नी प्रिय भएकी हुन्" ।* परिवार भित्र रही हाम्रा हृदयले सिकेको पवित्र प्रेम विस्तारै विस्तारै सबै प्रति विस्तार गर्दै जानु पर्दछ । संन्यासी भनेको प्रेमको भावना त्यागिसकेको व्यक्ति होइन, सबैमा प्रेम गर्ने र सारा संसारलाई आफ्नो परिवार संझने व्यक्ति हो । गीतामा भनिएको छ -

*"हे अर्जुन, जो अरूको सुख वा दुःख पनि आफ्नै सुख वा दुःख जस्तै देख्दछ त्यो मेरो विचारमा परमश्रेष्ठ योगी हो ।"*

जबसम्म हामी आफ्ना प्रियजनहरूलाई पूर्णको अंशको रूपमा देख्न सक्दैनौ तबसम्म हाम्रो प्रेम स्वार्थको टाटोबाट मुक्त हुन सक्दैन । मित्रहरू आउँछन् जान्छन् तर मित्रता सधैं रहिरहन्छ । मृत्युले हाम्रा प्रियजनलाई हामीसंग खोसेर लैजान सक्दछ, तर हाम्रा हृदयबाट प्रेमलाई लिएर जान सक्दैन । तसर्थ, म के भन्दछु भने मित्रताको भावना मित्रहरूभन्दा बढी सच्चा हुन्छ, र प्रेमका पात्रभन्दा प्रेम बढी वास्तविक हुन्छ । प्रेम, मैत्री, सहानुभूति र करूणा दैवी गुणहरु हुन् र यिनलाई हामीले आफ्ना हृदयमा जति बढी संचय गर्न सक्यौं त्यति नै हामी ईश्वरको निकट पुग्छौं । यी भावनाहरूलाई पोषण गर्नुको अर्थ यिनका पात्रहरू प्रति अन्धो आसक्ति राख्नु होइन । आफ्ना बन्धुबान्धव र मित्रहरूप्रति प्रेम गर्नु मानिसका लागि स्वाभाविक हो । तर प्रेमको यस्तो साघुँरो घेरालाई नाघी सबैप्रति प्रेमको भावना राख्नु दैवी गुण हो । हाम्रा धर्मशास्त्रहरू हाम्रा समक्ष मानवीय चरित्र मात्र होइन दैवी चरित्र पनि प्रस्तुत गर्दछन् । के रामले सीताप्रतिको आफ्नो प्रेममा केही अनासक्ति देखाएनन् ? के बुद्धले पनि यशोधरा र राहुलप्रतिको मानवीय प्रेमलाई पार गरेर, पछि उनीहरूलाई दैवी प्रेमको घेरामा लिएनन् ? तसर्थ, अनासक्तिको अर्थ प्रेमको त्याग गर्नु होइन, प्रेमलाई शुद्ध र व्यापक पार्नु हो ।

छोरी - **आफ्ना विचारहरू प्रति पनि अनासक्त रहनु पर्ने कुरा हजुरले गर्नु भएको थियो । त्यसको अर्थ के हो नि ?**

**बाबु** - धेरै मानिसहरू आफ्ना सम्पत्तिप्रतिको तथा आफना नातेदार र मित्रहरूप्रतिको आसक्ति माथि त विजय प्राप्त गर्छन् तर आफ्नै विचार र धारणाहरू प्रतिको आसक्तिलाई छाड्न सक्दैनन् । यो अत्यन्त सूक्ष्म रूपको





अहंकार हो । एक सच्चा योगी आफ्नै मनसंग पनि अनासक्त रहन प्रयत्नशील रहन्छ । आफ्नो मनभन्दा पनि माथि उठनु पर्छ भन्ने उसलाई थाहा हुन्छ । उसले, आफ्ना हृदयमा अत्यन्त प्रेमले संचय गरिराखेको कुरासंग पनि एकत्व स्थापित गर्नु हुँदैन । कुनै पनि प्रश्नका सबै पक्षहरूमाथि विचार गर्न उसले आफ्नै धारणाहरू प्रति पनि अनासक्त हुनु पर्दछ । उसको सरोकार सत्यसंग बाहेक अरू कुनै वस्तुसंग हुनु हुँदैन । र उसका विचारहरू उसको र सत्यका बीच आउन थाले भने उसले निःसंकोच तिनलाई एकातिर पन्छाइदिनु पर्दछ । प्रारंभदेखि नै अनासक्तिको बानी बसाल्यो भने यो काम कम दुःखदायी हुने छ ।

छोरी - **अब हामी अर्को मूल नैतिक गुण सत्यमा आइपुग्यौं । सत्यवादितालाई त सबै धर्महरूले, अत्यन्त पिछडिएका धर्महरूले समेत, जोड दिएका छन् ।**

**बाबु** - सबै हिन्दुधर्मशास्त्रहरूमा एकनासंग सत्यवादितालाई वीर तथा सन्त दुवै प्रकारका चरित्रहरूको आधार भनिएको छ । उदाहरणार्थ, महाभारतमा भीष्मले युधिष्ठिरलाई भन्दछन्-

*"हे राजन्, सत्यको महिमा वर्णन गरेर साध्य छैन । यसैकारण ब्राह्मण, पितृ, तथा देवताहरू सबैले सत्यको गुणगान गर्दछन् । सत्यभन्दा ठूलो अरू कुनै कर्तव्य छैन र असत्यभन्दा भयानक अरू कुनै पाप छैन । सत्य नै पुण्यको आधार हो । तसर्थ हामीले सत्यमा फेरबदल गर्न हुँदैन । कुनै बेला सत्यबाट पाइने फललाई एकातिर तथा एक हजार अश्वमेधयज्ञ अर्कोतिर राखेर जोख्दा एकहजार अश्वमेधयज्ञभन्दा सत्य नै बढी गरूङ्गो देखियो" ।*

उपर्युक्त उद्धरणमा भीष्मले कर्मकाण्डभन्दा नैतिकतालाई श्रेष्ठ देखाएको पाउँछौं । मैले तिमीलाई एउटा उदाहरण मात्र दिएँ । हाम्रा महाकाव्य र पुराणहरूबाट यस्ता हजारौं अन्य दृष्टान्तहरू दिन सकिन्छ । हरिश्चन्द्र, युधिष्ठिर दशरथ आदि राजाले आफ्ना वचन पूरा गर्नका निमित गरेका महान त्यागहरूबाट हिन्दु ऋषिमुनिहरूले सत्यलाई कति उच्च स्थान दिएका रहेछन भन्ने देखिन्छ । वास्तवमा हाम्रा धर्मशास्त्रहरूले सबै नैतिक गुणहरूलाई सत्यका नै विभिन्न रूपहरू भनेका छन् ।

छोरी - **त्यसो भए सत्य भनेको साँचो बोल्नु मात्र होइन रहेछ ।**

बाबु - ठीक भन्यौ । सत्य भनेको सही आचरण, न्यायोचित सामाजिक सम्बन्ध, तथा वास्तविक तत्त्वको ज्ञान पनि हो । मैले भनिसकें हिन्दुधर्म भनेको सत्यको

उत्तरोत्तर अगाडि बढ्दै जाने खोजी हो । यो, सही आचरण, न्यायपूर्ण व्यवहार तथा सही ज्ञानको खोजी हो, किनभने ईश्वर नै सत्य हो । ईश्वर नै सबै पुण्य, सौन्दर्य, न्याय र ज्ञानको स्रोत हो । यी शाश्वत मूल्यहरू हुन् । यिनका अस्थायी पक्षहरू मात्र हामी यस संसारमा देख्दछौं । तर पाप, असौन्दर्य, अन्याय र अज्ञान यी सब असत्यका रूप हुन् । यी, सत्व बिनाका छायाँ मात्र हुन् । तसर्थ 'सत्यम्' भन्नाले हाम्रो धर्मले हामीलाई सत्य बोल्न मात्र होइन सबै असल विचारहरूको, न्यायोचित पक्षको, ठीक कार्यहरूको र सुन्दर जीवनपद्धतिको उत्साहपूर्ण सर्मथन गर्न समेत निर्देशन दिन्छ । सत्य यस्तो गुण हो जसले कला, विज्ञान, सामाजिक न्याय र भविष्यको उच्चतर नैतिकताको क्षेत्रमा असीमित प्रगतिको ढोका उघारिदिन्छ ।

छोरी – **भविष्यको उच्चतर नैतिकता भनेको के हो ?**
**बाबु** – नैतिकता भनेको विकसित हुँदै जाने कुरा हो । प्रत्येक युगका हाम्रा नैतिक आचरणसंहिता, वेदविहित उच्चतम आदर्शका आंशिक अभिव्यक्ति मात्र हुन् र यस दृष्टिबाट हाम्रा आचरणसंहितामा असीमित विस्तार हुँदै जान सक्दछ । हाम्रा ऋषिमुनिका अनुसार धर्म भनेको कहिल्यै नबदलिने जड वस्तु होइन । युग अनुसार यो बदलिरहन्छ । हरेक युगको आफ्नो युगधर्म हुन्छ । तिमी आफैं विचार गर– पशुबली, अपराधका लागि दण्ड, र तल्ला जातिहरूप्रतिको व्यवहार इत्यादिका सम्बन्धमा हामी पहिलेका नियमनिर्माता (स्मृतिकार)का विचारभन्दा कति अगाडि बढिसकेका छौं ।

छोरी – **के धर्म सधैं अगाडि बढिरहन्छ ? यसमा कहिले पनि विकार आउँदैन ?**
**बाबु** – समाजको दुरावस्था भएमा वा समाजको दुर्दिन आएमा धर्मको पनि अवनति हुन्छ । अलि पछिका हाम्रा पुराणहरूमा चार खुट्टाले हिंड्ने धर्मरूपी गाई त्यस समय एउटा खुट्टामा मात्र उभिएकीमा दुःख प्रकट गरिएको प्रसङ्ग पाइन्छ । यी पुराणहरूका रचनाकार संभवतः यस्ता ऋषिमुनिहरू थिए जसका जीवनकाल युद्ध, सामाजिक दुरावस्था तथा मानिसहरूको नैतिक स्तर गिरेको समयमा बितेको थियो । ती दुर्दिनका अवशेषहरू अझै पनि बाँकी छन् । परोपकार, सामाजिक सुव्यवस्था र नारीहरूप्रतिको व्यवहार सम्बन्धी कुराहरूमा पहिलेका स्मृतिकारहरूको समयभन्दा अहिलेको अवस्था बिग्रन आएको छ ।

तसर्थ धर्मको प्रगति राष्ट्को स्वाधीनता र राष्ट्को समृद्धिको अवस्थामा निर्भर गर्दछ ।

छोरी – **धर्मको प्रगतिको कुनै सीमा छैन ?**

**बाबु –** धर्मको प्रगतिको अर्थ हो- मानिसको दैवी संपूर्णता तर्फको प्रगति । तसर्थ यसको सीमा तोक्ने साहस कसले गर्न सक्दछ ? मनुष्यजाति अहिले पनि अपेक्षाकृत कलिलै अवस्थामा छ । ठीक र बेठीकको धारणा लिएर मानिसको यस पृथ्वीमा प्रादुर्भाव भएको धेरै भएको छैन । मानिस विकसित हुनु अघि पृथ्वी आफनो अक्षमा कैयौं लाख वर्ष घुमिसकेकी थिइन् होला र अब अरू कतिलाख वर्षसम्म घुमिरहने छिन् भन्ने कसलाइ थाहा छ ? अनन्त मायावीले अब अरू कस्तो चमत्कार गर्ने छ भन्ने कुरा कसले भन्न सक्छ ? एक हजार वर्ष अघि असम्भव ठानिएका कुरा वैज्ञानिक जगत्मा अब संभव भएका छन् । त्यसै गरी, विषयलोलुपताको कमजोरीले गर्दा नैतिक क्षेत्रमा हाल सामान्य मानिसका लागि असंभव भएका कुरा दस लाख वर्ष पछि सम्पूर्ण मनुष्यजातिका लागि संभव हुन के बेर ? त्यस समयसम्म, ऊर्ध्वमुखी आत्मा आफूलाई मानवव्यक्तित्वभन्दा पनि बढी उत्तम साधनद्वारा व्यक्त गर्दछ कि, कसलाई थाहा छ ? प्रलयकालभन्दा पहिले यो भूमण्डलमा मानिसभन्दा बढी आध्यात्मिकता भएका जीवहरूले वास गर्ने छन् कि भन्ने कुरा पनि कसलाई थाहा छ ?

छोरी – **बुबा, हजुरले भन्नुभएको कुरा त विस्मयकारी पो छन् ?**

**बाबु –** छोरी, म त केवल तथ्य मात्र प्रस्तुत गरिरहेको छु । सत्य, वास्तवमा विस्मयकारी नै हुन्छ । यो हाम्रो अत्यन्त अनियन्त्रित कल्पनाभन्दा पनि बढी विस्मयकारी हुन्छ । सत्यको चिन्तनले हामीलाई शीघ्र नैतिकता र दर्शनको हाम्रो सानो घेराभन्दा बाहिर लिएर जान्छ । हिन्दुधर्मशास्त्रले हामीलाई के सिकाउँछ भने सत्यको अनुसरण मानिसको प्रगतिका लागि अनिवार्य छ – त्यसले जता लगे पनि र त्यसका लागि जति त्याग गर्नु परे पनि । त्यसैले हिन्दुधर्मले वैज्ञानिक प्रगतिको कहिले पनि विरोध गरेको छैन । यसले नीतिशास्त्र वा दर्शनसम्बन्धी अनुसन्धान वा परिकल्पनालाई पनि कहिल्यै विरोध गरेको छैन । हिन्दुधर्मको आचारसंहिताको अन्तिम पाना अहिले लेखिसकिएको छैन, र कहिल्यै लेखिसकिने पनि छैन । हामीले गडेर हेर्‍यौं भने के देख्छौं भने हाम्रै जीवनकालमा नै हाम्रो

नैतिक आचारसंहितामा नयाँ अध्याय थपिदैं छ । तर यस विषयान्तरप्रति अहिले न लागौं । अब अर्को मूल नैतिक गुणमाथि विचार गरौं ।

**छोरी – तर सत्य अन्तर्गत अरू के के गुणहरू पर्छन् ?**

**बाबु** – सत्य अन्तर्गत ईमान्दारी, सच्चाई, न्याय, निष्ठा, तथ्यको धैर्यपूर्वक अन्वेषण, विभिन्न प्रकारका सौन्दर्यको कदर र अन्य सम्बद्ध गुणहरू पर्दछन् । वास्तवमा, मैले अघि पनि भनिसकें, हाम्रा धर्मशास्त्रहरूले सबै नैतिक गुणहरूलाई सत्यकै रूप मानेका छन् ।

**छोरी – अब हामी मूल नैतिक गुणहरूको सूचीमा रहेको अन्तिम गुण अहिंसामा आइ पुग्यौं । अहिंसा भनेको के हो ?**

**बाबु** – एक अत्यन्त प्रचलित हिन्दु कथन छ – "अहिंसा परमो धर्मः"। अर्थात् अहिंसा हाम्रो सब भन्दा ठूलो धर्म (नियम) हो । विश्व संस्कृतिमा हिन्दुधर्मले गरेको सबभन्दा बढी उल्लेखनीय योगदान अहिंसाको सन्देश हो । अहिंसाका दुई पक्षहरू छन् – एउटा नकारात्मक र अर्को सकारात्मक । नकारात्मक पक्षको अर्थ हो कुनै पनि प्राणीलाई कुनै पनि किसिमले दुःख नदिनु । सकारात्मक पक्ष हो सबै प्राणीहरू प्रति पूर्ण प्रेम गर्नु । हाम्रो युगका अहिंसाका सबभन्दा महान प्रवर्तकको यसबारे भनाइ यस प्रकार छ –

*"अहिंसा एक पूर्णावस्था हो । यस लक्ष्यको प्राप्ति तर्फ मानवजाति स्वभावशनै तर थाहा नपाउँदो तरिकाले अघि बढिरहेको हुन्छ । मानिस निर्मलताको मूर्तरूप रहे तापनि ऊ दैवी रूप भने हुँदैन । अहिलेको अवस्थामा हामी आंशिक रूपमा पशु छौं । अज्ञानवश वा अहंकारवश हामी के ठान्दछौं भने मुक्काको बदला मुक्काले दियौं भने वा सो गर्नका लागि चाहिने आवश्यक क्रोध उत्पन्न गर्न सक्यौं भने हामीले मनुष्यजातिको कार्य पूरा गरिरहेका हुन्छौं । प्रतिकार नै हाम्रो नियम हो भन्ने विश्वास गरेको जस्तो हामी गर्छौं । तर हाम्रा सबै धर्मशास्त्रहरूमा कहीं पनि· प्रतिकारलाई अनिवार्य वा आवश्यक भनिएको छैन, केवल अनुमतियोग्य मात्र भनिएको छ । आवश्यक त संयम हो । प्रतिकार एक आसक्ति हो जसलाई विस्तृत रूपले नियमित गर्ने आवश्यकता छ । संयम चाँहि हाम्रो जीवनको एक नियम हो । उच्च संयम विना उच्च पूर्णता प्राप्त गर्न सकिंदैन । यस प्रकार दुःख मनुष्यजातिको एक लक्षण हो ।"*

उक्त कुरा भन्नु हुने महात्मा गान्धीले अहिंसाको अभ्यासलाई एक विज्ञानको

रूप दिएका छन् । अहिंसाको अभ्यास व्यक्तिले मात्र होइन समाज र राष्ट्रले पनि गर्नु पर्दछ । यसको अभ्यास जीवनका सबै पक्षमा हुनु पर्दछ । यसैले मैले भनेको हुँ, हिन्दु आचारसंहितामा हाम्रै पुस्ताका पालामा एक नयाँ अध्याय थपिंदै छ ।

**छोरी – के हिन्दुधर्मले सदासर्वदादेखि दुष्टताको बदला शिष्टताले दिनु पर्दछ भनेको छ ? अथवा यो हालैको सन्देश हो ।**

**बाबु –** छोरी, हिन्दु ऋषिमुनिहरूले अनादिकालदेखि नै यस्तै उपदेश गर्दै आएका छन् भन्ने दर्शाउन महाभारतबाट बीसौं उद्धरणहरू प्रस्तुत गर्न सकिन्छ । यति मात्र होइन, भारतमा उत्पति भएका धर्महरूले प्रेमको नियमलाई मानिसभन्दा तल्ला प्राणीहरूसितको व्यवहारमा पनि लागु गरेका छन् । र अरू देशका नैतिक आचारसंहितामा जस्तै प्रेमको नियम मनुष्य जातिमा मात्र सीमित राखेका छैनन ।

**छोरी – तर, बुवा, के पूर्ण अहिंसा संभव छ ?**

**बाबु –** पूर्ण अहिंसा एक आर्दश मात्र हो भन्ने कुरा हिन्दु ऋषिहरूले स्वीकार गरेका छन् । अहिंसा भूगणित (geometry) को सोझो रेखा (straight line) जस्तै हो । व्यवहारमा, यसको निकटसम्म मात्र पुग्न सकिन्छ । उदाहरणका लागि, सबै प्राणीहरू आफ्ना खानेकुरा हिंसाद्वारा नै प्राप्त गर्दछन् । खानका लागि उनीहरूले मार्न पार्दछ । कसैले पशुपक्षीलाई मार्दछन् भने कसैले वनस्पतिमा रहेको प्राणलाई । पशुपक्षी, वनस्पति भन्दा माथिल्लो स्तरका जीव भएकाले वनस्पति काट्नुभन्दा पशुपक्षीलाई मार्नु बढी हिंसा मानिएको छ । तसर्थ हिन्दुधर्मले शाकाहारलाई मांसाहारभन्दा श्रेष्ठ मानेको छ । आदर्श सन्त चाँहि त्यसलाई मानिएको छ जसले पशु वा वनस्पतिजीवन कुनैप्रति पनि हिंसा नगरी आफ्नो जीवन निर्वाह गर्दछ ।

**छोरी – हिन्दुधर्मले शाकाहारमा नै किन जोड दिंदैन ?**

**बाबु –** हिन्दु धर्मले खानपानका कुरामा समाजका सबै वर्गलाई एक समानको नियम तोकेको छैन । यसले शाकाहारको श्रेष्ठता बारे शिक्षा दिन्छ र व्यक्ति वा वर्ग विशेषलाई, आफ्नो नैतिक क्षमताअनुसार आवश्यक अधिकार प्राप्त गरेपछि यथासमय यस आदर्शमा पुग्ने अनुमति दिन्छ ।

**छोरी – त्यसो भए अहिंसा व्यक्तिको अथवा वर्ग विशेषको गुण हो, राष्ट्रको गुण होइन ?**

**बाबु** – अहिंसालाई एक राष्ट्रिय गुण पनि भन्न सकिन्छ किनभने यसको अभ्यास समाजका सासाना खण्डले गरे तापनि, यसले हिन्दु समाजलाई सम्पूर्ण रूपमा भने धेरै प्रभावित पारेको छ । हामी के भन्न सक्छौं भने हिन्दुहरू आज जे छन् त्यसैले गर्दा छन् । उनीहरूका सद्‌गुण र दुर्गुणहरूको स्रोत पनि अहिंसाको आदर्श नै हो भन्न सकिन्छ । उनीहरूको सभ्यता, उनीहरूको अतिथिसत्कार को भावना, उनीहरूको मानवता, हत्या र रक्तपात प्रति उनीहरूको घृणा, पशुपक्षीप्रति उनीहरूको दया, उनीहरूले गर्ने गरेको गाईको पूजा, यी सबै अहिंसाको आदर्शले नै गर्दा हो । हिन्दु सभ्यताको शान्तिप्रियता पनि यसै आदर्शको फल हो ।

**छोरी – तर, बुवा, के यस कुराको अर्को पक्ष छैन ?**

**बाबु** – छ । मैले भनि नै सकें–हाम्रा धेरै जसा दुर्गुण वा सद्‌गुणहरू अहिंसाको आदर्श संग सम्वन्धित छन् । संधै सम्फ– अहिंसाको आदर्शको पालन वीर एवं बलियाहरूले नै गर्ने हो । यो तिनीहरूको लागि हो जो प्रहार गर्न समर्थ छन् तर प्रहार भने गर्दैनन् । बलमिच्याइँ र थिचोमिचो गर्नेसंग दबेर भागेर त्यसलाई अहिंसा भन्नु त निकृष्ट रूपको आत्मवंचना हो । अहिंसाको आदर्शले पशुबलको सट्टा आध्यात्मिक बल अँगाल्न सिकाउँछ, साहसको सट्टा कायरता होइन । कुनै व्यक्तिले आफ्नो योग्यता नपुगेर आध्यात्मिक बलको प्रयोग गर्न असमर्थ भएमा अथवा शत्रुमा मनुष्यताको भिल्कोसम्म पनि नभएमा, आफ्नो वा आफ्नो प्रिय वस्तुको रक्षा गर्न भौतिक बलको प्रयोग गर्नु उसको कर्तव्य हुन आउँछ । हिंसाका लागि उद्यत ब्वाँसोका समक्ष पाठाले अहिंसाको आदर्श अँगाल्नु हास्यास्पद हुन्छ । तसर्थ, हाम्रो यस संसारमा जहाँ मानिसहरू अहिले पनि आफ्नो अभीष्ट प्राप्त गर्नका लागि मुढेबलको सहारा लिन्छन् र जहाँ राष्ट्रहरूले आफ्ना भगडाहरू तरवारद्वारा सुल्भाउँछन्, त्यहाँ अहिंसाको पालन गर्ने क्षमता नभएकाहरूद्वारा हातमा अहिंसाको प्रयोग पौरखको कमी मात्र ठहर्छ । र पौरखको कमीबाट धेरै पापहरू जन्मिन्छन् ।

**छोरी – वास्तविक अहिंसामा कुन कुन गुण सम्मिलित छन् ?**

**बाबु** - वास्तविक अहिंसाले विनय, शिष्टता, दया, आतिथ्य र प्रेमलाई जनाउँछ । तिमीलाई थाहै होला यी सब सामाजिक गुण हुन् । वास्तवमा, मैले बताएका आधारभूत नैतिक गुणहरूको सूचीमा, सबै वैयक्तिक गुणहरूलाई आत्मशुद्धि, आत्मसंयम र अनासक्ति अन्तर्गत राखिएको छ, र सबै सामाजिक गुणहरूलाई सत्य र अहिंसा अन्तर्गत राखिएको छ । हिन्दु नीतिशास्त्रमा सामाजिक गुणहरूलाई वैयक्तिक गुणहरूभन्दा माथिल्लो स्तरमा राखिएको छ । हामी हिन्दुहरूका अनुसार समाजभित्र हाल जीवित रहेका व्यक्तिहरू मात्र होइन, हामीभन्दा अघि गइसकेका, हामीभन्दा पछि जन्मने, हामी भन्दा माथि र हेका देवता र पितृगण र हामीभन्दा तल रहेका पशुपक्षी जस्ता प्राणीहरू समेत पर्दछन् । हाम्रो कर्तव्य छिमेकीहरूप्रति मात्र होइन, आफ्ना पितृहरूप्रति, आफ्ना सन्तानहरूप्रति तथा आफूभन्दा माथिल्ला र आफूभन्दा तल्ला श्रेणीमा रहेका जीवहरूप्रति पनि हुन्छ । यसबाट हिन्दु ऋषिहरूको समाज सम्बन्धी धारणा कति बृहत् र जैविक (organic) रहेछ भन्ने थाहा हुन्छ । यो धारणा देश र कालद्वारा सीमित छैन । न त यो धारणा मनुष्यजाति सम्ममा सीमित छ ।

## ३

## नैतिक चरित्रको निर्माण - नैतिकताका मापदण्डहरू - पापको अर्थ - प्रायश्चित्तको उपयोगिता

छोरी - **बुवा, यी आधारभूत र गौण नैतिक गुणहरूको अनुसरण नै के ईश्वर-प्राप्तिको मार्गको पहिलो आरोहण हो ?**

**बाबु** - हो । हामी धार्मिक जीवनको प्रारम्भ विभिन्न कर्मकाण्ड र संस्कारहरूबाट गर्छौं । तर यी शुद्धिका बाहिरी साधनहरू मात्र हुन् । यी साधनहरू पछि हामीले आत्मालाई शुद्ध पार्ने आन्तरिक साधन अर्थात् नैतिक गुणहरूको अभ्यास तर्फ शीघ्र अग्रसर हुनु पर्दछ ।

छोरी - **एउटा नैतिक गुणबाट अर्को नैतिक गुण तर्फ जान, के हजुरले बताउनु भएको क्रम अनुसार नै जानु पर्दछ - अर्थात् आत्मशुद्धि, आत्मसंयम, अनासक्ति, सत्य र अहिंसा ?**

**बाबु** - पर्दैन । हामी सुविधाका लागि मात्र नैतिक गुणहरूलाई विभिन्न समूह

उपसमूहमा विभाजित गर्छौं । उदाहरणका लागि, हामी वैयक्तिक र सामाजिक गुणहरूका बीच कडा रेखा तान्न सक्दैनौं । वास्तवमा यी एकै हुन् । यिनले सदाचारी चरित्रको निर्माण गर्दछन् । यिनीहरूको महत्व, धार्मिक जीवनको लक्ष्यमा (अर्थात् दैवी पूर्णतामा) पुग्न यिनले गर्ने योगदानले गर्दा भएको हो । तसर्थ हामीले के भन्नु पर्छ भने आधारभूत र अन्य गुणहरूको विकास भन्दा पनि असल चरित्रको निर्माण नै पहिलो आरोहणको उद्देश्य हो ।

छोरी – **किन ? नैतिक गुणहरूको अनुसरण र सदाचारी चरित्रको निर्माणमा के फरक छ ?**

**बाबु** – कर्मकाण्ड जस्तै, नैतिक गुणहरू पनि बाहिरी स्रोतहरूबाट उपदेशका रूपमा प्राप्त हुन्छन् । र थोरै व्यक्तिहरूले मात्र धार्मिक जीवनको लक्ष्यका संदर्भमा यिनीहरूको महत्व बुझेका हुन्छन् । फेरि, यिनीहरूको औचित्य परिस्थितिमाथि पनि निर्भर गर्दछ । कुन बेलामा कुन गुणहरू, गुण रहन छाड्छन् भन्न गहारो छ । दृढता सहजै ढिपीमा परिणत हुन सक्छ भने साहस उद्दण्डतामा, तथा अहिंसा कायरतामा र आत्मसंयम आत्मविनाशमा परिणत हुन सक्छ इत्यादि । तसर्थ नैतिक गुणहरूको अनुसरण भनेको नैतिक निर्देशनहरूको यन्त्रवत् पालन जस्तो पनि देखिन सक्दछ । कर्मकाण्ड र संस्कारहरू जस्तै यो प्रांरभमा आवश्यक पनि हुन सक्छ । त्यसैले हाम्रा स्मृतिकारहरूले धर्मका नियमहरूलाई अडिग रूपमा तोकेका छन् । तर प्रांरभिक अवस्था पार गरिसकेपछि एक नैतिक व्यक्तिले आफ्नै विवेकको प्रयोग गरी काम गर्नुपर्ने हुन्छ । उपस्थित परिस्थितिमा सत्य के हो, न्याय के गर्दा हुन्छ, पुण्य के गर्दा हुन्छ भन्ने कुरा उसले स्वयं निर्णय गर्नु पर्ने हुन्छ । यसो गर्दा उसले नियम वा संहिताद्वारा आफू बाँधिएको अनुभव गर्नु हुँदैन । यस्तो धर्मात्मा चित्तवृत्ति भइसकेपछि मानिस स्वतन्त्र निर्णय गर्न समर्थ हुन्छ र कदाचित् नै बाटो बिराउँछ ।

छोरी – **नियम र निर्देशहरूलाई यसरी नाघ्ने हो भने कुन मापदण्डको अनुसरण गर्ने त ?**

**बाबु** – धार्मिक नियमहरूभन्दा बढी भरपर्दो मापदण्ड धर्मात्माको आचरण हुन्छ । धर्मात्मा जीवित वृक्ष हो भने धार्मिक नियम एक सुकेको फल । तैत्तिरीय उपनिषद्मा एक गुरूले अध्ययन पूरा गरी घर फर्किन लागेका आफ्ना शिष्यहरूलाई बिदा गर्दा यस्तो सल्लाह दिएका थिए –

*"तिमीलाई कहिले कुनै विषयमा आफ्नो कर्तव्य निश्चित गर्दा कुनै शङ्का उत्पन्न भयो भने, उत्तम विचार भएका, सत्कर्म र सदाचरणमा लागेका, धर्मका अभिलाषी, परामर्श दिनमा कुशल मानिसहरूले सो विषयमा जस्तो आचरण गर्दछन् तिमीहरूले पनि त्यसै गर्नु पर्छ"* ।

**छोरी – सही आचरण सम्बन्धी पथप्रदर्शक धर्मग्रन्थहरू होइनन्, धर्मात्माहरू हुन त ?**

**बाबु –** धर्मग्रन्थ र धर्मात्मा दुवै हुन् । हिन्दुधर्मका अनुसार सही आचरणको पथप्रदर्शन गर्नेहरू हुन् धर्मशास्त्र, चलन, सन्तहरूले देखाएका उदाहरण तथा अन्तःकरण । मनुले भनेका छन् – *"धर्मका स्रोत यी हुन्– वेद, स्मृति, धर्मशास्त्र बुझ्नेकाहरूको आचरण, पुण्यात्माका आचार विचार, तथा अन्तरात्माको संतुष्टि ।"* कालिदासले पनि एक प्रसिद्ध श्लोकमा भनेका छन् – *"शङ्काको समयमा शुद्ध हृदयका प्रेरणा नै विश्वसनीय मार्गप्रदर्शक हुन्"* । यस प्रकार, ईश्वरीय पूर्णताप्राप्तिलाई आफ्नो चरमलक्ष्य तथा सन्तहरूका उदाहरणलाई प्रमाण मानेर हिन्दुधर्मले आफूलाई जीवन्त तथा आफ्ना नैतिक आचारसंहितालाई नमनशील राखेको छ ।

**छोरी – बुवा, हजुरले भन्नु भएको थियो, हाम्रा स्मृतिकारहरूले धर्मका नियमहरू बनाएका मात्र होइनन् विभिन्न पापका प्रायश्चित्त पनि तोकेका छन् । पाप कति प्रकारका छन् ?**

**बाबु –** पुण्य जस्तै पाप पनि अनेकौं छन् । तर तिनीहरूलाई सामान्यतः दुई प्रकारले विभाजन गरिएको छ ।

**छोरी – ती के हुन् ?**

**बाबु –** पहिलो विभाजन अनुसार पापलाई मनका पाप, वचनका पाप र कर्मका पाप गरि तीन थरिमा छुट्याउन सकिन्छ । दुर्विचार तथा दुर्वचन पनि दुष्कर्म जत्तिकै पाप हुन् । यस विभाजनबाट हिन्दु नैतिक शास्त्रका रचनाकारहरूका धारणा कति परिस्कृत थिए भन्ने थाहा हुन्छ । कुनै खराब मनसाय नराखिए पनि वा कुनै क्रूर कर्म नगरिए तापनि कठोर वचन मात्रलाई पनि उनीहरूले क्षमा गरेका छैनन् ।

छोरी – **अर्को विभाजन के हो नि ?**

**बाबु** – जसरी हामीले सबै नैतिक गुणहरूलाई पाँच मूलभूत नैतिक गुणहरू अन्तर्गत राखेका छौं, त्यसै गरी सम्पूर्ण पापहरूलाई काम, क्रोध र लोभ, यी तीन घातक पाप अन्तर्गत राखिएका छन् । गीताले भनेको छ–

*"नरकका यी तीनद्वार–काम, क्रोध, र लोभले आत्माको नाश गर्ने हुनाले यी तीनैलाई त्यागिदिनु पर्छ । पापका यी तीन द्वारा बाट बचेका मानिसले मात्र आफ्नो कल्याण हुने काम गर्दछ र परमधाम पुग्दछ" ।*

तर पापलाई जति विभाजन गरे तापनि ती कृत्रिम हुन्छन् । वास्तवमा पाप एउटै हो, यद्यपि यसका रूप असंख्य छन् – त्यो हो स्वार्थपूर्ण कामना वा इच्छा । पाप भनेको मानिसको ईश्वरप्रतिको विरोध, र अझै यथार्थरूपमा भन्ने हो भने इन्द्रियलिप्साको आत्माप्रतिको विरोध हो । पापी त्यही हो जो आफ्नो वरिपरि रहेको समाजसंगको सामंजस्य भंग गर्दछ र त्यसका नियमहरूको समेत् उल्लंघन गर्दछ । यति मात्र होइन, ऊ स्वयं आफू एक अंश भएर बसेको आत्माको साम्राज्यसंग पनि अमिल्दो भएर बस्छ । किनभने उसले उल्लंघन गरेको धर्म, 'ऋत्' कै एक रूप हो जसलाई वेदले यस चराचर जगत् (Universe) को सामंजस्यपूर्ण गति (rhythm) र व्यवस्था भनेको छ । मानिस अज्ञानवश यस चराचर जगतलाई संचालन गर्ने नियमदेखि आफू स्वतंत्र हुन सक्छु भनी ठान्दछ । यस्तो मानिस, शरीरको त्यो अंग जस्तै हो जसले शेष शरीरसंग चल्न नमान्दा त्यसमा दुख्ने, सुन्निने र रोग लाग्ने इत्यादि हुन्छ । पापी मानिस समाजको रोग लागेको अंग र सृष्टिकर्ताको राज्य विरूद्धको विद्रोही हो । उसले सृष्टिकर्ताको इच्छा विरूद्ध आफ्नै इच्छा अगाडि सार्न खोज्दछ । र यति याद राख – यी दुवै कुरा मानिसभित्र नै रहेका हुन्छन् किनभने मानिस आत्मा र शरीर दुवै हो । आत्मा उसको उपल्लो प्रकृति हो र शरीर उसको तल्लो प्रकृति । पहिलोले हामीलाई बचाउने ज्ञान तर्फ लैजान्छ भने दोस्रोले हामीलाई नाश गर्ने काम (इच्छा) तर्फ । गीतामा अर्जुनले श्रीकृष्णसंग मानिसले किन पाप गर्दछ भनी सोध्दा श्रीकृष्ण उत्तर दिनुहुन्छ – *"रजोगुणबाट उत्पन्न हुने 'काम'ले गर्दा मानिस पाप गर्दछ । यो कामनै क्रोध पनि हो । यो भोगबाट कहिल्यै नअघाउने महापापी हो । यसैलाई शत्रु भनेर चिन"।*

छोरी – **सबै कामनाहरू हाम्रा शत्रु हुन् त ?**

**बाबु** – होइनन् । निषिद्ध कामनाहरू मात्र शत्रु हुन् । गीताका भगवान् आज्ञा

हुन्छ –*"म सबै प्राणीहरूमा धर्म प्रतिकूल नहुने काम हुँ "* । आफ्‌ना स्वार्थको अनुचित पूर्ति गर्न खोज्ने इच्छा मात्र खराब हुन् । मानिसले आफ्‌ने स्वार्थमात्र पोस्न आफूलाई आफ्‌ना अरू साथीहरूसंग अलग्याउने पर्खाल खडा गऱ्यो भने उसका इच्छाहरू 'सर्वव्यापी प्रेम' (universal love) सम्बन्धी नियमसंग बाझी उसको प्रगतिमा बाधक बन्दछन् ।

**छोरी – तर सांसारिक व्यक्ति आफ्‌नो र आफ्‌नो परिवारको हेरचाह नगरी कसरी 'सर्वव्यापी प्रेम' को नियमअनुसार चल्न सक्दछ ? हजुरले भन्नुभएको सत्य हो भने त हामी सबै पापी भयौं ।**

**बाबु** – हो । एक प्रकारले हामी सब पापी हौं । प्रत्येक धर्मले हामीलाई यही सिकाउँछ । हिन्दुधर्मशास्त्रले लगातार यो संसार पापीहरूका लागि मात्र हो भनिआएका छन् । बुद्धले जीवनलाई दुखसंग तुलना गरेका छन्, ईसाईधर्म भन्दछ–सबै मानिसहरू जन्मदेखिनै पापी हुन् तथा यो संसार सदा ईश्वरको विरोधमा छ ।

**छोरी – के यो केवल निराशावाद होइन ?**

**बाबु** – होइन । निराशावाद त एउटा दार्शनिक सिद्धान्त हो जस अनुसार जीवन निकृष्ट हो, संसारको कुनै उद्देश्य छैन, यहाँ अन्धो इच्छा बाहेक अरू कसैको शासन चल्दैन र त्यसकारण सबैले दुःखको यस संसारबाट मुक्ति पाउने प्रयत्न गर्नु पर्दछ । हिन्दुधर्मको सिद्धान्त योभन्दा धेरै भिन्न छ । हिन्दुधर्मले ईश्वर हामी सबैभित्र छ तथा मानिसले अन्ततोगत्वा मोक्षप्राप्त गर्दछ भन्ने सिद्धान्तमा विश्वास गर्दछ, तथा मानिसले सदा सजाय भोगिरहन्छ भन्ने कुरामा तथा पापको अन्तिम अस्तित्वमा अविश्वास गर्छ । हिन्दुधर्मले शाश्वत आनन्दको बाटो देखाउँदछ । अमर आत्मा, नश्वरकुराहरूसंग सन्तुष्ट हुन सक्दैन भनी यसले हामीलाई सिकाउँछ । तसर्थ, हिन्दुधर्मले मानिसहरूलाई यस संसारका क्षणिक सुखमा होइन, आत्माको आनन्दमा आस्था राख्न आह्वान गर्दछ । हामीले यस संसारलाई असत् नठानेसम्म धार्मिक जीवनको प्रारंभ हुन सक्दैन । वर्तमान जीवनसंगको असन्तोष नै भावी जीवनको आशाको प्रतिरूप हो । यस संसारको फोहर, पाप, कुरूपता र स्वार्थको सागरमा हामीले केही स्वच्छता, केही पुण्य, केही सुन्दरता र केही प्रेम प्राप्त गर्न सक्नु पर्दछ । फोहर, पाप, कुरूपता र स्वार्थबाट पछि हटी तिनीहरूलाई अनिष्ट भनी निन्दा नगरेसम्म

हामीले प्रगति गर्न सक्ने आशा छैन । प्रारम्भमा हामी सबै आफूमा केन्द्रित हुन्छौं । तर आफ्नो सम्बन्धी हाम्रो धारणामा क्रमशः विस्तार हुँदै गई त्यस धारणामा आफ्नो परिवार मात्र होइन आफ्नो समाज र देश पनि समावेश हुँदै गए पछि मात्र हामी कम पापी हुँदै जान्छौं । हामी जब बृहत्तर एकाइहरूलाई प्रेम गर्न र उनीहरूको निमित्त काम गर्न थाल्छौं अनि हाम्रा कामनाहरू शुद्ध र ईश्वरको इच्छा अनुकूल हुँदै जान थाल्छन् । आफ्ना इच्छाहरूलाई सारा विश्वमाथि शासन गर्ने दैवी इच्छा अनुकूल बनाउन सक्नुनै नैतिक प्रगति हो ।

छोरी – **के हामी पापबाट यस प्रकारले छुटकारा पाउन सक्छौं ?**
**बाबु** – हो । पापबाट सजिलैसंग छुटकारा पाउन हामीले आफ्नो आत्मालाई विस्तृत पार्नु पर्दछ । यसो गर्नाले हामीमा धार्मिक चित्तवृत्तिको विकास हुन्छ र हाम्रो आध्यात्मिक शक्ति बढ्छ जसले गर्दा पाप नष्ट हुन्छन् । हाम्रो विस्तारित प्रेमको फलस्वरूप हामीले गरेको प्रत्येक पुण्यकार्यले आत्माको सुषुप्त शक्ति जगाउँदछ ।

छोरी – **के हाम्रा आत्माका प्रत्येक पापलाई निर्मूल पार्न आवश्यक छ ?**
**बाबु** – छ, छोरी । ढुंगालाई पानीमा डुब्नबाट बचाउन त्यसमा रहेका प्रत्येक प्वाललाई टाल्नु आवश्यक हुन्छ । कुनै पनि पाप आत्मालाई ग्रस्त गरिरहेको रोगको लक्षण मात्र हो । त्यो बाहिरी उपचारबाट निको पार्न सकिने, शरीरको कुनै सुनिएको अंश जस्तो होइन ।

छोरी – **त्यसो भए स्मृतिकारले बताएका विभिन्न पापका प्रायश्चित्त र अन्य शुद्धीकरणका क्रियाहरूबाट के लाभ त ?**
**बाबु** – प्रायश्चित्त र शुद्धीकरणका क्रियाहरू पाप त्यागिसकेकाहरूका लागि मात्र हुन् । ती क्रियाहरू हृदयपरिवर्तन भइसकेपछि मात्र आउँछन् । ती त बाहिरबाट लगाउने औषधिहरू जस्तै हुन् । स्वास्थ्यका सामान्य नियमहरूको पालन नगरी तिनीहरूबाट मात्र कुनै लाभ हुँदैन ।

छोरी – **हृदयपरिर्वतन नभई नहुने भए ती क्रियाहरुबाट के लाभ त ?**
**बाबु** – प्रायश्चित्त मानिसले खराब काम छाड्न लागेको संकेत हो । यसले पापको सार्वजनिक स्वीकारोक्ति तथा पापका लागि पछताउ गरेको समेत् देखाउँछ । शुद्धीकरणको क्रियालाई प्रायश्चित्त नाम दिइनु नै हृदयपरिवर्तनको

अठोटको सूचक हो । प्रायश्चित्तबाट आफुले गरेका खराब कामहरूका लागि पछुताउ गरेको, तिनलाई सार्वजनिक रूपमा स्वीकार गरेको र तिनीहरूबाट पछि हट्ने इच्छा गरेको देखिन्छ । हृदयपरिवर्तन नभई केवल दान, व्रत र तप गर्नाले मात्र पाप नष्ट हुन्छन् भनेर कुनै पनि ठूला स्मृतिकारले भनेका छैनन् । प्रायश्चित्त आत्माको शुद्धीकरणलाई पुष्ट गर्ने क्रिया मात्र हो । तर शुद्धीकरण स्वयं चाहिँ भित्रै बाट हुनु पर्छ । कुनै पनि मानिसलाई बाहिरबाट गरिने कुनै कृत्यद्वारा मात्र बचाउन सकिदैन । आत्माको स्वास्थ्य पनि शरीरको स्वास्थ्य जस्तै भित्रैबाट मात्र जगाउन सकिन्छ, बाहिरबाट होइन ।

छोरी - **कुनै मानिसले आफ्नो हृदयमा पापलाई बढ्दै जान दियो र आफूलाई शुद्ध पार्न सकेन भने के हुन्छ ?**

**बाबु** - मानिसको एक पापले अर्को पापलाई जन्म दिन्छ र उसको आध्यात्मिक प्रतिरोध - शक्ति निर्बल हुँदै जान्छ । उसको स्वभाव रूखो हुँदै जान्छ । र संसार-चक्रमा उस्को स्थान झन् झन् तल झर्दछ ।

## ४

## संसार - कर्मको नियम - भगवद्कृपा

छोरी - **संसार भनेको के हो ?**

**बाबु** - संसार भनेको जन्म-मरणको एक चक्र हो जसभित्र प्रत्येक प्राणीको आत्माले मोक्षप्राप्त नगरेसम्म घुमिरहनु पर्दछ । हिन्दुधर्म भन्दछ सबै प्राणीहरूले प्राण रहेसम्म यस कालप्रक्रियाभित्र संलग्न रहिरहनु पर्दछ । कुनै पनि जन्ममा जीवको स्थिति उसको पूर्वजन्मको कर्म अर्थात् उसले पहिलेका जीवनहरूमा गरेका असल वा खराब विचार र कामहरू माथि निर्भर गर्दछ । कर्म सम्बन्धी नियम हिन्दु धार्मिक विचारको विशेषता हो । यसको शिक्षा हिन्दुधर्मशास्त्रमा मात्र होइन बौद्ध र जैन धर्मशास्त्रहरूमा पनि पाइन्छ ।

छोरी - **कर्म सम्बन्धी नियम भनेको खास के हो त ?**

**बाबु** - कारणत्वको नियम (Law of Causation) एक भौतिक नियम भए जस्तै कर्मफलको नियम एक नैतिक नियम हो । मानिसले जस्तो रोप्यो उस्तै फल्छ । मानिसका विचार र कर्म सधैं न्यायको तराजुमा जोखिन्छन् । हिन्दुधर्म

अनुसार ईश्वरले मानिसले गरेका कामहरूमाथि पछि आउने कुनै समयमा होइन, अहिल्यै र यहीं फैसला गर्दछ । उसको नियम हाम्रो स्वभाव भित्रै बनेर रहेको हुन्छ । प्रकृति अपरिवर्तनीय नियमहरूका अधीन रहे जस्तै हाम्रो नैतिक स्वभाव पनि एक नियमका अधीन रहन्छ । विभिन्न जन्महरूमा हाम्रो चरित्र र नियति ईश्वरको जथाभावी लहड र निर्देशन अनुसार होइन, जैविक (Organic) नियमहरू अनुसार बन्दै जान्छन् ।

**छोरी – पूर्वजन्ममा मरेर गइसकेको शरीरद्वारा गरिएका कार्यहरूले यस जन्ममा हाम्रा स्वभाव र नियतिलाई कसरी प्रभावित गर्न सक्दछन् ?**

**बाबु** – पूर्वजन्ममा हामीले गरेका कार्यहरू सो जन्ममा रहेका हाम्रा शरीरका साथै मर्दैनन् । तिनीहरूले मन र आत्मामा मेट्न नसकिने छाप छाडेर गएका हुन्छन् । हाम्रा धर्मशास्त्रहरूले यसलाई अपूर्व वा अदृष्ट भन्दछन् । यो त्यो बिउ हो जो यस जन्ममा हाम्रो स्वभाव वा नियतिमा अंकुरित र विकसित हुँदै जान्छ ।

**छोरी – त्यसो भए कर्म सम्बन्धी नियम भनेको कार्य–कारण सम्बन्धी नियम** (Law of cause and effect) **हो त ?**

**बाबु** – हो । यो नियम नैतिक जगत्मा त्यसै प्रकारले काम गर्दछ जुन प्रकारले भौतिक जगतमा कार्य–कारण सम्बन्धी नियम । उदाहरणका लागि, आगोमा हात हाल्यो भने औंला जहिले पनि पोल्छ । यस्तो सबै ठाऊँ र सबै समयमा हुन्छ । अरू कुनै कुरा बिचमा आइ परेन भने उही कारणले उही फल दिन्छ । वास्तवमा कारण र परिणाम एउटै हो । यी एक अर्कासंग अभिन्नरूपले गाँसिएका हुन्छन् । यसैप्रकार नैतिक जगतमा पनि, कसैले चोरी गऱ्यो भने उसको चरित्रमा त्यसको नराम्रो असर पर्दछ । जति धेरै पटक चोऱ्यो उति नै चरित्र बिग्रदै जान्छ । यसको विपरीत, कसैले अरूलाई मद्दत गऱ्यो भने उसको चरित्र सप्रिन्छ । जति धेरै पटक मद्दत गऱ्यो उति नै ऊ परोपकारी बन्दै जान्छ । यस प्रकार, कर्म सम्बन्धी नियम हामीले यस जीवनमा देखिरहेका अपरिहार्य घटनाक्रमहरूकै विस्तार हो । यसले हामीलाई के भन्दछ भने आज हामी जे छौं त्यो विगतमा हामीले सोचेका वा गरेका कामको फल हो र भविष्यमा हामी के हुन्छौं भन्ने कुरा आज हामीले जस्तो विचार वा काम गर्दछौं त्यसैको फल हुने छ ।

**छोरी – त्यसो भए यस जीवनमा मानिसको जन्म र उसको अवस्था उसले पूर्वजन्ममा चिताएका वा गरेका कामहरूमाथि निर्भर गर्दछ ?**
**बाबु –** हो । त्यसो नभए जीवनमा चारैतिर हामी जुन विषमताहरू देख्छौं ती कसरी भए त ? ईश्वर पक्षपाती छैन । उसले स्वयं आफ्नो इच्छाले कसैलाई बलियो कसैलाई निर्धो, कसैलाई स्वस्थ र कसैलाई रोगी, कसैलाई योगी र कसैलाई भोगी बनाँउदैन । उसले न कुनै मानिसलाई आत्माको उन्नतिका लागि अनुकूल हुने वातावरणमा र न कुनै मानिसलाई आत्माको उन्नतिमा बाधा पुग्ने वातावरणमा नै राखेको हुन्छ ।

**छोरी – बुबा, मैले कतै के पढेकी छु भने ईश्वरले केही व्यक्तिलाई दुःखी बनाएर अरूलाई दया, करूणा र प्रेमका गुणहरू विकसित गर्ने र उसको (ईश्वरको) गुणगान गर्ने अवसर दिएको हो ।**
**बाबु –** यो कुरा ठीक हुन सक्दैन । त्यो कस्तो निष्ठुर र घमण्डी ईश्वर जसले केही मानिसहरूलाई के कारणले दुखी बनाउँछ भने अरूहरूले उर आफ्ना नैतिक गुणहरूको प्रयोग गर्न पाउन र उसको आफ्नो गु गरून् । यसो होइन, कदापि होइन । जीवनका विषमताहरूको सृष्टि ईश्वर होइन, हामी आफैले गरेका हौं । हामी आफ्ना भूतकाल लिएर यहाँ आएका हुन्छौं । वास्तवमा हामी आफ्ना भूतकाल हौं । आत्माले पूर्वजन्मका आफ्नो विचार र कर्मको फलस्वरूप पाएको मानसिक र नैतिक प्रवृत्तिहरूले गर्दा अर्को जन्ममा तदनुकूल वातावरण प्राप्त गर्दछ । यसले गर्दा अगामी जन्ममा आत्माले फेरि नयाँ प्रवृत्तिहरू प्राप्त गर्दछ र तिनको फलस्वरूप उसले अर्को जन्ममा फेरि त्यसै अनुसारको वातावरण पाउँछ । यो क्रम आत्माले मोक्षप्राप्त नगरून्जेल जन्म–जन्मान्तरसम्म चलिरहन्छ ।

**छोरी – हामीले पूर्वजन्मका केही कुरा पनि किन नसंझेको होला ?**
**बाबु –** किनभने हाम्रो मस्तिष्कमा रहने सचेत स्मृतिले (Memory) यस शरीरद्वारा प्राप्त धारणाहरूलाई मात्र संचय गरेर राख्न सक्छ । तर हाम्रो सचेत स्मृति बाहेक त्यहाँ खोजपत्ता नभएको एउटा ठूलो अर्धचेतन क्षेत्र (sub-conscious region) पनि छ, जहाँ हाम्रा पूर्वजन्मका अनुभवहरू संचित भएर रहेका हुन्छन् । यसैले गर्दा नै कर्मसम्बन्धी नियमले काम गर्दछ ।

छोरी – **हजुरले भन्नु भएका यस कुराको तथा कर्म सम्बन्धी नियमले वास्तवमा काम गर्दछ भन्ने कुराको हामीसंग केही प्रमाण छ ?**

**बाबु** – सबभन्दा पहिले त धर्मशास्त्र नै यसका प्रमाण हुन् । वेदले यस नियमको शिक्षा दिएको छ । शास्त्रहरूमा हाम्रा महान ऋषिहरूले पूर्वजन्मका कुराहरू सम्झेका अनेकौं उदाहरण पाइन्छन् । सांसारिक दृष्टिवाट हेर्दा, अभूतपूर्व प्रतिभासम्पन्न व्यक्तिहरू नै यस नियमको हामीसंग भएका सबभन्दा वेस प्रमाण हुन् । हामी साहित्य, संगीत, कलाका क्षेत्रमा असाधारण प्रतिभा भएका यस्ता कैयौं व्यक्ति देख्छौं जसको प्रतिभाको स्रोत उनको वंश, शिक्षा वा वातावरण हो भन्न सकिदैंन । फेरि, अनेकौं व्यक्तिका जीवनमा सानातिना साधारण घटनाहरूले पनि उनका हृदयमा एक नयाँ ढोका खोलिदिए जस्तो गरी त्यहाँ रहेको एक महान अनुभूति फुटेर निस्की त्यस व्यक्तिको सम्पूर्ण चरित्र नै वदलिदिन्छ । कर्मफल सम्बन्धी नियमलाई न मान्ने हो भने तथा हामी आफ्ना अर्धचेतन स्मृतिमा आफना पूर्वजन्मका संस्कार तथा अनुभूतिहरू लिएर हिंडिरहेका हुन्छौं भन्ने स्वीकार नगर्ने हो भने यस्ता कुरा कसरी भएका मान्ने ? मानिसहरूमा पाइने सामान्य सहजवुद्धि (instinct) पनि पूर्वजन्ममा संचित अनुभूतिहरुका फल हुन् भन्न सकिन्छ ।

छोरी – **बुवा, हामीलाई पूर्वजन्ममा गरेका पापहरूको संझना नै छैन भने के तिनको निमित्त सजाय पाउनु उचित हुन्छ ?**

**बाबु** – तिमीले भनेका कुरा मानवनिर्मित कानून र सजायका सम्बन्धमा मात्र लागु हुन्छ, प्राकृतिक नियम र परिणामका सम्बन्धमा होइन । मानव निर्मित कृत्रिम कानूनमा कसैले गरेको अपराध र त्यसका लागि तोकिएको सजाय बीच सामान्यतः कुनै स्वाभाविक सम्बन्ध रहेको हुँदैन । उदाहरणार्थ–कसैले चोऱ्यो भने उसलाई कि त थुनिन्छ, कि ठिंगुरो लगाएर राखिन्छ अथवा उसको दाहिने हात काटिन्छ । देश र कालअनुसार सजाय भिन्न भिन्न हुन्छ र मनपरी समेत हुन्छ । यस्तो अवस्थामा चाहिँ तिमी भन्न सक्छयौ मानिसलाई संझना नै नरहेका अपराधका लागि सजाय दिनु अन्यायपूर्ण हुन्छ । तर प्राकृतिक नियमका सम्बन्धमा चाहिँ यो कुरा लागु हुँदैन । जस्तै, कसैले विष खायो भने ऊ मर्छ, विषखाएको उसले संम्झे पनि नसम्झे पनि । ईश्वर टाढा स्वर्गमा वसेर मानिसलाई दण्ड सम्बन्धी कानून अनुसार सजाय दिने कुनै न्यायाधीश

होइन । ऊ त हामी भित्र रहने आत्मा हो र उसका नियम हाम्रा स्वभावमा नै अन्तर्निहित रहेका हुन्छन् ।

**छोरी - यस जीवनमा मानिसको जन्म र उसको स्थिति पूर्वजन्मका कर्महरूद्वारा निर्धारित हुन्छन् भने उसले यस जन्ममा जे गरे पनि के काम ? सबै कुराहरू पूर्वनिर्धारित छन् भने उसलाई आफ्नो कामका लागि कसरी जिम्मेवार ठहराउन सकिन्छ ?**

**बाबु -** मानिसको ईच्छाशक्ति सदा स्वतन्त्र रहन्छ । नत्र नैतिक जीवन नै असंभव हुने थियो । सबै कुराहरू पहिले देखिनै निश्चित भईसकेका हुँदैनन् । आफ्ना जन्म, संस्कार, र वातावरणद्वारा निर्धारित सीमाभित्र रही मानिसलाई आफ्नो जीवन स्वंय निर्माण गर्ने प्रशस्त ठाउँ रहेको हुन्छ । गीतामा एक सांकेतिक उपमा दिएर जीवनलाई एक क्षेत्र (खेत) भनिएको छ । प्रत्येक जीवात्मा एक किसान हो जस्लाई एक टुक्रा खेत दिइएको हुन्छ । खेतको लम्बाइ चौडाइ, माटोको किसिम र जलवायु सबै पूर्वनिर्धारित हुन्छन् । तर खेतलाई जोत्ने, मलजल हाल्ने र त्यसमा उपयुक्त बाली लगाउने अथवा खेतको बेवास्ता गरी त्यसै खेर फाल्ने निर्णय गर्न किसान स्वतंन्त्र रहन्छ । यसै गरी हाम्रा जीवनमा पनि, पहिलेदेखि नै निर्धारित भएर रहेका तथा हामीले स्वयं निर्णय गर्न सक्ने, यी दुवै थरिका कुराहरू रहेका हुन्छन् । कर्मफल सम्बन्धी नियमले यी दुवै प्रकारका कुराहरू रहेको स्वीकार गर्दछ ।

**छोरी - हामी स्वयं निर्णय गर्न स्वतन्त्र रहेका कुराहरू तथा पहिले नै निर्धारित भइसकेका कुराहरू के के हुन् त ?**

**बाबु -** हिन्दु धर्मशास्त्रहरूमा मानिसको कर्मलाई तीन भागमा विभाजन गरिएको छ - १) प्रारब्ध, २) संचित र ३) आगामी । प्रारब्ध कर्म भनेको मानिसको संचित कर्मको त्यो अंश हो जसले यस जीवनमा फल दिन थालिसकेको छ । यो पहिलेदेखि नै निश्चित भइसकेको हुन्छ, र यसलाई टार्न सकिंदैन । प्रारब्धले जीवनमा यस्ता स्थितिहरू ल्याउँछ जसलाई मानिसले जतिसुकै प्रयत्न गरे पनि बदल्न सक्दैन जस्तै - हामीले जतिसुकै प्रयत्न गरे पनि हामी आफ्नो वंश, लिंग र त्वचाको रंग फेर्न सक्दैनौं । हामी आफ्नो शरीरबाट उफ्रेर बाहिर निस्कन सक्दैनौं । यस्ता कुरामा मानिस परिस्थितिद्वारा बाँधिएको हुन्छ भन्ने कुरा सबैले स्वीकार गर्दछन् । तसर्थ, प्रारब्ध भोगेर बाहेक

अरू केही गरेर पनि सिद्धिंदैन । मानिसले आफ्ना पहिलेका सबै जन्महरूम गरेर संचय हुन आएका कर्महरूलाई संचितकर्मको नाम दिइएको छ । पूर्वजन्मम आफूले गरेका कार्यहरूले गर्दा मानिसले केही संस्कार र प्रवृत्ति प्राप्त गर्दछ यी, वंश र लिङ्ग जस्तै अपरिवर्तनीय भने हुँदैनन् । निरन्तरको अभ्यासबाट खराब बानीलाई निर्मूल पारी तिनको सट्टा असल बानी बसाल्न सकिन्छ प्रारब्ध बारे केही गर्न सकिँदैन, तर संचित कर्मलाई भने तपद्वारा शोधन गर्न सकिन्छ । हाम्रा धर्मशास्त्रहरू भन्दछन् - प्रारब्धलाई केही गरे पनि टार्न नसकिए पनि संचित कर्मलाई भने ज्ञानद्वारा भष्म गर्न सकिन्छ । अन्तमा, आगामी कर्म भनेको यस जीवनमा अहिले गर्नलागिरहेको कर्म हो । यसको फल हामी आगामी जन्ममा पाउँछौं । यो पूर्णतया हाम्रो अधीन छ । हामीले जस्तो रोप्छौं त्यस्तै फल्छ । हाम्रा विचारहरू पवित्र, हाम्रा इच्छाहरू निःस्वार्थ र हाम्रा कार्यहरू सच्चरित्रतापूर्ण भएमा हामी आफनो लागि यस्ता स्थितिहरूको सृजना गरिरहेका हुन्छौं जस्ले पूर्णतातर्फको हाम्रो प्रगति तीव्र पार्दछन् । तर यदि हामीले पाप गर्‍यौं भने त्यसको दण्डस्वरूप हामीलाई अन्धकारले घेर्ने छ र संसारको नैतिक धरातलमा हामी तल झर्दै जानेछौं । र यसले गर्दा हामी आगामी जीवनमा तबसम्म दुःख पाउँदै जान्छौं जबसम्म यसको प्रतिकारात्मक दण्डले हामीमा बुद्धि र विवेकको उदय गराउँदैन ।

छोरी - **के यी सब प्रक्रियाहरू एउटै जीवनमा पूरा गर्न सकिंदैन ?**

**बाबु** - तिम्रो यस प्रश्नले गर्दा मलाई आश्चर्य लाग्यो । हामीमध्ये कति जना मोक्ष पाउँने अर्थात् ईश्वरजस्तै पूर्णता प्राप्त गर्ने अधिकारी भईसकेका छौं ? जीवात्माले एउटै जन्ममा गरेका कामहरूबाट नै उसले आफ्नो कामको शाश्वत पुरस्कार वा शाश्वत दण्ड पाउन सक्छ भन्ने कल्पना पनि गर्न सकिंदैन । किनभने त्यसो भयो भने त्यो पुरस्कार वा दण्ड घोर अन्यायपूर्ण हुने छ । लगातार कैयौं जन्मका निरन्तर प्रयासबाट मात्र मानिसले ईश्वरीय पूर्णता प्राप्त गर्न संभव छ । एउटै मात्र जीवनको आयु यस महान् उद्देश्यको प्राप्तिका लागि बिल्कुलै अपर्याप्त छ ।

छोरी - **तर एउटै जीवनको पूरा आयु पनि त सबैलाई प्राप्त हुँदैन । कोही थोरै आयुमै मर्दछन् र कोही धेरै बृद्धावस्थासम्म पनि बाँची नै रहन्छन् । यस्तो किन भएको होला ?**

**बाबु** – मैले अघि नै भनिसकें । हाम्रो संचित भएर रहेको कर्मको अथाह भन्डारको एक अंश मात्र एक जन्ममा फलीभूत हुन्छ । यस्तो प्रारब्ध अनुसार नै हाम्रो शरीर र हाम्रो वातावरणको जन्म भएको हुन्छ । प्रारब्ध सिद्धिएपछि जीवात्माले यस जीवनमा संगालेका अनुभव लिएर यस शरीरलाई छाडी अन्यत्र अर्को जन्म लिनु पर्ने हुन्छ ।

**छोरी – त्यसो भए के मृत्यु संजोग नभएर पूर्वनिर्धारित हुन्छ त ?**

**बाबु** – हामीलाई मृत्यु आकस्मिक भएको जस्तो लाग्न सक्छ । तर ईश्वरको इच्छाने नियम भएको तथा ईश्वरद्वारा शासित यस संसारमा संजोग कसरी रहन सक्दछ ? हाम्रो एक धर्मशास्त्रमा के भनिएको छ भने हजार वाणले छेडे पनि आफ्नो समय भन्दा पहिले कोही मर्दैन, आफ्नो समय सकिएपछि कुशको टुक्राले छोए मात्र पनि कोही बाँच्दैन ।

**छोरी – हुने कुरालाई कसैले टार्न सक्दैन भने, कर्मसम्बन्धी यस्तो नियमले हामी सबैमा निराशा उत्पन्न गर्दैन त ?**

**बाबु** – तर, हुने कुरा के हो भन्ने कुरा कसैलाई पनि थाहा हुदैंन नि । त्यसले गर्दा काम गर्ने प्रेरणा रहि नै रहन्छ । हामीले आफ्नो कर्तव्य पूरा गर्नु पर्छ र फल परमेश्वर माथि छाडिदिनु पर्दछ । प्रत्येक व्यक्तिले यस संसारमा घट्ने घटनाहरूलाई आफ्नो इच्छानुसार रोक्न वा बदल्न सक्ने भए यहाँ कस्तो अराजकता हुन्थ्यो होला ? कर्मसम्बन्धी नियमले त हामीमा निराशाको होइन आशाको संचार गर्दछ । यस नियमले हामीलाई के सिकाउँछ भने नैतिक र भौतिक दुवै जगत्मा संजोगले मात्र केही हुँदैन । आँधी, तूफान र ग्रहणलाई देवताहरूको क्रोधको द्योतक मानेर डराउने जंगली मानिसले प्रकृतिको नियम थाहा पाएपछि तिनबाट डराउन छाड्दछ । त्यसै गरी कर्मफल सम्बन्धी नियम थाहा पाएपछि हामी संजोग, दुर्घटना र भाग्यको जथाभावीपना संग डराउन छाड्दछौं । कानूनरहित जगत्मा हाम्रा प्रयासहरू निष्फल हुन्छन् । तर कानूनको शासन भएका ठाउँमा हामी आफूलाई सुरक्षित अनुभव गर्दछौं र आफ्नो ज्ञान र बुद्धिअनुसार काम गर्छौं । पापले दुःख दिन्छ, आफूले जस्तो रोप्यो उस्तै फल्छ, हाम्रो सम्पूर्ण भविष्य कुनै एक जीवनमा हामीले गरेको वा गर्न नसकेको कामबाट निश्चित हुँदैन, र आफुलाई सुधार्न हामी प्रशस्त मौका पाउँछौं, भन्ने थाहा पाए पछि हामीमा आशाको संचार हुन्छ । आफ्ना भाग्यका निर्माता हामी

स्वयं हौं र आफ्ना भूलहरूको सुधार गर्न कहिले अबेर हुँदैन भन्ने थाहा पाएपछि हामी आफूलाई बलियो र सुरक्षित ठान्दछौं । अनि हामी एक पूर्णतया लहडी ईश्वरको दयाका अधीन छैनौं भन्ठानेर खुशी हुन्छौं ।

छोरी – **त्यसो भए कर्मफलसम्बन्धी नियमको संचालनमा ईश्वरको कुनै हात छैन ?**
**बाबु** – यो सोध्नु भन्दा त बरू तिमीले प्रकृतिका नियमहरूको संचालनमा ईश्वरको हात छ छैन भनी सोधेको भए हुन्थ्यो । ईश्वर कानूनद्वारा कार्य गर्दछ । हामी जसलाई प्राकृतिक वा नैतिक नियम भन्छौं त्यो उसैको इच्छाको मूर्तरूप हो । साथै, ईश्वरले सबै कुरा नियमहरू माथि मात्र छाडेको पनि छैन । हाम्रा धर्मशास्त्रले उसलाई कर्माध्यक्ष अर्थात् कानूनको सुपरीक्षक भनेका छन् । ईश्वरले यस्तो संसारको सृष्टि गरेको छ जहाँ प्रत्येक जीवात्माले पूर्वजन्ममा प्राप्त गरेका स्वभाव अनुकूल वातावरणमा जन्म लिन्छ । ऊ एउटा माली जस्तै हो जसले बिऊ रोप्ने आफ्नो खेतमा खनजोत गरेर मलजल हाल्छ । उसले बिउलाई उम्रिन र हुर्कन मद्दत गर्छ तर उम्रेको विरूवा बढेर कस्तो हुन्छ त्यो त बिउको गुण र किसिममाथि नै निर्भर गर्छ ।

छोरी – **बुवा, हजुरले भन्नु भयो यस जीवनमा देखिएका विषमताहरू मानिसले पूर्वजन्ममा गरेका कर्मले गर्दा भएको हो, ईश्वरले गर्दा होइन । त्यसो भए ईश्वरले सबै जीवात्माहरूलाई सृष्टिको प्रारंभमा समान बनाएको थियो त ?**
**बाबु** – सृष्टिको कुनै प्रारम्भ नै छैन, र जीवात्माहरूको सृष्टि कहिले पनि गरिएको थिएन । हाम्रो धर्मशास्त्र अनुसार संसार अनादि छ । यो सदा ईश्वरमाथि आश्रित छ जो स्वयं शाश्वत छ । कल्पको अर्थात् सृष्टिको अन्तमा पनि यो संसार उसको प्रकृतिमा सूक्ष्म रूपले रहिरहन्छ ।

छोरी – **कर्मफलसम्बन्धी नियम सधैं चलिरहने भए के हामीले कुनै समय यसको अतिक्रमण पनि गर्न सक्छौं ?**
**बाबु** – तिम्रो प्रश्नले मलाई आश्चर्य लाग्यो । गुरूत्वाकर्षणको नियम (Law of gravity) सदासर्वदा काम गरिरहन्छ । तर के हामी भऱ्याङ चढेर माथि जाँदा यसको अतिक्रमण गरिराखेको हुँदैनौं ? कर्मफल सम्बन्धी नियमले त हामीले कुन स्थितिमा रहेर काम गर्नु पर्ने हुन्छ त्यो मात्र भन्छ । गुरुत्वाकर्षणको नियमले हामीलाई माथि जानु वा तल जानु नभने जस्तै कर्मफल सम्बन्धी नियमले पनि हामीलाई यस्तो काम गर्नु वा यस्तो काम नगर्नु भन्दैन । जसरी हामी

गुरुत्वाकर्षणको नियम अतिक्रमण गरेर अग्ला अग्ला घर बनाउँछौं, त्यसै गरी कर्म सम्बन्धी नियमको अतिक्रमण गरेर हामी आफ्नो भावी सुख शान्तिको निर्माण पनि गर्न सक्छौं । मैले पहिले पनि भनिसकें - हामी यसै जीवनमा पनि आफ्नो नियति सीमित मात्रामा बदल्न सक्छौं ।

छोरी - **के हामी अरूको नियतिलाई पनि बदल्न सक्छौं ?**
**बाबु** - सक्छौं, तर सीमित मात्रामा । कुनै किसानले परिश्रमद्वारा आफ्नो बालीको गुणस्तर वा परिमाणमा परिवर्तन गर्न सक्छ भने आफ्नो छिमेकीलाई सल्लाह दिएर वा स्वयं उदाहरण बनेर वा सहायता गरेर उसको बालीमा पनि परिवर्तन ल्याउन सक्दछ ।

छोरी - **पूर्वजन्ममा गरेको खराब कामले गर्दा कसैले यस जीवनमा दुःख पाइरहेको छ भने हामीले किन हस्तक्षेप गरेर उसको दुःख कम गर्ने त ?**
**बाबु** - आफूले गरेका नराम्रो कामले गर्दा मानिसले दुःख पाउँछ भने आफूले गरेका असल कामले गर्दा सहायता पनि पाउँछ । यस संसारमा धेरै जसो मानिसहरू नै एक अर्काको नियतिका माध्यम हुन्छन् । यदि दुःख पाइरहेको कसैलाई हामीले मद्दत गर्न सकेनौं भने उसलाई मद्दत गर्ने अरू नै कोही निस्कन्छ र हामीले चाहिँ आफ्ना निष्ठुरताका लागि दुःख पाउनुपर्ने हुन्छ ।

छोरी - **के संसार एक न्यायिक व्यवस्था हो जहाँ प्रत्येक व्यक्तिले आफूले पाउनु पर्ने फल निश्चित रूपले पाउँछ ?**
**बाबु** - त्यसो होइन । परिवारभित्र प्रत्येक केटाकेटीले आफूलाई माया गर्ने एक न्यायी बाबुबाट आफूले पाउनु पर्ने कुरा पाउँछ भन्दैमा परिवारलाई एक न्यायिक व्यवस्था भन्न मिल्दैन । संसारलाई वास्तवमा एक शैक्षिक व्यवस्था भन्नु बढी उपयुक्त हुने छ किनभने यहाँ शिक्षकले विद्यार्थीलाई आफ्ना कामकार वाई र तिनको स्वाभाविक परिणाम देखाएर स्वयं शिक्षित हुने अवसर दिन्छ र शिक्षक स्वयं पनि विद्यार्थीलाई सल्लाह दिन, मद्दत गर्न तथा बचाउन सधैं तत्पर रहिरहन्छ ।

छोरी - **ईश्वरले हामीलाई कुन प्रकारले मद्दत गर्छ वा बचाउँछ ?**
**बाबु** - हामी पूर्णतया ईश्वरको शरण पर्‍यौं भने उसले आफ्नो कृपाद्वारा हामीलाई कर्मफलको नियम लागु हुने क्षेत्रभन्दा माथि उठाइदिन्छ ।

**छोरी – के कर्मफलको नियम नलाग्ने ठाउँ पनि छ ?**

**बाबु** – छ । मैले, कर्मफलसम्बन्धी नियम नैतिक जगतमा मात्र लाग्छ भनेको थिएँ तर नैतिक जगत भन्दा पर एक आध्यात्मिक जगत् पनि छ जहाँ सबै विभेदहरू समाप्त हुन्छन्, जहाँ असल र खराबका बीचको सङ्घर्ष शान्त हुन्छ र जहाँ हाम्रा पापी प्रवृत्तिहरू ईश्वरको अनुग्रहबाट विलाएर जान्छन् । त्यहाँ 'प्रारब्ध' बाहेक कर्मफलसम्बन्धी नियमका अन्य कुराका लागि कुनै स्थान हुँदैन किनभने भौतिक जगत् कारणत्व सम्बन्धी नियम (Law of causation)को अधीन, र नैतिक जगत् कर्मफलसम्बन्धी नियमका अधीन रहे जस्तै आध्यात्मिक जीवन प्रेमको नियमका अधीन छ । गीताले हामीलाई भनेको छ : मानिसको आध्यात्मिक प्रगति दुई किसिमका चरित्रहरू – सक्त र युक्त – बीच हुन्छ । सक्त संसार प्रति आसक्त रहेर काम गर्दछ, र युक्त चाहिँ ईश्वरप्रति आसक्त भएर काम गर्दछ । ती दुवै उत्साहपूर्वक काम गर्दछन्, तर उनीहरूको काम गर्ने कारण र तसर्थ परिणाममा समेत ठूलो अन्तर हुन्छ । संसारी व्यक्तिले गरेका कामको परिणाम बन्धन हुन्छ किनभने स्वार्थले प्रेरित भएर गरिएका सबै असल वा खराब कामले मानिसलाई संसार-चक्रमा बाँध्दछन् । तर ईश्वरप्रति आसक्त मानिसले गरेका कामको परिणाम मुक्ति हुन्छ किनभने ईश्वरमा सहयोग चढाउने इच्छाद्वारा प्रेरित सबै कामहरूले जीवात्मालाई मुक्ति दिन्छन् । ईश्वर यस जगतमा कानून र व्यवस्था कायम राख्न निरन्तर काम गरिरहन्छ तापनि कर्मफल सम्बन्धी नियमले उसलाई भने बाँध्दैन । हामीले ईश्वरको शरण परेर ऊसंग तालमेल राखेर काम गऱ्यौं भने हामी कर्मफलको अथवा प्रतिकारात्मक व्यवस्थाको शासनबाट उम्किन सक्छौं । गीतामा भनिएको छः –

*"तिमी जे गर्छौ, जे खान्छौ, जे चढाउँछौ, जे हवन गर्दछौ, जे दान गर्दछौ, जे तप गर्दछौ, ती सब मलाई अर्पण गर । यस प्रकारले सबै कर्म ममा अर्पण गर्ने संन्यासयुक्त मन भएका तिमी शुभ अशुभ फल दिने कर्मका बन्धनबाट मुक्त हुनेछौ र यस प्रकार मुक्त भएर ममा प्राप्त हुनेछौ" ।*

यस प्रकारको कर्मलाई निष्काम कर्म वा निःस्वार्थ कर्म भन्दछन् । 'कर्मयोग' पनि यसैलाई भन्दछन् ।

छोरी – **त्यसो भए के कर्मयोग, कर्मफलसम्बन्धी नियमको विरूद्ध छ ?**

**बाबु –** त्यसो होइन । कर्मफलको नियम उर्लंदो छाल हो भने कर्मयोग शान्त र गहिरो सागर हो । कर्मयोगले हामीलाई कर्मफलको नियम लाग्ने नैतिक जगत्मा भइरहने सङ्घर्षबाट भगवद्‌कृपाको उच्चतर नियमको साम्राज्य भएको आध्यात्मिक जगत्‌को शान्तितर्फ लैजान्छ ।

छोरी – **'कृपा' भनेको के हो ?**

**बाबु –** कृपा भनेको आत्मामा ईश्वरको चेतना जागृत हुनु हो । यो बाहिरबाट आउने कुरा होइन । जब आफ्ना अन्तरात्मामा रहेको ईश्वरप्रति हामीमा चेतना जागृत हुन्छ र हामी उसको इच्छाअनुरूप चल्दछौं तब हामीमाथि भगवद्‌कृपा भएको सम्झनु पर्दछ । अनि हामी ईश्वरको लोकमा प्रवेश गऱ्यौं भने हुन्छ ।

छोरी – **के भगवद्‌कृपाबाट हाम्रो अतीत मेटिन र हाम्रा पापहरू पखालिन सक्छन् ?**

**बाबु –** भगवद्‌कृपा भए पछि हामी आफ्ना पापहरूको फलको वास्ता गर्दैनौं । परमेश्वरको कृपाबाट हाम्रो अतीत मेटिने होइन, त्यसको फलप्रति हामी उदासीन मात्र बन्दछौं । अरू जस्तै हामी पनि आफूले बनाएकै बिछौनामा सुत्छौं तर हामी परमेश्वरको प्रेमले घेरिएर रहेका हुन्छौं र त्यसले हामीलाई सबै असुविधाबाट बचाउँछ । भगवानका परमभक्तहरू आफ्ना जीवनका दुःखहरूलाई कहिल्यै अनुभव गर्दैनन् । भगवद्‌प्रेमको परंभावनाले गर्दा उनीहरू आफना पीडालाई पूर्णतया बिर्सन्छन् किनभने उनीहरू यस्ता संसारमा प्रवेश गरिसकेका हुन्छन् जहाँ, उपनिषद्‌अनुसार, *"अन्धो मानिस अन्धो रहदैंन, पीडित मानिस पीडित रहदैंन र दुखी मानिस दुःखी रहदैंन"* ।

छोरी – **के हामी यसै जीवनमा यस्तो संसारमा प्रवेश गर्न सक्छौं ?**

**बाबु –** सक्छौं, यसै क्षण पनि सक्छौं । हामीलाई यस्तो संसारमा प्रवेशगर्न समर्थ तुल्याउन नै पहिलो आरोहणको अनुशासन सम्बन्धी यी नियमहरूको तर्जुमा गरिएको हो ।

## परिच्छेद-३
# दोस्रो आरोहण

### १
### नैतिकता र धर्म - भक्तिको अर्थ - ईश्वरका स्वरूपहरू - इष्टदेवताको सिद्धान्त - मूर्तिहरूको पूजा - हिन्दुकलाका उद्देश्यहरू

**छोरी - बुवा, म हजुरलाई दुःख दिन फेरि प्रश्नहरू लिएर आइ पुगें । आज हाम्रो भेट गर्ने दिन हो ।**

**बाबु -** छोरी, मलाई केही दुःख हुँदैन । तिमीसंग कुरा गर्दा म सोच्दै र बोल्दै जान्छु । हामी धार्मिक व्यक्तिहरू हौं भन्न हामी हिन्दुहरू रूचाउँछौं । हाम्रा नीतिशास्त्र, समाजशास्त्र, राज्यनीति, कला इत्यादि सबै धार्मिक दर्शनमा आधारित छन् । धर्म नै हाम्रो इतिहास बुझ्ने स्रोत पनि हो । तर याद राख, धर्म भनेको धर्मको नाममा गरिने बाहिरीक्रियाहरू मात्र होइन । धर्मको सम्बन्ध मुख्यतः ज्ञान, आचरण र अनुभूतिसंग रहेको हुन्छ । तसर्थ प्रत्येक हिन्दु बालबालिका र नरनारीले आफ्नो धर्मका मूल कुराहरू के हुन् सो राम्ररी बुझ्न आवश्यक छ । हिन्दुहरूले आफ्ना धर्ममा रहेका अनेकानेक संप्रदाय र कर्मकाण्डका सतहमुनि रहेका आधारभूत कुराहरूलाई राम्ररी बुझ्न र याद राख्न सकेनन् भने उनीहरू अन्तमा अन्धविश्वासका शिकार हुन जाने छन् । र अन्धविश्वासभन्दा धर्मको अर्को ठूलो शत्रु कुनै छैन ।

**छोरी - बुवा, मैले हजुरलाई दुख्ख दिएको छैन भन्ने सुन्दा खुशी लाग्यो। हजुरले मलाई प्रकाशको बाटोमा पुर्‍याईदिनुभएको छ । म यस बाटोको आफुले सकेसम्म अनुसन्धान गर्दै जाने छु । अब म आफ्ना प्रश्नहरू लिएर अगाडि बढ्छु । यसभन्दा पहिले हजुरले भन्नुभएको थियो - नैतिक अनुशासनले हामीलाई आध्यात्मिक जगत्मा प्रवेश गर्न समर्थ बनाउँछ, र त्यहाँ दैवी प्रेम र कृपाको नियम चल्छ । अब मेरो प्रश्न छ - के नैतिक जीवन मात्र मानिसको मुक्तिका लागि पर्याप्त छैन ?**

**बाबु -** नैतिकता स्वयं धर्म होइन, जुन प्रकारले मन्दिरको ढोका स्वयं मन्दिर होइन । ईश्वर-प्राप्ति तर्फको पहिलो आरोहणमा हिन्दुधर्मले नैतिक पवित्रता

प्राप्त गरी धर्मात्मा बन्नुपर्ने कुरामा जोड दिन्छ । यसले के सिकाउँछ भने निरन्तर र कठिन परिश्रमद्वारा मन वचन र कर्मले पवित्र नभई तथा आवश्यक योग्यता र अधिकार प्राप्त नगरी कसैले आध्यात्मिक जगत् छ भन्ने पनि थाहा पाउँदैन । तर, नैतिक पूर्णता वा नैतिकताको अन्तिम सीमा भने हुँदैन । नैतिकताको क्षेत्रमा हामीले प्राप्त गरेको प्रत्येक सफलता पछि हामी अझै उच्चतर आदर्शहरू देख्न थाल्छौं । यी आदर्शहरूको तुलनामा हामीलाई पाप र क्षुद्रताको आफ्नो वर्तमान जीवन तुच्छ लाग्न थाल्दछ । नैतिकता भनेको क्षितिज जस्तै हो । हामी जति अगाडि बढ्दै जान्छौं त्यो त्यत्ति नै पछि सर्दै जान्छ । नैतिकताले हामीलाई अझै के प्राप्त गर्न बाँकी नै छ भन्ने कुरा बताउँछ र हामीलाई आफूबाट टाढा राख्दै हामीलाई आफ्ना कमी कमजोरीहरूको निरन्तर संझना गराइरहन्छ । यस प्रकार हामी आफू निःसहाय भएको अनुभव गर्दछौं । आफ्नो यस्तो निःसहाय अवस्थामा, आशाको किरण देखाउने र एक बढी व्यापक, बढी पवित्र र बढी उन्नत जीवनतर्फ लैजाने वस्तुका लागि हामी लालायित हुन्छौं । धर्म भनेको यही वस्तु हो ।

छोरी - **त्यसो भए नैतिकताले सधैं धर्मका लागि ठाउँ छाडिदिनु पर्छ त ?**

**बाबु** - नैतिकताले सधैं सच्चा धर्म तिर लैजान्छ । र सच्चा धर्मले सधैं नैतिकतालाई सुदृढ पार्दछ । कसैको धर्मले कुनै अनैतिक कामलाई प्रश्रय वा प्रोत्साहन दिन्छ भने त्यस धर्ममा अवश्य केही त्रुटि छ भन्ने संझनु पर्दछ । कहिलेकाहीं शंकास्पद कुराहरू धर्मको ओढ्ने ओढेर नैतिकताको बाटोमा तेर्सिएका हुन्छन् । धर्मको नाममा, हाम्रो नैतिक भावनामा ठेस लाग्ने वा मानवताका आधारभूत नियमहरूसंग मेल नखाने काम (जस्तैः आफ्नो धर्म बाहेक अरू धर्म मान्नेहरूलाई सताउने वा दुःख दिने) गरिन्छ भने त्यस्ता धर्मभन्दा नैतिकतालाई नै बढी कल्याणकारी मान्नुपर्छ । हामीले सच्चा धार्मिक व्यक्ति र नक्कली धार्मिक व्यक्तिका बीच फरक देख्न सक्नुपर्छ । नक्कली धार्मिक व्यक्ति एक नैतिक व्यक्तिभन्दा तल्लो स्तरको हुन्छ, तर एक सच्चा धार्मिक व्यक्ति भने मात्र नैतिक व्यक्तिभन्दा श्रेष्ठ हुन्छ ।

छोरी - **एक सच्चा धार्मिक व्यक्ति, एक नैतिक व्यक्तिभन्दा कुन प्रकारले भिन्न हुन्छ ?**

**बाबु** - यो त अंशी, अंशभन्दा कसरी भिन्न छ भनेर सोधे जस्तो भयो ।

नैतिक व्यक्ति एक ईमान्दार ज्यालादारी सैनिक (mercenary) जस्तो हो भने धार्मिक व्यक्ति एक उत्कृष्ट देशभक्त जस्तै हो । दुवै राम्रोसंग लड्दछन् । तर, केवल नैतिक जीवनले हामीमा प्रेम, आनन्द र उत्कर्षको अनुभूति तथा साहस र आत्म-उत्सर्गको भावना उत्पन्न गर्न सक्दैन जो एक धार्मिक जीवनले गर्दछ । केवल नैतिकताले मात्र हाम्रो पृथकताको भावना र पापको नाश गर्न सक्दैन ।

छोरी - **धार्मिक जीवनले तिनको नाश गर्छ त ?**

**बाबु** - वास्तवमा, धार्मिक जीवनले पनि तिनीहरूको नाश नै त गर्दैन, तिनलाई प्रभावहीन मात्र पारिदिन्छ । ईश्वर पवित्रताको उत्कर्ष हो । र आर्तभावले उसको शरण पर्‍यौं भने हामी आफ्ना पापलाई पछि छाडी अगाडि पुग्दछौं ।

छोरी - **तर आर्तभावले ईश्वरको शरण कसरी पर्ने ?**

**बाबु** - हामीले आज छलफल गर्ने दोस्रो आरोहणको सम्पूर्ण विषय नै यही हो । पहिलो आरोहण, समाजभित्रै मानिसहरूका पारस्परिक जटिल सम्वन्धका बीच रहेर पूरा गर्नुपर्ने थियो । तर पहिलो आरोहणको शिखरमा पुगेर दोस्रो आरोहणको यात्रा प्रारम्भ भएपछि मानिसहरूसंगका सम्वन्ध पछि छुट्दै जान्छन् र तिमीले त्यो यात्रा एक्लै गर्नुपर्ने हुन्छ । बाटामा, अन्धकारका बीच तिमी क्षीण प्रकाश देख्छ्यौ, तर त्यो पनि चाँडै नै विलाएर जान्छ र पुनः अन्धकार हुन्छ ।

छोरी - **त्यसो भए के ईश्वर प्रारंभमा एक अस्थिर प्रकाश जस्तै हुन्छ त ?**

**बाबु** - ईश्वर त स्थिर प्रकाश नै हो । अस्थिर त हामी हौं । उसलाई शरीरका आँखाले देख्न सकिदैन । उसलाई देख्न त आत्माको आँखा खुल्नु पर्छ र दृष्टिमा एकाग्रता पनि हुनु पर्दछ ।

छोरी - **यस्तो कसरी हुन्छ ?**

**बाबु** - प्रार्थना, ध्यान र प्रेम अर्थात् भक्तिद्वारा हुन्छ ।

छोरी - **भक्ति भनेको के हो ?**

**बाबु** - नारदभक्तिसूत्रका रचयिता महान् भक्त नारदले, ईश्वरप्रतिको उत्कट प्रेम नै भक्ति हो भनी परिभाषा गरेका छन् । उनी भन्छन् - *"ईश्वरलाई प्रेम गर्ने*

*मानिसलाई कुनै चाहना र दुःख हुँदैन । ऊ, न घृणा गर्दछ न हर्षित हुन्छ, न आफ्नो कुनै स्वार्थको पूर्ति गर्न लागिपर्छ । भक्तिबाट नै उसलाई असीम आनन्द मिल्छ, भक्तिबाट नै उसले शक्ति पाउँछ र सधैँ आफूमै आनन्दरत रहन्छ"* । भक्तिको वर्णन गर्दै उनी अगाडि भन्दछन् – *"भक्ति सूक्ष्म, निःस्वार्थ, अविरल र निरन्तर बढ्दै जाने अनुभूति हो । यसको एक पटक मात्र अनुभव गर्ने व्यक्तिले पनि त्यसै (ईश्वर) लाई मात्र देख्दछ, त्यसैलाई मात्र सुन्दछ र त्यसैलाई मात्र बोल्दछ, किनभने ऊ त्यसको मात्र विचार गर्दछ ।"*

छोरी – **के ईश्वरले यस्तो तीव्र भावनाको प्रत्युत्तर दिन्छ ?**

**बाबु** – दिन्छ । परमेश्वरको कृपा वा प्रसाद नै मानिसको भक्तिको प्रत्युत्तर हो । सबै महान हिन्दु सन्तहरूले हामीलाई यही सिकाएका छन्ः– जसरी रात पछि दिन अवश्य आउँछ, त्यसै गरी सच्चा भक्तिपछि भगवान्को कृपा अवश्य पाइन्छ । नारदभक्तिसूत्रका रचनाकार भन्दछन्ः– *"परमेश्वरलाई सधैँ सम्पूर्ण चित्तले पूजा गर । मनलगाएर उसको स्तुति गर, ऊ तिम्रो समक्ष प्रकट हुन्छ र तिमी उसको उपस्थितिको अनुभव गर्ने छौ"* । *श्री*कृष्णले गीतामा भन्नुभएको छ –

*"मेरो निरन्तर ध्यान गर्ने र प्रेमपूर्वक पूजा गर्नेहरूलाई म त्यो योगबुद्धि दिन्छु जसले गर्दा उनीहरू ममा प्राप्त हुन्छन् । ती भक्तहरू माथि कृपा गर्न, म स्वयं उनीहरूको अन्तःकरणमा बसी अज्ञानद्वारा उनीहरूमा उत्पन्न भएको अहंकारलाई ज्ञानको दियोले नाश गरिदिन्छु"* ।

छोरी – **परमेश्वर आफूलाई पूजा गर्ने मानिसका समक्ष प्रकट हुन्छ भनी हजुरले भन्नुभयो । यस्ता मानिसहरूका समक्ष परमेश्वर कुन प्रकारले प्रकट हुन्छ ?**

**बाबु** – परमेश्वर तिमीले पूजा गरेकै रूपमा प्रकट हुन्छ । कृष्णले गीतामा भन्नुभएको छ – *"मानिसहरूले मलाई जुन रूपमा पूजा गर्छन् म उनीहरूलाई त्यसै रूपमा स्वीकार गर्छु ।"* तिमी उसलाई नारायणको रूपमा पूजा गर्छौ भने ऊ तिम्रो समक्ष नारायणका रूपमा, शिवको रूपमा पूजा गर्छौ भने शिवका रूपमा, देवीको रूपमा पूजा गर्छौ भने देवीका रूपमा प्रकट हुन्छ । अथवा, कुनै अवतारको रूपमा पूजा गर्छौ भने ऊ सोही रूपमा तिम्रो मनका आँखा समक्ष प्रकट हुन्छ । जस्तै– तुलसीदास समक्ष ऊ रामको रूपमा, चैतन्यको समक्ष कृष्णको रूपमा र रामकृष्णको समक्ष माता कालीको रूपमा प्रकट भयो । गीताले भनेको छ –

*"जुन भक्तले जुन स्वरूपको श्रद्धापूर्वक पूजा गर्ने इच्छा गर्दछ, म उसको श्रद्धा त्यसै स्वरूपमा स्थिर गरिदिन्छु ।"*

छोरी – **के नारायण शिवभन्दा बेग्लै हुन् ? ब्रहमा, बिष्णु र शिव यी तीनै परमेश्वर नारायणका अधीन होइनन् ?**

**बाबु** – त्यसो होइन, छोरी । ईश्वर एउटै छ । वेदले उसलाई अलिङ्गी 'ब्रहम' भनेको छ किनभने दैवत्व (Godhead) मा लिंगको आधारमा भेद छैन । कहिले त उसलाई 'तत्' अर्थात 'त्यो' मात्र पनि भनिएको छ किनभने उसको अनन्तताको वर्णन गरिसाध्य छैन । यस जगत्का सम्बन्धमा 'ब्रहम'लाई ईश्वर भन्दछन् । ईश्वरलाई सृष्टिकर्ताको रूपमा ब्रहमा, पालनकर्ताको रूपमा विष्णु र संहारकर्ताको रूपमा रूद्र भन्दछन् । यी विभिन्न नामहरूले एउटै ईश्वरका विभिन्न पक्षलाई जनाउँछ । त्यसैले यिनलाई त्रिमूर्ति (तीन रूप भएका) पनि भन्दछन् । विष्णुपुराणले भनेको छ – *"एउटै ईश्वर जनार्दनलाई, सृष्टि गर्दा ब्रहमा, पालन गर्दा विष्णु र संहार गर्दा रूद्र भन्दछन्"* । सामान्य धार्मिक प्रचलनमा चाहिँ यिनीहरू आआफ्ना बेग्लै लक्षण, निवास, वाहन इत्यादिले युक्त छुट्टाछुट्टै देवताको रूपमा रहेका छन् । यस प्रकार, ईश्वरका उक्त तीन पक्ष सम्बन्धी भावात्मक धारणालाई जनसाधारणका लागि बेग्ला बेग्लै मूर्तरूप दिइयो । कुनै समय यो एक जीवन्त प्रतीक थियो ।

छोरी – **ब्रहम, विष्णु र शिवका आआफ्ना पत्नी हुनु केको प्रतीक हो नि ?**

**बाबु** – अलि विचार गऱ्यो भने सबै कुरा स्पष्ट हुने छ । यस जगत्को सृष्टि गर्ने, पालना गर्ने र संहार गर्ने शक्ति ईश्वरमा रहेको छ भन्ने कुरा त हामीले बुझिसक्यौं । यो शक्ति ईश्वरमा अभिन्न रूपले रहेको छ । जसरी सूर्यबाट सूर्यको प्रकाशलाई छुट्याउन सकिँदैन, त्यसैगरी ईश्वरबाट शक्ति (सृष्टि, पालन, र संहार गर्ने शक्ति) लाई छुट्याउन सकिँदैन । तसर्थ लोकप्रचलित धर्ममा त्यो शक्तिलाई ईश्वरको पत्नीको मूर्तरूप दिएर प्रस्तुत गरिएको छ । हिन्दुधर्मको एक महत्वपूर्ण सम्प्रदायमा 'शक्ति' लाई जगत्की माताको रूपमा पूजा गरिन्छ । 'शक्ति' भनेको जगत्को सृष्टि, पालन र संहारमा संलग्न ईश्वरको सक्रिय पक्ष हो । सरस्वतीका रूपमा शक्ति ईश्वरको बुद्धि र कला हुन्, लक्ष्मीका रूपमा उनी ईश्वरको प्रसाद वा कृपा हुन् जसले कसैलाई समृद्धि प्रदान गर्छिन् भने कसैलाई मुक्ति । उमाको रूपमा उनी वन र पर्वतको विशुद्ध पवित्रता हुन् ।

देवीभागवद्‌मा उनीलाई प्रलयकालमा प्रकट हुने र आफू भित्र सबै कुराहरूको बिउ लुकाई संरक्षण गरेर राख्ने शक्तिका रूपमा वर्णन गरिएको छ ।

छोरी - **एउटै ईश्वरका विभिन्न कार्य र शक्तिलाई विभिन्न तरीकाले विभाजित गरी तिनीहरूलाई मूर्तरूप समेत दिनाले मानिस भ्रममा त पर्दैनन् ?**

**बाबु** - खोई, म के भनूँ ? तिम्रो विचारमा, के एउटै देशलाई घेर्ने सागरको विभिन्न नाउँहरूले-जस्तै हिन्दमहासागर, बंगालको खाडी, अरबसागर - हामीलाई धेरै अलमलमा पारेका छन् र ? हिन्दु धर्म बहुतै जटिल परिस्थितिमा विकसित भएको थियो भन्ने कुरा तिमीले बिर्सनु हुन्न । एक सानो र एकरूप समाजमा समेत सबैलाई चित्तबुझ्ने धार्मिक सिद्धान्त पत्ता लगाउन गाहारो हुन्छ । युवाहरूलाई चित्त बुझ्ने सिद्धान्तले बुढाहरूलाई संतुष्ट पार्न नसक्ला, र मजदुर हरूलाई चित्तबुझ्ने कुराले विद्वानहरूलाई संतुष्टि दिन नसक्ला । एउटै सिद्धान्तको खोपाभित्र विभिन्न विचारका मानिसलाई कोचेर राख्नु त हिंसाको प्रयोग गरे जस्तै हुन्छ । एक विशाल महाद्वीपभरि फैलिएको तथा विभिन्न जातजातिका विभिन्न स्तरका अनेकौं संस्कृतिहरूलाई समेटेर रहेको समाजमा त यो काम झन हजारौं गुना बढी कठिन हुन्छ । हिन्दुधर्मको घेराभित्र पर्ने विभिन्न जातिहरूका आफ्नै देवीदेवता, आफ्नै रीतिरिवाज र कर्मकाण्ड तथा उपसनाका आफ्नै विधिविधान थिए । यस परिस्थितिमा हिन्दुधर्मको समक्ष, यिनीहरू सबैमा सामंजस्य ल्याई सबैलाई स्वीकार्य हुने कुरा के छन् ती सबै पत्ता लगाउने कठिन कार्य उपस्थित थियो । तर, सौभाग्यवश वैदिककालका हाम्रा ऋषिमुनिहरूले पत्ता लगाएका **"एकं सद् विप्राः बहुधा वदन्ति"** अर्थात् एक भएर रहेका यी परमेश्वरलाई विद्वानहरू नाना प्रकारले बताउँदछन् भन्ने यो सिद्धान्त लचिलो थियो र यसले आर्यजातिको गहिरो आध्यात्मिक चेतनामा कुनै आघात नपुऱ्याई, हिन्दु देवसमूहमा अनेकानेक देवीदेवताहरूलाई समावेश गर्न सक्यो । विभिन्न जातजातिका देवीदेवताहरू, विभिन्न धार्मिक एकाइहरू र धार्मिक रीतिरिवाज तथा कर्मकाण्डहरूका अनेकौं विविधता र पारस्परिक द्वन्द्वका बीच पनि उपनिषद्‌का दर्शनहरूको अखण्डता अझै कायम छ - यो एक महान आश्चर्यको कुरा हो । हिन्दुधर्म भित्र सयौं बर्षसम्म चलिरहेको समीकरणको प्रक्रियाबाट "इष्टदेवता" र "अधिकार" का दुई हिन्दु धारणा वा सिद्धान्तहरू विकसित भएका छन् ।

**छोरी – इष्टदेवता सम्बन्धी सिद्धान्त के हो ?**

**बाबु –** हाम्रो धर्ममा, मानिसका मनले विगतमा कल्पना गरेका र धर्मशास्त्रहरूमा उल्लेख गरिएका ईश्वरका विभिन्न स्वरूपहरूमध्ये आफ्नो आध्यात्मिक उत्कण्ठा पूरा गर्ने कुनै एकलाई छान्न तथा त्यसलाई आफ्नो प्रेम र पूजाको पात्र बनाउन उपासकलाई शिक्षा दिइन्छ । उसको इष्टदेवता त्यही हो । त्यो त्रिमूर्तिमध्ये कुनै एक, अवतारहरूमध्ये कुनै एक, वा शक्तिका अनेकौं रूपमध्ये कुनै एक हुन सक्छ । अथवा त्यो कुनै स्थानीय जातजातिका देवीदेवताको, आँखाले देख्न सक्ने गरी बनाइएको मूर्ति पनि हुन सक्दछ ।

**छोरी – मूर्तिपूजा त उपासनाको एक अपरिष्कृत पद्धति होइन र ?**

**बाबु –** प्रतिमाको उपासनालाई मूर्तिपूजा भन्नु ठीक हुँदैन किनभने धर्मशास्त्रहरूले, पूजा गर्नका लागि सिफारिश गरिएका प्रतिमालाई ईश्वर भनेका छैनन् । एउटा उपनिषद्मा भनिएको छ – *"त्यसको कुनै मूर्ति हुन सक्दैन"* । हाम्रा धर्मशास्त्रहरूले स्पष्ट शब्दमा, प्रतीक ईश्वर होइन, मनलाई ईश्वरमा लगाउने एक साधन मात्र हो भनेका छन् । यस प्रकारको उपासनामा, ईश्वर नै उपसनाको पात्र हुन्छ र उसलाई तत्कालका लागि प्रतीकमा प्रतिष्ठापन गरिन्छ । उसलाई आवाहन गरिन्छ, प्रतिष्ठापन गरिन्छ र अनि षोडशोपचार विधिअनुसार पूजा गरिन्छ र अन्तमा उसको वास्तविक स्थान अर्थात् हृदयमा, पुनः स्थापित गरिन्छ । मानिसको भक्तिलाई एक निश्चित रूप दिन यस प्रकारको उपासना-पद्धतिको प्रयोग गरिन्छ । मूर्तिले जनसाधारणका लागि त्यही काम गर्छ जो एक झन्डाले सेनाका लागि गर्दछ । यसले मानिसको भक्तिलाई त्यसै गरी केन्द्रित गर्छ जसरी झन्डाले सैनिक वीरतालाई गर्दछ । साथै, हिन्दुधर्मले स्पष्ट भनेको छ – प्रतिमाको पूजाभन्दा मानसिक पूजा श्रेष्ठ हो । तर, सबै पूजा मूलभूत रूपमा मूर्ति-पूजा नै हुन् भन्ने त मान्नै पर्छ । निराकारलाई हामीले जे आकार वा रूप दिए पनि त्यो मूर्ति नै हो । आदिवासीले कुनै ढुंगामा हात र टाउको कोर्छ र त्यसलाई ईश्वर भन्दछ । सभ्य व्यक्तिचाहिँ आँखा चिम्लेर टाउको, हात, गोडा भएको रूपको कल्पना गर्दछ र त्यसलाई ईश्वर भन्दछ । तर यी दुवै मूर्ति हुन् । दुवैमा भेद किसिमको होइन, मात्राको छ । हिन्दुधर्मले यो भन्ने साहस गर्दछ । ईश्वरको अति नै स्थूल रूपभन्दा माथि केही कल्पना गर्न नसक्नेहरूलाई पनि आफ्नो खेमाभित्र प्रवेश दिने मानवता पनि हिन्दुधर्ममा छ ।

छोरी - **बुवा, हाम्रा धेरैजसो देवी देवताहरूका कैयौं शिर र हात भएका जस्ता अस्वाभाविक रूप किन छन् ?**

**बाबु -** प्यारो छोरी, तिमीले त यो निकै ठूलो प्रश्न गर्‍यौ । यसको उत्तर दिन मैले तिमीलाई हिन्दु कलाको आदर्श बुझाउनु पर्दछ र सो गर्दा हामी आफ्नो वर्तमान बिषयभन्दा धेरै टाढा पुग्ने छौं ।

छोरी - **तर बुवा, यो थाहा पाउन म सारै उत्सुक छु । संक्षेपमै भए पनि मलाई यो बुझाइदिनु होस् न ।**

**बाबु -** हुन्छ, म बुझाउने छु तर अत्यन्त संक्षेपमा । हिन्दुकला, ग्रीसको कलाभन्दा धेरै भिन्न छ जहाँ शारीरिक सौन्दर्यका उत्कृष्ट आकृतिहरू पाइन्छन् । हिन्दु कला आफ्नो सबभन्दा राम्रो रूपमा, आदर्शवादी, सामाजिक र धार्मिक छ । यी तीन शब्दहरूलाई तिमीले राम्ररी बुझ्नु पर्दछ । पहिलो, यो आदर्शवादी छ किनभने यसले जीवन (संसार) का कुराहरूको अनुकरण गर्न खोज्दैन । बरू, जीवनले कलाको अनुकरण गर्नु पर्छ भन्ने विश्वास गर्दछ । मूर्तिकार होस वा चित्रकार, हिन्दुकलाकारले आर्दश जगत् प्रस्तुत गर्दछ । उसको विचारमा वास्तविक जगत्‌ले आफूलाई आदर्श जगत्‌मा परिणत गर्नु पर्दछ । महाकाव्यका रचनाकार कविहरूले कल्पना गरेका उदात्त र श्रेष्ठ पात्रहरूलाई उसले मूर्तरूप दिन्छ । योगीहरूले कल्पना गरेका कुरालाई उसले यस शरीरका आँखाबाट देखिने रूपमा परिणत गर्दछ । उसको सरोकार, सामान्य जीवनका सानातिना कुराहरूसंग होइन संसारकै भाग्यलाई प्रभावित गर्ने किसिमका, देवीदेवताहरूका महान कार्य अथवा अनिष्टकारी शक्तिका दुष्ट कार्यहरूसंग बढी हुन्छ । तसर्थ उसको कला सुन्दर अथवा अनुकरणात्मक हुँदैन । प्रारंभिक बौद्धिक कालमा यथार्थवादी कलाका केही राम्रा नमूनाहरू हामी पाउँछौ, तर तिनीहरूले हिन्दुकलाका उच्चतम अवस्थाको प्रतिनिधित्व गर्दैनन् । दोस्रो, हाम्रो कला व्यक्तिवादी होइन सामाजिक हो । हिन्दुधार्मिक विश्वासअनुसार, छुट्टाछुट्टै व्यक्तित्वको धारणा, तल्लो तहको वास्तविकता हो । वैयात्तिक आत्माको, आत्मनिर्णय, र आत्म-अभिव्यक्तिलाई हामी अपरिपक्वताको लक्षण मान्दछौं । यस प्रकार, एक हिन्दु कलाकारको सम्बन्ध, परम्परागत रूपमा प्राप्त भएका तथा आफ्नो समाजले आस्था राख्ने आदर्शहरूसंग मात्र हुन्छ । ऊ आफ्नो व्यक्तिगत स्वभाव, धारणाहरू र लहडहरूलाई दबाएर राख्दछ । ऊ सबैले बुझ्ने भाषा बोल्दछ । उसले यस्ता प्रतीकहरूको प्रयोग

गर्दछ जसलाई समाजको प्रत्येक व्यक्तिले बुझ्न सक्दछ । आफ्ना मानिसहरूका गहिरा आकांक्षाहरूलाई उसले कलाको आफ्नो माध्यमद्वारा कति स्पष्टता, सहजता र पर्याप्ताका साथ व्यक्त गर्दछ भन्ने कुराबाट उसको प्रतिभाको मापन गरिन्छ । उसको मौलिकता उसको कलाको पारदर्शितामा रहेको हुन्छ जसले गर्दा सो उत्कृष्ट बन्दछ । तेस्रो, हिन्दुकला धार्मिक प्रकारको कला हो किनभने यसले सदैव धार्मिक उद्देश्यको प्राप्तिमा सहायता गरेको हुन्छ । यो धर्मको सहचरीको रूपमा रहिआएको छ । तसर्थ यसका प्रतीकहरू पनि हाम्रा धर्मशास्त्रहरूका प्रतीक हुन् ।

**छोरी – हजुरले बयान गर्नु भएका गुणहरू दर्शाउने हिन्दुकलाका सर्वोतम नमूनाहरू के के हुन् ?**

**बाबु –** हिन्दुकलाका मैले भनेका लक्षणहरू बदामी, एलोरा र एलिफ्यान्टाका गुफाका मन्दिरहरूमा रहेका महान् कृतिहरूमा तथा मामल्लपुरम्का भित्तामा कुँदिएका मूर्तिहरूमा स्पष्ट देखिन्छन् । यी कृतिहरूमा शिवको नृत्य, नरसिंहद्वारा हिरण्यकशिपुको वध, रावणले कैलास हल्लाएको, दुर्गाद्वारा महिषासुरको वध, अर्जुनको तपस्या आदि सबै चित्रण गरिएका छन् । यी घटनाहरू सामान्य मानिसहरूका जीवनमा घट्ने सानातिना घटनाहरू होइनन् । यी घटनाहरू त ब्रहमाण्डकै कल्याणकारी वा अनिष्टकारी शक्तिहरूका प्रतीक हुन् । यिनको तुलनामा साधारण मानिस र उसको तुच्छ संसार त केही पनि होइन । यस्ता कृतिहरूमा यथार्थवादिता, सौन्दर्य, शरीर–रचना इत्यादिका सही चित्रण गर्ने संभावना कम हुन्छ । समालोचकले त यी कृतिहरूमा रहेका कृयाशीलता, भावना, अभिव्यक्ति, कल्पना तथा अन्तर्निहित विचारमाथि बढी ध्यान दिनुपर्ने हुन्छ । यी कृतिहरूमा असल र खराब तथा सुन्दरता र कुरूपताका विशाल रूपहरू रहेका छन् । यिनमा आसुरी र भयानक आकृतिहरूका साथै दैवी र उदात्त स्वरूप पनि रहेका छन् । यी प्रत्येक कृतिमा रहेका विचारभित्र प्रवेश नगरेसम्म हामीलाई कतिपय कृतिहरू विभत्स र भयानक लाग्न सक्छन् । तर, हामीले आफूलाई कलाकारको ठाउँमा र धर्ममा गहन आस्था राख्ने समूह (जस्का लागि यी कृतिहरूको निमार्ण गरिएका थिए) तिनका ठाउँमा राखेर विचारगर्‍यौं भने हामी यी कृतिहरूमा रहेका उच्च परिकल्पना र श्रेष्ठ उद्देश्यलाई देख्न थाल्ने छौं । यस्ता कलाकृतिहरूको स्वभावले नै गर्दा यिनमा

कलात्मक उत्कृष्टता देखाउन संभव हुँदैन् । यी कुराहरू हाम्रा मन्दिरहरूमा रहेका धेरै जसा कलाकृतिहरूमा लागु हुन्छन् ।

## २

## अधिकारको सिद्धान्त - भक्तिको मात्रा - भक्तिका स्वरूपहरू

**छोरी - बुवा, हजुरले दुई खास हिन्दु सिद्धान्तको चर्चा गर्नुभएको थियो - इष्टदेवता र अधिकार । ईष्टदेवता सम्बन्धी सिद्धान्तको व्याख्या हजुरले गरिसक्नु भयो । अब पालो छ अधिकार सम्बन्धी सिद्धान्तको । हाम्रो यस संवादमा हजुरले पटक पटक अधिकार शब्दको प्रयोग नैतिक क्षमताको अर्थमा गर्नुभएको छ, होइन त ?**

**बाबु -** हो । नैतिक र आध्यात्मिक क्षमताको अर्थमा । अधिकारको सिद्धान्तअनुसार एक आदर्श गुरुले आफ्ना शिष्यलाई दिने शिक्षा, शिष्यको आवश्यकताअनुरूप तर्जुमा गर्नुपर्छ । मूर्तरूपको ईश्वरका लागि लालायित रहने मानिसलाई केवल अमूर्त दार्शनिक शिक्षा दिनु निरर्थक मात्र होइन त्यसभन्दा पनि खराब हो । एक श्रमिकलाई एक विद्वानलाई भन्दा बेग्लै किसिमको धार्मिक शिक्षा चाहिन सक्छ । आफ्नो शिष्यलाई आध्यात्मिक प्रगतितर्फ अर्को पाइला सार्न कस्तो किसिमको शिक्षा चाहिन्छ सो पत्ता लगाई उसको ध्यान त्यसैमा केन्द्रित गराउनुमा नै गुरुको कौशल हुन्छ, उसको समय सैद्धान्तिक र अमूर्त धारणाहरूबारेको छलफलमा खेर फाल्नुमा होइन । यसप्रकार, गुरुले शिष्यलाई एक एक पाइला गरी अगाडि बढ्ने बाटो देखाउँदै जानु पर्दछ ।

**छोरी - के हिन्दुधर्मले क्रमिक रूपमा अगाडि बढ्दै जाने भक्तिमा जोड दिएको छ ?**

**बाबु -** हो । श्री कृष्णले गीतामा भन्नुभएको छ -*"अरू देवताहरूलाई श्रद्धापूर्वक उपासना गर्ने भक्तले पनि मलाई नै उपासना गरिरहेका हुन्छन्, तर गलत तरिकाले । सबै यज्ञको स्वामी र भोक्ता म नै हुँ, तर मलाई नचिनेकाले तिनीहरूको पतन हुन्छ ।"* पुनः -*"बुद्धिहीन मानिसहरू मेरो सर्वोतम, अविनाशी र सर्वव्यापी भावलाई नजानेर म निराकारलाई साकार ठान्दछन् ।"* यस प्रकार, हिन्दुधर्मशास्त्रमा विभिन्न रूप र कोटिका भक्तिको वर्णन गरिएको छ ।

**छोरी – भक्तिका कोटि भनेका के हुन् ?**

**बाबु –** सबभन्दा पहिले त भक्तिलाई तल्लो र उपल्लो अर्थात् अपराभक्ति र पराभक्ति गरी दुई श्रेणीमा विभाजन गरिएको छ । दोस्रो प्रकारको भक्ति अर्थात् पराभक्तिको कुरा अहिले न गरौं किनभने यस्तो भक्ति भनेको निराकार र अव्यक्त ब्रह्मको चिन्तन हो र यो अहिले हामीले विचार गरिरहेको दोस्रो आरोहण उक्लिसकेका व्यक्तिका लागि सिफारिश गरिएको छ । यो उच्चत्तम भक्ति हो र यस प्रकारको भक्ति गर्न बहुतै कम व्यक्ति समर्थ हुन्छन् । गीतामा भनिएको छ – *"निराकार ब्रह्ममा चित्त लागेका व्यक्तिलाई साधनामा बढी परिश्रम गर्नु पर्नेहुन्छ किनभने साकारलाई निराकारको मार्गमा पुग्नु कठिन हुन्छ ।"* प्रेम गरिने भनेको ईश्वर दार्शनिकहरूले **"सत् चित् आनन्द"** भनी वर्णन गरेका निराकार ब्रह्म (Absolute) होइन, मानवात्मालाई उसले बुझोस भनी कृपापूर्वक प्रदान गरिएको साकाररूप ईश्वर हो । भक्तिको मार्ग सरल र सुलभ मार्ग हो, र यसले प्रेम र मैत्रीका मानव–भावनाहरूद्वारा हामीलाई परमेश्वरको धाम सुरक्षित पुऱ्याउँछ ।

**छोरी – त्यसो भए अव्यक्त वा निराकार बह्मको चिन्तन पराभक्ति हो, र व्य साकार ईश्वर प्रतिको प्रेम चाहिँ अपराभक्ति हो ?**

**बाबु –** हो । अपराभक्ति (वा गौणी भक्ति) भनेको ईश्वरप्रतिको आस्था हो । अपराभक्तिको धारणा अनुसार सबै वस्तुहरूको अन्तिम स्रोत एउटै सर्वोच्च व्यक्तित्व हो र त्यो हर प्रकारले पूर्ण (Perfect) भएकोले हाम्रो प्रेम र श्रद्धाको पात्र छ, र त्यसले हाम्रो प्रार्थनाको प्रत्युत्तर आफ्नो कृपाको वर्षा गरेर दिन्छ । यस प्रकारको भक्तिका कैयौं कोटिहरू छन् । श्रीमद्भागवतपुराणका विद्वान् भाष्यकार श्रीधरका अनुसार भक्तिका ८१ कोटि छन् । तर व्यावहारिक दृष्टिकोणबाट भक्तिका तीन कोटि मात्र माने पनि पर्याप्त हुनेछ : बाह्यभक्ति, अनन्यभक्ति र एकान्तभक्ति ।

**छोरी – बाह्यभक्ति के हो ?**

**बाबु –** बाह्यभक्ति भनेको आफूबाहिर रहेको कुनै वस्तुको पूजा आराधना गर्नु हो । यस्तो भक्ति, ईश्वर हामीभन्दा बाहिरको कुनै स्थानविशेष, जस्तै देवालय, मन्दिर, पवित्र घाटमा वास गर्दछ भन्ने अप्रबुद्ध (तामस्) भावनामा आधारित छ । कुनै मूर्ति, चिह्न र पावनग्रन्थहरूको पूजन, तीर्थाटन यस्ता भक्तिका

उदाहरण हुन् । सर्वसाधारणमा रहेको धर्मसम्बन्धी धारणा सामान्यतः यस स्तरभन्दा माथि उठेको पाइँदैन ।

छोरी – **अनन्यभक्ति भनेको के हो नि ?**

**बाबु** – अनन्यको अर्थ हो – 'अर्को नभएको' । तसर्थ, मनमा आफ्नो ईष्टदेवताको एक मात्र र अनुरागपूर्ण आराधना अनन्यभक्ति हो । यो तीव्र एकेश्वरवाद हो । यसले भक्तको मनमा रहेका अन्धविश्वासको जालोलाई सफा पारिदिन्छ र उसको भक्तिभावनालाई स्वस्थ दिशा तर्फ उन्मुख गराउँछ । हिन्दुधर्म भित्रको एकेश्वरवादी आस्थाको सौन्दर्य र पवित्रतालाई बुझ्न तुलसीदासको रामायण पढ्नु पर्छ । तर, यस किसिमको भक्तिले संकीर्णताको भावनालाई प्रश्रय दिने खतरा छ । यसले ईश्वर सम्बन्धी आफ्नो बाहेक अरूको धारणाप्रति क्रूरताको भावना पनि उत्पन्न गर्न सक्छ । तर हिन्दु अनन्यभक्तिको फलस्वरूप असहिष्णुता वा धार्मिक हिंसा कहिल्यै भएको छैन । हिन्दु एकेश्वरवादीहरूले, अरूले पूजा गर्ने देवताहरू पनि आफ्नै ईष्टदेवताको अर्को रूप हो भनी सदैव स्वीकार गरेका छन् ।

छोरी – **एकान्तभक्ति के हो नि ?**

**बाबु** – एकान्तभक्ति सबभन्दा पवित्र (सात्विक) भक्ति हो, किनभने यसमा उपासक ईश्वरलाई कुनै फलप्राप्तिका लागि होइन, स्वयं ईश्वरकै लागि प्रेम गर्दछ । अरू दुई प्रकारका भक्तिमा ईश्वरको पूजा सामान्यतः उसको कृपाले गर्दा पाइने फलका लागि गरिन्छ । यस्तो फल भौतिक मात्र नभई अन्य पनि हुन सक्दछ हामीलाई कुनै कुराको अभाव भएमा, दुःख दर्द भएमा वा मृत्युले हाम्रा प्रियजनलाई खोसेर लगेमा हामी स्वभावतः आतुर भएर उसको शरण पर्न पुग्छौं, तथा सहारा र सान्त्वनाका लागि ऊ संग प्रार्थना गर्दछौं र त्यो दैवी सहायक हामीलाई सहायता गर्न सदैव तत्पर रहेर बसिरहेको हुन्छ । हाम्रो हृदयमा प्रवेश गर्न पाउना साथ उसले हामीलाई ठूलो शान्ति प्रदान गर्छ र यसले गर्दा हामी उसलाई सुखमा दुःखमा सधैं पुकारा गर्न थाल्दछौं । वास्तवमा, उसले हाम्रो मनमा बास गर्न थालेपछि हामी आफ्ना बाहिरी सुख वा दुःखको वास्ता गर्न छाड्छौं । उसको उपस्थिति नै हाम्रा लागि सुख हुन्छ र उसको अनुपस्थिति नै हाम्रा लागि दुःख । उसको उपस्थिति छ भने हामी सब विघ्नबाधा माथि विजय प्राप्त गर्न समर्थ हुन्छौं । तर, उसले हामीलाई छाडिदिएमा हामी प्रकाशका

शिखरबाट तल खस्दछौं र दुःख र पापको बाटोमा घस्रिन थाल्दछौं - कहिले काहिँ उसले आफ्ना महानतम भक्तलाई पनि छाडिदिन्छ । अन्धकारको यस्तो समयमा हामीले धैर्यधारण गर्नु पर्छ, आफ्ना कर्तव्यहरूको आस्थापूर्वक पालन गरिरहनु पर्दछ, र उसलाई सम्पूर्ण हृदयले अत्यन्त व्यग्रतापूर्वक आफ्ना हृदयमा पुनः फर्केर आउन एकान्तमा प्रार्थना गर्नु पर्दछ । नारदभक्तिसूत्रका रचनाकारले भनेका छन्ः सबै कामहरू उसलाई अर्पण गर्नु र उसको साथ छुट्न गएमा तीव्र वेदनाको अनुभव गर्नु सच्चा भक्तिको लक्षण हो । उनले एकान्तभक्तहरूको वर्णन यस प्रकार गरेका छन्–

*"अनन्यभक्तहरूले कण्ठावरूद्ध भएर तथा शरीरमा कम्पन र आँखामा आँसु लिएर परस्परमा कुरा गर्दछन् । यिनले आफ्ना कुल र पृथ्वीलाई पवित्र पार्दछन् । यस्ता भक्तहरूले तीर्थलाई सुतीर्थ, कर्मलाई सुकर्म र शास्त्रलाई सुशास्त्र बनाईदिन्छन् किनभने उनीहरू परमेश्वरमय हुन्छन् । उनीहरूको प्रेमले गर्दा पितृ प्रसन्न हुन्छन्, देवताहरू हर्षले नाच्दछन् र पृथ्वी सनाथ (बढी सुरक्षित) हुन्छिन् । यी भक्तहरूका बीच जाति, विद्या, रूप, कुल, धन र व्यवसायको आधारमा भेद हुँदैन किनभने उनीहरू सबै उसकै हुन्छन् ।"*

संक्षेपमा भन्ने हो भने एकान्त भक्तहरू परमेश्वरको प्रेममा पागल हुन्छन् । संसारका लागि उनीहरू मृतसमान हुन्छन् । उनीहरू आफ्नै प्रोज्ज्वल संसारमा वसउठ गर्दछन् जहाँ सबै कुराहरू अलौकिक प्रकाशद्वारा दैवी स्वरूपमा परिणत हुन्छन् । त्यसैले, उनीहरू ईश्वरमा सबै कुराहरू र सबै कुराहरूमा ईश्वर देख्दछन् । उनीहरू आफ्ना हृदयमा स्वयं-उत्पन्न प्रकाशको अनुभव गर्दछन् ।

छोरी – **हजुरले विभिन्न प्रकार र कोटिका भक्तिको चर्चा गर्नु भएको थियो । भक्तिका प्रकार के के हुन् त ?**

**बुबा** – भक्ति भनेको, उपासकको उपासना गरिनेप्रतिको भावना हो । मानव सम्बन्धको दृष्टिबाट विचार गर्दा भक्तिका विभिन्न रूप हुन्छन् । हिन्दु भक्तिशास्त्रअनुसार भक्तिका १९ विभिन्न रूप छन्, तर ती मध्ये ५ मुख्य छन् ।

छोरी – **ती के हुन् ?**

**बुबा** – ईश्वरलाई व्यक्तिको रूपमा विचार गरिएमा भक्तको उस प्रतिको भाव

दासको मालिकप्रतिको भाव सरह हुन सक्छ, जस्तै रामायणमा हनुमानको रामप्रतिको भावना । यस प्रकारको भक्तिलाई दास्यभाव भन्दछन् । अथवा, यस्तो भाव एक मित्रको अर्को मित्रप्रतिको भावना सरह हुन सक्छ जस्तै भागवतमा सुदामाको । यस प्रकारको भक्तिलाई सख्यभाव भन्दछन् । अथवा यस्तो भाव मातापिताको आफ्ना छोराछोरीप्रतिको भाव सरह हुन सक्छ । यस प्रकारको भावलाई वात्सल्यभाव भन्दछन् । वा यस्तो भाव पत्नीको पतिप्रतिको भाव सरह पनि हुन सक्दछ जस्तै सीता वा रूक्मिणीको । यस प्रकारको भक्तिलाई कान्तभाव भन्दछन् । अन्तमा, यस्तो भाव प्रेमीकाको प्रेमीप्रतिको भावना सरह पनि हुन सक्छ जस्तै राधा र अन्य गोपीहरूको कृष्णप्रतिको प्रेम । यस प्रकारको भक्तिलाई मधुरभाव भन्दछन् । सबै १९ प्रकारका भक्तिहरूको संयोजनलाई महाभाव भन्दछन् । यथार्थमा ईश्वरप्रतिको प्रेम एक महासागर जस्तै हो । यसमा त्यतिनै रूप हुन्छन् जति विभिन्न प्रकारका छाल, तरंग, खाडी इत्यादि एक महासागरमा हुन्छन् । प्रत्येक व्यक्तिले आफ्नै इन्द्रधनुष देखेजस्तै प्रत्येक भक्तको आफ्नै प्रकारको भक्ति हुन्छ । तर प्रत्येक भक्तले के याद राख्नु पर्छ भने उसको भक्ति विकृतिहरूबाट मुक्त रहोस ।

छोरी – **यी विकृतिहरू भनेका के हुन् ?**

**बुबा** – मेरो तात्पर्य के हो भने दास्यभाव अपकृष्ट भएर हातजोडुवा रूपमा पुग्नु हुँदैन, सख्यभाव अपकृष्ट भएर हिमचिममा पुग्नु हुँदैन, वात्सल्यभाव बिग्रेर भावुकतामा परिणत हुनु हुँदैन, कान्तभाव बिग्रेर गार्हस्थ्यमा परिणत हुनु हुँदैन र मधुरभाव अपकृष्ट भएर कामासक्तिमा परिणत हुनु हुँदैन । हामी सबै एउटै आगो बाट निस्केका झिल्काहरू जस्तै एकै ईश्वरबाट उत्पन्न भएका जीवात्मा हौं र हामी प्रत्येक आ–आफ्नै तरीकाले ऊसंग मिल्न खोजिरहन्छौं । जीवात्माले शरीरका सीमाहरू (अशक्यता) बुझी सो सीमाभित्र रहेर काम गर्नु पर्दछ, तर आफ्नो सारभूत पवित्रता र स्वतंत्रता प्रति कहिल्यै आँखा चिम्लनु हुँदैन ।

# ३

# भक्तिका साधन र उपायहरू - त्याग, ज्ञान, र योगको अभ्यास -प्रपत्तिको अर्थ

छोरी - **के हाम्रा धर्मशास्त्रहरूले आध्यात्मिक जीवन बिताउन खोज्नेहरूका लागि व्यावहारिक मार्ग पनि देखाउने गरेका छन् ?**

**बाबु** - छन् । माथि उल्लेख गरिएभैँ यिनीहरूले विभिन्न प्रकार र कोटीका भक्तिको विश्लेषण गरेका मात्र होइनन् भक्तिका विभिन्न उपाय र साधनको पनि वर्णन गरेका छन् र हामीलाई ईश्वरको पाउसम्म पुग्ने बाटो देखाउने जिम्मा पनि लिएका छन् ।

छोरी - **भक्तिका उपाय र साधनहरू के के हुन् ?**

**बाबु** - भक्तिका साधनहरूलाई बहिरङ्ग साधन (बाहिरी साधन) र अन्तरङ्ग साधन (आन्तरिक साधन) गरी दुई प्रकारमा विभाजन गरिएको छ ।

छोरी - **बाहिरी साधनहरू के के हुन् ?**

**बाबु** - बाहिरी साधनमा नैवेद्य (समर्पण), संकल्प, साष्टांगदण्डवत्, धर्मशास्त्रहरूको अध्ययन, मंत्रजप, भगवद्नामको उच्चारण, गुरुभक्ति इत्यादि पर्दछन् ।

छोरी - **भगवद्नामको उच्चारण भनेको के हो ?**

**बाबु** - रामानन्द, तुलसीदास, वल्लभ, नानक र चैतन्यद्वारा प्रचार गरिएका भक्ति सम्प्रदायमा भगवद्नामको उच्चारण र गुरुमार्फत् ईश्वरको कृपा-प्राप्तिलाई ठूलो महत्व दिइएको छ । भगवान्को नाम (सत्नाम वा रामनाम) उसको स्वरूप जत्तिकै महत्वपूर्ण मानिएको छ । भगवद्नामोच्चारण ईश्वर र मानिसलाई जोड्ने माध्यम हो । यो अनिर्वचनीय र अनादिको, वाणीद्वारा प्रकाशन हो । भगवद्नामको ध्यानले आत्मालाई भक्तिले परिपूर्ण पार्ने अपेक्षा गरिन्छ । गुरु पनि ईश्वर र भक्तको बीचको मध्यस्थ हो । गुरुले हामीलाई ईश्वर-प्राप्तिको बाटो देखाउँछन् । यस बाटोमा स्वयं हिंडिसकेका र हाम्रो आत्माको आवश्यकतालाई थाहा पाउने ज्ञानी आध्यात्मिक पथ-प्रदर्शकको सहायता विना ईश्वरप्राप्तिको लक्ष्यमा पुग्न कठिन हुन्छ । धार्मिक ग्रन्थ र विद्वान्हरूले त हामीलाई ईश्वरका बारेमा बताउनेसम्म मात्र हुन् । तर सच्चा गुरुले त आफ्नो

प्रत्यक्ष अनुभवद्वारा हामीलाई ईश्वर चिनाइ नै दिन्छन् । तसर्थ शुरुमै गुरुको कृपा आवश्यक छ । बाहिरी साधनहरूमध्ये सबभन्दा सशक्त साधन यही हो ।

छोरी – **आन्तरिक साधनहरू के के हुन् नि ?**
**बाबु** – आन्तरिक साधनहरूमध्ये मुख्य यी हुन्: वैराग्य, ज्ञान र योगको अभ्यास ।

छोरी – **यी साधनहरू बारे कृपया बिस्तारपूर्वक बताइदिनुहोस् । वैराग्यले भक्तिलाई कसरी सहायता पुऱ्याउँछ ?**
**बाबु** – भक्तिले गर्दा ईश्वरको कृपादृष्टि परेको भक्तले परमानन्दको अनुभव गर्दछ । तर यसका लागि ईश्वरले यस्तो भक्तसंग महान बलिदानको माग गर्दछ । भक्तले औपचारिकरूपमैं संसारको त्याग गर्न वा संन्यास लिन आवश्यक छैन् तर उसको आन्तरिक त्याग भने वास्तविक र पूर्ण हुनु पर्दछ । ईश्वर समक्ष जीवित रहन उसले संसार समक्ष मृत हुनुपर्दछ । हामी धेरैजसो त्याग त गर्दछौं तर सीमित रूपमा । हामी ईश्वरलाई प्रसन्न पार्न चाहन्छौ, तर मानिसलाई पनि खुशी राख्न चाहन्छौं । हाम्रो मन ईश्वरप्रति उठेको हुन्छ, तर हामी सांसारिक दूषणबाट मुक्त भइसकेका हुँदैनौं । संसारमा यति थोरै मानिसहरू मात्र प्रबुद्ध हुन सकेको कारण पनि यही हो ।

छोरी – **ईश्वरप्रति उन्मुख हुन मानिसले कुन प्रकारले सबै कुराको त्याग गर्नु पर्छ ?**
**बाबु** – शुरुमै सबै कुरा परित्याग गरिहाल्नु आवश्यक छैन् । मैले त, उच्चकोटिको भक्तिका लागि पूर्ण वैराग्य (त्याग) चाहिन्छ मात्र भनेको हुँ । वास्तवमा, भक्ति स्वयंले पनि मानिसलाई सांसारिक सुख त्याग्नमा सहायता गर्छ । गीतामा भनिएको छ – *"इन्द्रियद्वारा विषय ग्रहण नगर्ने मानिसको विषय त बाँकी रहदैन, तर उसको राग भने छुटेको हुँदैन । परामात्माको साक्षात्कार भए पछि यस्ता मानिसहरूको राग पनि छुट्दछ" ।* भक्ति र वैराग्य दुवैले एक अर्कालाई प्रभावित गरिरहेका हुन्छन् । सांसारिक वस्तुहरूलाई त्यागी नै हाल्नु भन्दा पनि मनमा तिनीहरूलाई तुच्छ संझनु नै बढी महत्वपूर्ण हुन्छ । नारदभक्ति–सूत्रमा भनिएको छः शरीर रहेसम्म खानपीन आवश्यक हुन्छ, तर यिनमै लिप्तरहनु हुँदैन र यिनलाई चाहिंनेभन्दा बढी महत्व दिनु पनि हुँदैन । तसर्थ, भक्ति बढाउँदै लेजान चाहने भक्तले ईश्वरप्रतिको आफ्नो प्रेमलाई सांसारिक भावको आफ्नो

त्यागबाट नाप्नु पर्दछ । तर, यसको तात्पर्य (उच्चस्तरको अन्यथा प्रेरणा प्राप्त भएमा बाहेक) आफूले गरिरहेको कर्तव्य नै छाडिदिनु पर्छ भन्ने होइन । वरू, स्वार्थको भावना त्यागेर तथा सांसारिक लाभको इच्छा नगरी, ईश्वरको सच्चा सेवकको हैसियतले आफुनो कर्तव्यपालन, गर्दै जानु नै पर्छ । ईश्वरले हामीलाई तोकिदिएको काम दक्षता, सच्चाइ, अथक परिश्रम र इमान्दारीपूर्वक गर्नाले ऊ जति खुशी हुन्छ त्यति अरू कुनै कुराले पनि हुँदैन ।

छोरी – **आन्तरिक साधनहरूमा हजुरले वैराग्य पछि ज्ञानको चर्चा गर्नुभएको थियो । वास्तवमा ज्ञान भनेको के हो ? भक्तिभन्दा ज्ञान ठूलो हो भन्ने मैले सुनेको छु ।**

**बाबु** – ज्ञान भक्तिको अनुगामी हो वा भक्ति ज्ञानको अनुगामी हो भन्ने कुराको विवादमा अल्मलिनु निरर्थक हो । यो कुरा, यी शव्दहरूको हाम्रो परिभाषामाथि निर्भर गर्दछ । 'ज्ञान' शब्दको प्रयोग मैले केवल धर्म सम्वन्धी ज्ञानको अर्थमा गरेको छु । ज्ञान पनि भक्ति जस्तै उपल्लो र तल्लो स्तरको हुन्छ । उपल्लो ज्ञान, उपल्लो भक्तिभन्दा फरक हुँदैन । तल्लो ज्ञानचाहिँ तल्लो भक्तिको पूरक हुन्छ । तसर्थ यसलाई भक्तिको आन्तरिक साधनहरूमा गणना गरिन्छ । हिन्दुधर्म अनुसार भक्ति क्रमिक रूपमा बढ्दै जाने कुरा हो भन्ने कुराको चर्चा हामीले गरिसक्यौं । हिन्दुधर्मले हामीसंग वाह्यभक्तिबाट अनन्यभक्तितर्फ तथा अनन्यभक्तिबाट एकान्तभक्तितर्फ, तथा अन्त्यमा पराभक्तितर्फ अगाडि बढ्दै जाने अपेक्षा राख्दछ । हिन्दुधर्मशास्त्रहरूले सबै प्रकारका भक्तिहरूप्रति सहिष्णुताको उपदेश दिएका छन् र मूढभक्ति वा अन्धविश्वासलाई कहिले पनि प्रोत्साहित गरेका छैनन् वरू भक्तसंग मन खुला राखी प्रकाशका लागि प्रार्थना गरिरहने अपेक्षा गर्दछन् किनभने यसले गर्दा उसलाई ईश्वरबारे अझ बढी उपयुक्त धारणाहरू विकसित गर्दै जान सहायता मिल्ने छ । ईश्वरबारे जुनसुकै मानव धारणा अहिले पनि अपूरो नै छ भन्ने कुरा भक्तले विर्सनु हुँदैन । तसर्थ, उसले आफुना धारणाहरूलाई कम अपूरो बनाउँदै जानु पर्दछ । यसका लागि भक्तले आफुनो देशका धार्मिक साहित्यका साथै संसारका अन्य महान् धर्मग्रन्थहरूको पनि अध्ययन गर्नु पर्छ र आफुनो पुस्ताका धार्मिक विचारधारासंग समेत परिचित रहनु पर्दछ । तर यसमा एउटा खतरा पनि छ ।

छोरी – **कस्तो खतरा ?**

**बाबु –** धेरै मानिसहरूले धर्मसम्बन्धी ज्ञानले मात्रै पनि आफ्नो उद्धार हुन्छ भन्ठानेका हुन सक्दछन् । तर धर्मसम्बन्धी ज्ञान र धार्मिक अनुभूति दुई भिन्दाभिन्दै कुराहरू हुन् । कुनै व्यक्ति सम्पूर्ण वेदान्त दर्शनका ज्ञाता भएर पनि उसमा आध्यात्मिकता कत्ति पनि नहुन संम्भव छ । तिमी ईश्वरको साम्राज्यका सबै रहस्यबारे श्रोताहरूलाई मुग्ध पार्ने क्षमता भएका विशिष्ट धर्मशास्त्री हुन सक्छौ । तर ईश्वर तिम्रो हृदयमा एक पटक पनि आएको छैन भने तिमी उसको राज्यको एक वफादार नागरिक नभई गुप्तचर मात्र हुन्छौ । धर्मको ज्ञान मात्र भएको मानिस एउटा खुट्टामात्र भएको लङ्गडो जस्तै हुन्छ । एउटा खुट्टाले राम्रो संग उभिन त सकिदैंन भने हिडेर आफ्नो लक्ष्यसम्म पुग्ने त कुरै छैन ।

छोरी – **अब अन्तमा, योग के हो र यो भक्तिको साधन कसरी हुन्छ ?**

**बाबु –** हाम्रा धर्मशास्त्रहरूमा योग विभिन्न अर्थमा प्रयोग गरिएको छ । यो शक्ति, समृद्धि, शासन, भक्ति, कर्म, मिलन समेतको अर्थमा प्रयोग भएको छ । यसको शाब्दिक अर्थ हो मिलन । उपनिषद् र भगवद्‌गीतामा यसको प्रयोग मिलनकै अर्थमा भएको छ । हाम्रा सबै दुःख र पापको कारण ईश्वरसंगको हाम्रो वियोग हो, र हामीलाई स्थायी सुख चाहिन्छ भने उसकहाँ फर्केर आई ऊसंग मिलन गर्नु पर्दछ । यस्तो मिलन निष्काम कर्म (कर्मयोग) द्वारा, प्रेमपूर्ण भक्ति (भक्तियोग) द्वारा र आध्यात्मिक अन्तर्दृष्टि (ज्ञानयोग) द्वारा गर्नु पर्ने हुन्छ । प्राविधिक अर्थमा योगले धार्मिक जीवनको लक्ष्य होइन धार्मिक जीवनको बाटोलाई संकेत गर्दछ । सबभन्दा पहिले योगसूत्रका रचनाकार पतञ्जलिले प्राविधिक योगको अभ्यासलाई एक पद्धतिको रूपमा विकसित गरे । उनले योग भनेको चित्तवृत्ति निरोध अर्थात् चित्तवृत्तिलाई संयमित गर्नु हो भनी यसको परिभाषा गरेका छन् । यस देशमा योगको अभ्यास वैदिककालदेखि नै प्रचलनमा छ । उपनिषद्‌हरूमा योगाभ्यासको उल्लेख भएको छ । बौद्ध र जैन धर्मशास्त्रहरूले पनि यसको समर्थन गरेका छन् र यसको अभ्यास गर्नु पर्छ भनेका छन् । भगवद्‌गीताले पनि योगाभ्यास गर्नु पर्छ भनेको छ । त्यस पछिका भक्तिशास्त्रहरूले पनि यसलाई ईश्वरमा मन एकाग्र गर्ने एक उपयुक्त साधनको रूपमा स्वीकार गरेका छन् । यसप्रकार, हिन्दुधर्मका सबै आचार्यहरूमा यसको उपयोगिताबारे व्यावहारिक मतैक्य पाइन्छ ।

**छोरी – तर योगाभ्यास भनेको के हो ?**

**बाबु –** योगका आठ अङ्ग वा मानसिक अनुशासन मानिएका छन् । ती हुनः – १) यम, २) नियम, ३) आसन, ४) प्राणायाम, ५) प्रत्याहार, ६) धारणा, ७) ध्यान, र ८) समाधि ।

**छोरी – यिनीहरूलाई राम्ररी बुझाइदिनुहोस् न ?**

**बाबु –** यिनीहरूको तात्पर्य म छोटकरीमा बताउँछु, सुन । बढी जानकारीका लागि तिमीले यस विषयका विशेष पुस्तकहरूको अध्ययन गर्नु पर्दछ । प्रथम दुई अङ्गहरू – यम र नियम ले योगी बन्नका लागि चाहिने प्रारंभिक नैतिक पूर्वाधारहरूतर्फ संकेत गर्दछन् । यम भनेको संयम हो । साधक वा विद्यार्थीले हिंसा, असत्य, चोरी, भ्रष्टाचरण र परिग्रहबाट बच्नु पर्दछ । बच्नु पर्ने यी कुराहरूमध्ये सबभन्दा मुख्य असत्य नै हो । सब पुण्यहरू अहिंसामा आधारित छन् । तर यस आधारभूत नैतिक गुणबारे हामीले पहिले छलफल गरिसकेकाले अब हामी योगको अर्को अङ्ग अनुशासन अर्थात् नियमबारे विचार गरौं ।

**छोरी – 'नियम' भनेको के हो ?**

**बाबु –** कुनै कुराको पालन गर्नु नै नियम हो । नियम अन्तर्गत भित्री र बाहिरी शुद्धि, सन्तोष, तप, धर्मग्रन्थहरूको अध्ययन, तथा ईश्वरसंग प्रार्थना पर्दछन् । यिनीहरूका विषयमा पनि हामीले नैतिक गुणहरू तथा भक्तिका साधनहरूबारे चर्चा गर्दा छलफल गरिसकेका छौं । यस प्रकार, यम र नियमको उद्देश्य साधकको नैतिक प्रशिक्षण हो । अन्य तीन अर्थात् आसन, प्राणायाम र प्रत्याहार पनि योगका प्रारंभिक अङ्गहरू हुन् ।

**छोरी – ती शब्दहरूका अर्थ के हुन् ?**

**बाबु –** आसन भनेको ध्यानका लागि आवश्यक अङ्गविन्यास हो । यसले चित्तलाई एकाग्र गर्न शारीरिक सहायता पुर्‍याउँछ । प्रारंभिक नैतिक प्रशिक्षण वा अभ्यासपछि मानिसले चित्तलाई एकाग्रगर्नुभन्दा पहिले आफूलाई सुविस्ता हुने स्थिति (Posture) मा बस्नु पर्दछ । पतञ्जलिले **"स्थिरसुखमासनम्"** अर्थात् स्थिर र सुखपूर्वक बस्ने स्थितिलाई आसन भनेका छन् । त्यसपछि साधकले प्राणायाम अर्थात् श्वासको नियमन गर्ने अभ्यास गर्नु पर्छ । प्राणायाममा लामो

श्वास बाहिर फाल्ने (रेचक), श्वास भित्र तान्ने (पूरक), र श्वास रोकिराख्ने (कुम्भक) क्रियाहरू पर्दछन् । तर यी अभ्यासहरू एक जान्ने गुरुको देखरेखमा गर्नु पर्छ, नत्र यसले हानि पुर्‍याउने संभावना हुन्छ ।

छोरी – **प्राणयामको उपयोगिता के हो ?**

**बाबु –** चित्त एकाग्र गर्ने एक साधनका अतिरिक्त प्राणयामले स्वास्थ्यलाई पनि लाभ पुर्‍याउँछ । श्वाससम्बन्धी अभ्यासहरूले फोक्सोलाई सफा पार्छन, मुटुलाई स्वस्थ बनाउँछन्, रगतलाई शुद्ध पार्छन् र सम्पूर्ण नाडीहरूलाई बलियो पार्छन् । योगपद्धतिले शरीर आत्माभन्दा बेग्लै कुनै वस्तु नभई आत्माकै एक साधन र अभिव्यक्ति हो भन्ने मान्दछ । तसर्थ योगले शरीर, मन र आत्मा तीनैलाई उत्कृष्ट बनाउने लक्ष्य राख्दछ । केही मानिसहरूमा एक गलत धारणा के छ भने योगले शरीरलाई दुःख दिन खोज्दछ । तर, यसको विपरीत, योगको लक्ष्य शरीरलाई सुन्दर, अभिराम र विद्युतचट्याङ जस्तै फुर्तिलो बनाउनु हो । प्राणयामले ध्यानका लागि चाहिने मानसिक शान्ति पनि प्रदान गर्छ ।

छोरी – **अनि प्रत्याहार के हो नि ?**

**बाबु –** प्रत्याहार भनेको इन्द्रियहरूलाई विषयवासनाबाट खिच्नु हो अर्थात् बाहिरी संसारबाट मनमा आउने भावनालाई आउन नदिनु हो । यसो गरिएमा मन कुनै बाहिरी वस्तुबाट प्रभावित हुनबाट रोकिन्छ । प्रत्याहारको अभ्यासबाट साधक ध्यान गर्नका लागि योग्य बन्दछ । उसले आफ्नो शरीर, इन्द्रिय र मनमाथि पूर्ण नियन्त्रण स्थापित गरिसकेको हुन्छ । अब ऊ धारणा, ध्यान र समाधिको माथिल्लो चरण राजयोगमा प्रवेश गर्न सक्षम बन्दछ ।

छोरी – **धारणा भनेको के हो नि ?**

**बाबु –** मनलाई कुनै वस्तुविशेषमा स्थिर गर्नुलाई धारणा भन्दन्छन् । धारणा भनेको चित्तको एकाग्रता हो । पूर्ण एकाग्रता प्राप्त गर्न साधकले आफ्नो मन कुनै भौतिक विन्दु वा आफनो हृदयभित्रको ज्योति वा आफनो ईष्टदेवताको स्वरूपमाथि स्थिर राख्नु पर्दछ । यसरी एकाग्र गरिएको मन अनि ध्यान तर्फ जान्छ । ध्यान भनेको आफनो भक्तिको पात्र तर्फ विचारको नैरन्तरिक प्रवाह हो । ध्यान अन्त्यमा समाधिमा परिणत हुन्छ जहाँ आत्मचेतना हराएर जान्छ र ध्यान गरिएको वस्तुमात्र झल्किन्छ । मनको आफनो अस्तित्व लोप हुन्छ र

आफूले चिन्तन गरेको वस्तुको रूप लिन्छ । समाधिमा दुई अवस्था हुन्छन् भनी भनिएको छ – संप्रज्ञात समाधि र असंप्रज्ञात समाधि । पहिलो अवस्थामा ध्यान गरिएको वस्तु र ध्यान गर्ने व्यक्ति पृथक् हुन्छन् । दोस्रो अवस्थामा यो विभेद समाप्त हुन्छ । असंप्रज्ञात समाधिको अवस्थामा योगीले भूत भविष्यका कुरा देख्ने सुन्ने, जान्ने, अरूको विचार थाहा पाउने जस्ता अनेकौं आश्चर्यजनक सिद्धिहरू प्राप्त गर्दछन् भन्ने सुनिन्छ । तर यस्ता असाधारण शक्तिहरू समाधिका मार्गमा बाधक हुन्छन् भन्ने योगशास्त्रहरूको भनाई छ । यिनीहरूको वास्ता नगरी, यिनीहरूमा नभुलीई अगाडि बढ्दै गएपछि मात्र योगी ईश्वरसंगको मिलनको आफ्नो लक्ष्यमा पुग्न सफल हुन्छ । यस प्रकार, योग एक अनुशासन हो, यसको लक्ष्य शरीरलाई शुद्ध पार्नु र मनलाई एकाग्र हुन अभ्यस्त पार्नु हो र यो ईश्वरदर्शनको एक साधन हो ।

छोरी – **बुवा, हजुरले बताउनु भएका यी सबै साधनहरूको अनुसरण गर्नु आवश्यक छ ?**

**बाबु** – नैतिक गुणहरूलाई विभिन्न प्रकारले विभाजित गरिए जस्तै साधनहरूलाई पनि राम्ररी बुझाउनका लागि विभिन्न तरिकाले विभाजित गरिएका हुन् । नैतिक जीवन एक सिङ्गो जीवन हो, धार्मिक जीवन पनि त्यस्तै एक सिङ्गो जीवन हो । ईश्वर एउटै भएजस्तै बाटो पनि एउटै छ । तर यसबाटोमा कतिपय चरणहरू छन् र त्यसैले यिनका नाम पनि विभिन्न छन् । ती सबै युक्तिसंगत छैनन् र तिनको अस्तित्व सिद्धान्तमा मात्र रहेको छ । धार्मिक जीवन बिताउन थालेपछि तिमी स्वयं आफ्नै अनुभवको आधारमा हाम्रा पहिलेका आचार्यहरूले बताएका साधनहरूको सूचीमा थपघट गर्न सक्ने छ्यौ । उहाँहरूले निर्दिष्ट गर्नुभएका कुराहरूको सूक्ष्मतम विवरणहरूलाई समेत अक्षरशः पालन गर्नुभन्दा पनि हामीले त उहाँहरूले दिनुभएका उपदेशहरूको सार र भावनालाई आत्मसात् गर्नु पर्छ । शाण्डिल्य–भक्तिसूत्रका रचनाकारले भक्तिका गौण साधनहरूलाई समय र आवश्यकता अनुरूप विकसित गर्दै जानु पर्छ भन्ने स्वीकार गर्दै स्पष्टरूपले भनेका छन्–**"ईश्वरतुष्टेरेकोऽपि बली"** अर्थात् एउटै साधनमात्र पनि प्रभावकारी भयो भने ईश्वर प्रसन्न हुन्छन् । तसर्थ, एउटै कुरा मात्र अपरिहार्य छ । त्यो हो भगवद्कृपा । तिमीले भक्तिका सबै बाह्य र आन्तरिक साधनहरूको एकएक गरी अभ्यास गरे पनि, धर्मशास्त्रको अध्ययनमा चुर्लुम्म डुबे पनि,

धर्मात्मा भन्ने जति सुकै नाउँ कमाए पनि, यदि तिमीले ईश्वरको कृपा पाउन सकिनौ भने यी सब केही पनि काम लाग्दैनन् । धेरै उद्धृत गर्ने गरिएको उपनिषद्को एउटा मन्त्रमा भनिएको छ –

*"परब्रह्म परमात्मालाई न अध्ययनले, न बुद्धिले, न धेरै विद्याले नै प्राप्त गर्न सकिन्छ । उसलाई त उसैले छानेको व्यक्तिले मात्र प्राप्त गर्न सक्दछ । उसैका समक्ष परमात्माले आफ्नो यथार्थस्वरूप प्रकट गर्दछ" ।*

यस भनाइको तात्पर्य, परमात्माको कृपा उसको लहडमा निर्भर गर्छ भन्ने होइन । यसको तात्पर्य त के हो भने ईश्वरले सबको मनको कुरा जान्दछ, हामी संसारलाई छकाउन सक्छौं, आफुलाई पनि छकाउन सक्छौं, तर उसलाई भने कहिले छकाउन सक्दैनौं । उसले हाम्रो पाण्डित्य, हाम्रो वाक्पटुता र हाम्रो धार्मिकताको प्रदर्शन सब छर्लङ्ग देखेको हुन्छ । उसले हाम्रो हृदयमा कति शुद्धता छ भन्ने राम्ररी थाहा पाएको हुन्छ र सोही अनुसार उसले आफ्नो कृपा प्रदान गर्दछ ।

**छोरी – त्यसो भए भगवद्कृपा, मानिसका प्रयत्नहरू कति शुद्ध छन् त्यसमाथि निर्भर गर्छ होइन ?**

**बाबु –** हिन्दु धर्मगुरुहरूमा यस कुरामा केही मतभिन्नता छ । केही आचार्यहरूको विचारमा जसरी बाँदरको बच्चालाई उसकी आमाले रूखको एउटा हाँगाबाट अर्को हाँगामा लिएर जाँदा बच्चाले आफ्नो आमालाई बेस्करी च्यापेको हुन्छ, त्यसै गरी मोक्ष पाउनका लागि मानिसको भक्तिले भगवद्कृपालाई सहयोग गर्नु पर्छ । अन्य केही आचार्यहरूको मतअनुसार भने भगवद्कृपा सर्वशक्तिमान हुन्छ । र मानिसले कुनै प्रयत्न नगरे पनि यसले काम गरिराख्छ, जसरी बिरालाले आफ्ना बच्चाहरूलाई उनीहरूले केही नगरे पनि मुखले च्यापेर एक ठाउँबाट अर्को ठाउँमा लैजान्छ । यस मतले प्रपत्तिको सिद्धान्तलाई जन्म दिएको छ ।

**छोरी – प्रपत्ति भनेको के हो ?**

**बाबु –** प्रपत्तिको अर्थ हो शरण पर्नु । प्रपत्तिको सिद्धान्तअनुसार मोक्ष पाउनका लागि मानिसले ईश्वरको शरण पर्नु पर्छ । आफूले गरेको असल काम तथा आफूले आर्जन गरेको ज्ञानलाई मोक्षका लागि आफ्नो योग्यता मानेर बस्नु व्यर्थ छ । किनभने उसका ती सत्कर्म र ज्ञान उसको अज्ञान र उसले गरेका

पापका तुलनामा नगण्य छन् । आफनो घोर तुच्छता र परमेश्वरको अवर्णनीय पूर्णता देख्दा भक्तले परमेश्वरमा अनायास यस्तो पुकारा गर्छ –"प्रभु, म तिम्रो शरण पर्छु । म दुःखी र पापी छु, म अकिंचनलाई धुलोबाट उठाएर आफ्नो कृपादृष्टिमा राख" । यस्ता सबै भक्तहरूलाई लक्ष्य गरेर गीतामा भगवानले यस्तो महान उद्‌गार व्यक्त गर्नुभएको छः

*"जीवनका सबै कर्म कर्तव्यलाई त्यागी केवल एक मेरो शरणमा आऊ । शोक नगर । म तिमीलाई सबै पापबाट मुक्त गरिदिन्छु"* । गीतामैं भगवान्‌ले फेरि भन्नुभएको छ –

*"ममा आफ्नो चित्त लगाएपछि तिमी मेरो कृपाले सारा बाधाहरूलाई पार गर्ने छौ । तर अहङ्कारवश मेरो कुरा सुनेनौ भने नष्ट हुने छौ"* ।

## ४

## भक्तिको मार्गमा बाधाहरू – अहंकार, अतिशयता र आस्थामा ह्रास – आदर्शभक्तिका लक्षणहरू

**छोरी – हजुरले भरखरै उद्‌धृत गर्नुभएको मन्त्रमा, भक्तले भगवद्‌कृपाबाट सबै बाधा पार गर्ने छ भनिएको छ । भक्तको मार्गमा आउने बाधाहरू के के हुन् ?**

**बाबु –** भक्तको मार्गमा पनि ती सबै आपत्‌हरू आउँछन् जो अरू मानिसहरूको मार्गमा साधारणतया आउँछन्–जस्तै रोग, प्रियजनको मृत्यु, पूरा हुन नसकेका इच्छाहरू, कर्तव्यहरूका बीच संघर्ष र यस्तै अन्य हजारौं कुराहरू । तर यी कुराहरूमध्ये सबै उसका मार्गमा बाधक हुँदैनन् । यिनीहरूमध्ये केहीले त उसलाई सहायता पनि गर्न सक्छन्, जस्तै विपत्तिले आत्मालाई जाग्रत राख्दछ र समृद्धिले धेरै जसो आत्मालाई सुषुप्त पारिदिन्छ ।

**छोरी – त्यसो भए वास्तविक बाधाहरू के हुन् त ?**

**बाबु –** वास्तविक बाधाहरू त मानिसले आफैं सृष्टि गरेका हुन्छन् । तिनीहरू के हुन् भन्ने कुरा हामी इतिहास र पुराणहरूमा वर्णन गरिएका सन्तहरूको जीवनीबाट थाहापाउन सक्छौं । तिनीहरूमध्ये मुख्य हुन् – अहङ्कार, अमर्यादा र अनास्था ।

**छोरी – सांसारिक आकाङ्क्षा त्यागिसकेका भक्तहरूका मार्गमा अहङ्कार कसरी बाधक हुन सक्छ ?**

**बाबु** – मानिसले आफ्नो भौतिक सम्पदाको घमण्ड त्यागी धार्मिक जीवन बिताउन थाले पछि उसको मनमा आफ्नो आध्यात्मिकताको घमण्डले प्रश्रय पाउने धेरै संभावना हुन्छ । धार्मिक हुन थाले पछि उसले आफ्ना निर्धन छिमेकीहरूलाई हेलाँको दृष्टिले हेर्न त छाड्ला, तर उसले आफु भन्दा कम धार्मिक व्यक्तिलाई हेय दृष्टिले हेर्न थाल्दछ । अरूले गरेका पापहरूप्रति उसको रोष र तिरस्कार बढ्दछ र ऊ कठोर र असहिष्णु बन्दै जान्छ । ऊ नैतिकताको आडम्बर गर्दछ, अरूले गरेका कार्यहरूको स्वयंघोषित जाँचकी बन्दछ र मानिसहरूबारे निर्णय गर्ने निष्ठुर न्यायकर्ता (judge) पनि हुन थाल्दछ अथवा आफ्नो धार्मिकताको प्रदर्शन गर्न थाल्दछ वा आफ्नो भक्ति र पूजापाठको ानकारी सबैलाई होस भन्ने अभिलाषा राख्दछ । आफ्नो आध्यात्मिकताको यातिबाट ऊ प्रसन्न हुन्छ र अरूले उसको कदर गरेनन् भने अप्रसन्न ुन्छ । यस प्रकारको आचरण धर्म होइन, धर्मको ढोंग मात्र हो । आज कतिपय युवा सन्तहरू दुर्भाग्यवश यस प्रकारको आडम्बरप्रति आसक्त छन् । यस्तो आडम्बरले केही काम लाग्दैन । भगवद्कृपा पाउन हामीले प्रचार र प्रदर्शन पूर्णतया त्याग्नु पर्छ – तर घमण्ड र गर्वको भावनाले होइन, असीम विनय र उदारताको भावनाले । अनि मात्र भगवद्कृपा पाइन्छ । सच्चा भक्तले उपेक्षित र तिरस्कृत हुन तयार रहनु पर्दछ । उसले आफ्नो भक्तिको अभ्यास एकान्तमा गर्नु पर्छ र आफू जति धार्मिक छ सोभन्दा कमै भएको देखा पर्नु पर्छ । भक्तले आफ्नो लागि आदर र मान्यताको चाहना नगरी विपन्न र विनीतहरूसंग बस्नु पर्छ । उसले कहिले पनि अनौठो र सनकी व्यवहारद्वारा आफूप्रति अरूको ध्यान आकर्षित गर्नु हुँदैन । उसको व्यवहार साधारण मानिसहरूको जस्तो हुनु पर्दछ । उसले सबैका बारेमा उदारतापूर्वक कुरा गर्नु पर्छ, उनीहरूको दोषको वास्ता गर्नु हुँदैन र उनीहरूको गुणहरूको चर्चा गर्नु पर्छ । उसले आफूप्रति कठोर, निर्मम र रूष्ट तथा अरू प्रति नम्र, दयालु र क्षमाशील बन्नु पर्दछ । उसले आफुलाई शुद्ध र अरूलाई सुखी बनाउने प्रयत्न गर्नु पर्छ । यी सब कुराहरू उसले सहज र स्वाभाविक रूपले गर्नु पर्छ, आफ्नो उदारता र विनयको प्रदर्शन गर्ने दृष्टिले होइन । किनभने आध्यात्मिकताको गर्व, भौतिक

वस्तुहरूको गर्वभन्दा बढी घातक हुन्छ । त्यसले आत्मालाई सांसारिक वस्तुको घमण्डले भन्दा अझै छिटो नष्ट गरिदिन्छ ।

छोरी – **हजुरले भन्नु भएको दोस्रो बाधा अमर्यादा भनेको के हो ?**

**बाबु** – अमर्यादा दोस्रो बाधा हो । एक सच्चा भक्त सबै प्रकारका अमर्यादाहरूबाट मुक्त हुनु पर्दछ । उसको भक्ति पनि न अतिशय भावुक, न आफूलाई अनावश्यक रूपले यातना दिने किसिमको नै हुनु पर्दछ । गीताले भनेको छ–

*"योग न धेरै खानेका लागि न खाँदैनखानेका लागि साध्य हुन्छ । यो धेरै सुत्नेका लागि र धेरै जागा रहनेका लागि पनि हुन्न । यथोचित आहार विहार गर्ने, आफ्ना सबै कार्यमा संयम राख्ने, यथोचित सुत्ने र यथोचित जागा रहने व्यक्तिले गरेको योगले उसको सारा दुःख नष्ट गरिदिन्छ"* ।

सच्चा भक्तले धर्मको परम्परागत स्वरूपप्रति पनि अतिवादी दृष्टिकोण राख्नु हुँदैन ।

छोरी – **सही दृष्टिकोण के हो त ?**

**बाबु** – सही दृष्टिकोण के हो भने भक्तले परम्परागत धर्मको बाहिरी स्वरूप संग मात्र सन्तुष्ट भएर बस्नु हुँदैन, न त सबै बाहय स्वरूपलाई अस्वीकार गरी डर लाग्दो स्वतन्त्रताको नै माग गर्नु हुन्छ । धर्मको सार र भावनालाई कुनै कुराले पनि त्यति आघात पार्दैन जति पहिलेका युगहरूमा भक्ति प्रकट गर्न उपयोग गरिएका बाहय स्वरूप र विधिहरूको यंत्रवत् अनुसरण गर्नाले । ईश्वर शाश्वत छ तर देवीदेवताहरूको रूप परिवर्तनशील र नाशवान् छन् । बितिसकेका देवताहरूको पूजा गर्नु ईश्वरको अपमान गर्नु हो । तसर्थ सच्चा भक्तले निष्प्राण भइसकेका बाहय स्वरूप र विधिहरूबाट माथि उठ्न सक्नु पर्छ तर उसले त्यस्ता विधि र नियमहरूबाट भने छुटकारा चाहनु हुँदैन जसले हाम्रा आध्यात्मिक आवश्यकताहरूको अझै पूर्ति गरिरहेका छन् । आफूले जे गऱ्यो त्यही ठीक र त्यही नै नियम हो भन्ठान्नु हुँदैन । भक्तले धर्मका संस्थापित रूप र विधिहरूको अवहेलना गरी आफू भन्दा कम अप्रबुद्ध सहमानवहरूका समक्ष गलत उदाहरण प्रस्तुत गर्नु हुँदैन । गीताले भनेको छ – *"ज्ञानीले आफ्नो कर्ममा आसक्त रहेका अज्ञानीहरूको बुद्धि विचलित नगरोस्, र स्वयं योगयुक्त भएर कर्म गर्दै अरूलाई पनि त्यसै गर्न लगाओस्"* ।

धार्मिक जीवन प्रारंभ गर्ने सबैले धर्मको भावनाको पालन गर्ने भन्दै धर्मशास्त्रमा लेखिएका सबै विधि-विधान त्याग्न थाले भने धर्ममा अराजकता आउने छ । स्वयं भक्तका लागि पनि यो राम्रो हुँदैन किनभने भगवद्कृपाको चेतना उसको अन्तःकरणमा आउन सकेन भने उसले धर्मका वाहिरी साधनहरू, जस्तै मन्दिर, पूजापाठ, कर्मकाण्ड, भजन इत्यादिकै सहारा लिनु पर्ने हुन आँउछ ।

छोरी - **भगवद्कृपाको चेतना अन्तःकरणमा आउन न सक्नु भनेको के हो बुवा ?**

**बाबु** - यस प्रश्नले हामीलाई अब भक्तको मार्गमा रहेको तेस्रो बाधा अर्थात् अनास्थामा ल्याइपुऱ्यायो । अनुभव नभएको भक्तले आफनो भक्तिको केही फल नदेखेपछि ईश्वरले आफूसंग मुन्टो बटारेको जस्तो ठानी ऊ प्रायशः अधीर हुन्छ र उसलाई थकाइले घेर्दछ । कहिले त उसलाई लामो समयसम्म धर्म आत्मवंचना मात्र रहेछ जस्तो पनि लाग्दछ र भगवान्संग प्रार्थना गर्न लाग्दा उसको मनमा नास्तिकताका भावना पनि उठ्न सक्छन् । कहिले काँही त भयानक र बोल्ने नहुने पापहरू पनि आफ्नो आत्माको विल्कुलै नगिचै आइसकेको जस्तो उसलाई लाग्दछ । वर्षौंका प्रकाश, पवित्र पूजा, र कृपापूर्ण उपस्थिति एक क्षणमैं हराएर जान्छ र त्यसको ठाउँ दुःख र निराशाले लिन्छ । संसारचाहिँ स्वभावतः सदाझैं चलिरहेकै हुन्छ । तर उसलाई त्यो निःसार, निरुद्देश्य र पाषाण जस्तो कठोर लाग्दछ । ऊ प्रार्थना गर्न सक्दैन, ध्यान पनि गर्न सक्दैन । भक्तिग्रन्थका आफूलाई प्रिय लाग्ने श्लोकहरू पनि उसलाई निरस र अर्थहीन पुनरावृत्ति जस्ता मात्र लाग्दछन् । सच्चा भक्तका लागि यी स्थिरता र धैर्यको परीक्षाका घडीहरू हुन् ।

छोरी - **यस्तो अवस्थामा भक्तले के गर्नु पर्छ ?**

**बाबु** - अन्धकारको यस्तो क्षणमा भक्तले भगवान्लाई भक्तिपूर्वक अँगालिराख्नु पर्दछ । भगवद्इच्छाको औचित्यबारे मनमा कुनै प्रश्न उठ्न दिनु हुँदैन । आफूले यस्तो अवस्थाको भागी हुनु नपर्ने हो भन्ने विचार पनि मनमा आउन दिनु हुँदैन । धर्म भनेको सधैं निर्बाध आनन्द मात्र भएको भए यस संसारमा धेरै नै मानिसहरू धर्मात्मा हुने थिए होलान् । हो, अन्त्यमा लक्ष्यमा पुगेपछि धर्म निर्मल आनन्द नै हो । तर कति मानिस यस लक्ष्यमा पुग्न सफल

हुन्छन् ! आफ्नो जीवनकालमैं ईश्वरको अटुट दर्शन त केही छानिएका महात्माहरूले, संसारका विभिन्न धर्मका महान प्रवर्तकहरूले, मानव जातिका उद्धारकर्ताहरूले मात्र पाउँछन् । बाँकी रहेका अरू हामीहरू सबैले परमेश्वर-प्राप्तिको मार्गमा हिँड्न लाग्दा बाटामा अनेकौं परीक्षा, प्रलोभन, दुःखकष्ट र कठोर परिश्रम आइपर्छन् र कहिले काँही अलौकिक प्रकाशका झलकहरू पनि देखा पर्छन् ।

**छोरी – भक्तका मार्गमा आइपर्ने बाधा यीनै मात्र हुन् त ?**
**बाबु –** होइनन् । धार्मिक जीवनको मार्गमा पर्ने सबैभन्दा ठूलो र सहजै देखिने बाधाहरू यीनै हुन । यी र कैयौं अन्य बाधाहरू हामी पुराणहरूमा वर्णन गरिएका केही अपरिपक्व सन्तहरूको जीवनबाट थाहा पाउँन सक्छौं ।

**छोरी – तर बुवा, के पहिलो आरोहण चढिसकेपछि पापहरूको अन्त हुन्छ ? अथवा दोस्रो आरोहण चढ्दा पनि पापले मानिसलाई पच्छ्याइ रहन्छ ?**
**बाबु –** छोरी, पहिलो आरोहणमा कर्मका पाप र विचारका पापहरूका बीच निरन्तर सङ्घर्ष भइरहन्छ भन्ने कुरा हामीले देख्यौं । यात्री बराबर लड्दै उठ्दै गर्छ । खतरा कहाँ छ भन्ने उसलाई धेरै जसो थाहा हुन्छ, तै पनि ऊ स्वेच्छाले नै त्यहीं झुम्मिन पुग्छ र स्वभावतः आफ्नो मूर्खताको फल पनि पाउँछ । यो बाटो अन्धकारमय छ । तर यात्री दोस्रो आरोहणमा आइपुग्दा झलमल्ल घाम लाग्न थाल्छ र ऊ अति आनन्दित हुन्छ । पापको विरूद्ध उसको संघर्ष अब माथिल्लो स्तरमा पुग्छ । उसले अब शरीरका पापहरू तथा विचारका स्वैच्छिक पापहरूसँग संघर्ष गरिरहनु पर्दैन । अब ऊ इच्छाबिनाका वैचारिक पापहरूबाट मात्र घेरिन्छ । घिनलाग्दाझैं जन्तुहरूले यात्रीको बाटो काट्छन् । डरले यात्रीको जुरुङ्ग हुन्छ तर आफ्नो बाटोमा ऊ अगाडि बढ्दै जान्छ किनभने ती जन्तुहरूले उसलाई अब अरू हानि पुर्‍याँउदैनन् ।

**छोरी – बुवा, दोस्रो आरोहणका यी सब बाधाहरू सफलतापूर्वक पार गरिसकेका मानिसका विशिष्ट लक्षणहरू के हुन्छन् ?**
**बाबु –** छोरी, आदर्शभक्तहरू कस्ता हुन्छन् भनी बताउँदै गीताको बाह्रौं अध्यायमा भगवान् भन्नु हुन्छ–

- "कसैसंग द्वेष नगर्ने, सबै प्रति मैत्री र करूणा राख्ने, "म" र "मेरो" भन्ने भाव नर राख्ने, सुखदुःखलाई समान देख्ने, सहनशील, सदासंतुष्ट, योगी, आफूलाई वशमा राख्ने, आफ्नो आस्थामा दृढ, आफ्नो मन र बुद्धि ममा अपर्ण गर्ने – यस्तो भक्त मलाई प्रिय हुन्छ.
- "जसबाट संसार दिक्क हुँदैन र जो संसारबाट दिक्क हुँदैन, र जो हर्ष र ईर्ष्या, तथा भय र चिन्ताबाट मुक्त छ, त्यो भक्त मलाई प्रिय छ,
- "कुनै इच्छा नभएको, पवित्र, दक्ष, कुनै अभिलाषा नराख्ने, व्यथित नहुने, सबै कर्मको आरम्भ छोडेको, यस्तो भक्त मलाई प्रिय छ,
- "जो न खुशी हुन्छ, न द्वेष गर्दछ, जो शोक गर्दैन र कुनै कुराको इच्छा गर्दैन, र जो शुभ र अशुभ दुवैलाई त्याग्दछ, त्यो भक्त मलाई प्रिय छ,
- "शत्रु र मित्रमा, मान र अपमानमा, जाडो र गर्मीमा, सुख र दुःखमा समान रहने, आसक्तिबाट मुक्त, निन्दा र स्तुतिमा उस्तै रहने, मौनी, जे सुकैबाट संतुष्ट, घरद्वार प्रति वास्ता नभएको, स्थिर बुद्धि भएको – यस्तो भक्त मलाई प्रिय छ, र
- "जो मैले बताएको यो अमृत धर्मलाई श्रद्धापूर्वक पालन गर्दछ र मलाई परमपद मान्दछ, त्यो भक्त त मलाई अति नै प्रिय छ" ।

## परिच्छेद-४
# तेस्रो आरोहण

## १
## ज्ञानको अर्थ

छोरी – **धार्मिक जीवनको मार्गमा रहेका सबै बाधाहरूलाई यस जीवनमा वा पहिलेका जीवनहरूमा पारगरिसकेको व्यक्तिको अवस्था कस्तो हुन्छ, कृपया बताइदिनुहोस् न !**
**बाबु** – भक्तिलाई आध्यात्मिक जीवनको दोस्रो आरोहण भनी मैले तिमीलाई बताइसकें । यो दोस्रो आरोहण चढेर शिखरमा पुगेको व्यक्तिलाई तेस्रो आरोहणको फेदमा पुगेको मान्नु पर्छ ।

**छोरी – के अझै अर्को आरोहण पनि छ ?**
**बाबु** – मैले तिमीलाई अपराभक्ति र पराभक्तिका बारेमा बताइसकेको छु । अपराभक्तिले पराभक्ति तर्फ लैजान्छ । पराभक्ति अथवा ज्ञान, आध्यात्मिक जीवनको तेस्रो र अन्तिम आरोहण हो । तर समस्या के छ भने यस आरोहणको मार्गको राम्ररी रेखाङ्कन भइसकेको छैन । कारण, यस मार्गको अनुसरण यदाकदा मात्र भएको छ । हाम्रा पथप्रदर्शकहरूका बीच यस विषयमा मतैक्य पनि छैन । तसर्थ अब हामी पहिले शंकराचार्यले बताउनुभएको यस कठिन आरोहणको मार्ग, अनि त्यसपछि रामानुजाचार्य र मध्वाचार्यले बताउनुभएका मार्गहरूको चर्चा गर्ने छौं ।

छोरी – **तर पहिले त धार्मिक जीवनका प्रथम दुई आरोहणहरूको यस तेस्रो आरोहणसंग कस्तो सम्बन्ध छ त्यो बुझाइदिनुहोस न् ?**
**बाबु** – पहिलो आरोहणको नैतिक अनुशासनपालनले हामीलाई दोस्रो आरोहणको उज्यालोमा पुर्‍याउँछ, र अनि दोस्रो आरोहणको प्रकाशले हामीलाई तेस्रो आरोहणको आध्यात्मिक अन्तर्दृष्टिमा पुर्‍याउँछ । यस प्रकार, पहिलो आरोहण हो नैतिकताको जीवन, दोस्रो आरोहण हो भक्तिको जीवन र तेस्रो आरोहण हो सिद्धिको जीवन । पहिलो आरोहणमा हामीले देख्यौं – नैतिकताले

मात्र पुग्दो रहेनछ । त्यसैगरी  दोस्रो आरोहणमा हामी के देख्छौं भने उपासना पनि आध्यात्मिक जीवनको अन्तिम कुरो होइन रहेछ । संकीर्ण अर्थमा धार्मिक अनुभव भनेको हामीले गर्न सक्ने सर्वोच्च अनुभूति होइन । हामी मध्ये धेरै जसो धार्मिक चेतनाको स्तरभन्दा माथि उठ्न सक्दैनौं भन्ने कुरा सत्य हो, तर यस भन्दा पनि माथि उठेर अलौकिक चेतना प्राप्त गर्ने असाधारण महात्माहरू पनि छन् । यिनीहरूको अनुभवको उपेक्षा गर्न सकिँदैन । हिन्दुधर्मले सबै प्रकारका आध्यात्मिक अनुभवहरूको राम्ररी लेखाजोखा गरी तिनीहरूलाई एक श्रेणीबद्ध ढाँचामा समावेश गरेर राखेको छ । ज्ञान त्यो सर्वोच्च अनुभूति  हो जसलाई महान् ऋषिहरूले त्याग, संयम, प्रार्थना र आध्यात्मिक खोजीको लामो जीवन वा जीवनहरू पछि प्राप्त गरे । तसर्थ हामी ज्ञानलाई एक अमूल्य उपलब्धिको रूपमा संगालेर राख्छौं र यसलाई सबैले प्राप्त गर्नु पर्ने लक्ष्य मान्दछौं ।

छोरी - **धार्मिक अनुभूति र अलौकिक अनुभूतिका बीच के फरक छ ?**

**बाबु** - नैतिक अनुभूतिमा जस्तै सबै धार्मिक अनुभूतिमा पनि द्वैतभावको संसर्ग रहेको हुन्छ । नैतिक जीवनमा हामीले आदर्श र यथार्थका बीच सदा फरक रहिरहने कुरा देखिसकेका छौं । धार्मिक जीवनमा पनि पूर्ण (Perfect) परमात्मा र अपूर्ण जीवात्माका बीच यस्तै फरक छ । यस्तो फरक रहिरहेसम्म लक्ष्यमा पुगिदैन । तर ज्ञान वा परब्रह्म प्राप्तिमा यस प्रकारको फरक रहदैन । परमात्मामा जस्तै त्यहाँ ज्ञाता र ज्ञेय एउटै हुन्छ । मानिसले परमात्माको बोध स्वयं उसको अंश बनेर, ऊदेखि स्वयं अभिन्न बनेर गर्दछ ।

छोरी - **हामी संसारिक कुरालाई बुद्धिद्वारा जान्दछौं । परमात्माको बोध गराउने ज्ञान के बुद्धिभन्दा फरक छ ?**

**बाबु** - बुद्धिभन्दा ज्ञान श्रेष्ठ हो । ज्ञान भनेको सहजअन्तर्दृष्टि (intuition) हो । यसलाई बुद्धिको परिपूर्णता  (fulfilment) भने पनि हुन्छ । बुद्धिले अंशको विचार गर्ने हुनाले आंशिक वा सापेक्ष सत्यमात्र देखाउँछ । ज्ञान वा अन्तर्दृष्टिले पूर्णको विचार गर्ने हुनाले सम्पूर्ण सत्यलाई देखाउँछ । अन्तर्दृष्टि (ज्ञान) ले फेला पारेका कुरा बुद्धिको निष्कर्षको विरूद्ध हुँदैन, त्यसलाई समेत समेटेको हुन्छ । अन्तर्दृष्टिले तर्कलाई त्याग्दैन, त्यसको परिपूरक भएर रहन्छ ।

**छोरी – परमात्मालाई बुद्धिले भन्दा ज्ञानद्वारा बढी पूर्णरूपमा जान्न सकिन्छ भन्ने हजुरको भनाइ हो ?**

**बाबु –** हो । ज्ञानले प्रकाश गर्ने र बुद्धिले बुझ्ने कुराका बीच कुनै तुलना नै हुन सक्दैन । ज्ञान भनेको परमात्माको अनुभूति र परमात्माभित्रको जीवन दुवै हो । ज्ञानचक्षु खुलेपछि हामी आफूलाई यस्तो आनन्दमय ईश्वरीय जीवनका अंशको रूपमा देख्दछौं जसलाई मानववाणीले कहिल्यै वर्णन गर्न सक्दैन । अनि समय र स्थानको हाम्रो धारणा एउटा अतिसूक्ष्म कणको रूपमा खुम्चिन्छ, र असीम परमात्माको विशाल छालद्वारा हामी नैतिकता र भक्तिका सानातिना द्वीपहरूभन्दा धेरै पर पुऱ्याइन्छौं ।

## २

## ईश्वरको प्रकृति – ॐको महत्व – पापको समस्या

**छोरी – तर बुवा, यो बढी पूर्ण ज्ञान भनेको के हो र आध्यत्मिक जीवनको अन्तिम आरोहणमा हामी ज्ञानद्वारा ईश्वरका बारेमा अरू के थाहा पाउँछौं ?**

**बाबु –** यस अन्तिम आरोहणको क्रममा, परमात्माका बारेमा हामीलाई कति थोरै थाहा रहेछ र कति थोरै थाहा हुन सक्ने रहेछ भन्ने कुराको बोध हुन्छ । भक्तिको आरोहण छाडी ज्ञानको उच्चतर आरोहणमा पुग्दा यात्रीमा कताकता त्यस्तै भावना उत्पन्न हुन्छ जस्तो गीतामा कृष्णको विश्वरूप देख्दा अर्जुनमा उत्पन्न भएको थियो । सो अवसरमा अर्जुनको उद्‌गार यस प्रकारको थियो–

*"हजुरको यत्रो महिमा नजानी मैले हजुरलाई साथी ठानेर प्रेमले वा प्रमादले हे कृष्ण, हे यादव, हे मित्र, भनेर सम्बोधन गरेँ र ठट्टा गर्दा, खेल्दा, सुत्दा, बस्दा, खाँदा, तथा एक्लै भएको बेलामा र साथीहरूका बीचमा समेत हजुरको जुन अनादर गरेँ ती सबैका लागि हे अच्युत, हे असीम प्रभु, हजुरसँग म क्षमाको याचना गर्दछु" ।*

भक्तिको आरोहणमा हामी आफू र आफ्ना सानातिना आवश्यकताहरूको सम्बन्धमा उसको एक सानो अंशलाई मात्र जान्दछौं र केटाकेटीहरूले बाबुसंग गरेको जस्तै आत्मीयताको व्यवहार गर्दछौं । ज्ञानको शिखरमा चाहिँ हाम्रा आँखा खुल्दछन् र हामी उसलाई सम्पूर्ण ब्रह्माण्डका सन्दर्भमा देख्न थाल्छौं र अन्तमा ऊ स्वयंमा पनि के रहेछ भन्ने थाहा पाउछौं । अनि हाम्रो मनमा

त्यस्तै हुन्छ जस्तो राजपरिवारमा हुर्किएको बालकले ठूलो भएपछि आफूले अहिलेसम्म लाडिएर खेल्ने गरेको बाबु त वास्तवमा एक साम्राज्यको महान् शासक तथा असंख्य राज्यहरूमा जसको बोली नै कानून मानिन्छ त्यस्तो जीवन मृत्युको स्वामी पो रहेछ भन्ने थाहा पाउँदा उसको मनमा हुन्छ । ज्ञानले हाम्रो समक्ष आशातीत तेज र गौरवको शिखर उघारिदिन्छ जसलाई देखेर हामी अवाक् हुन्छौं । अनि त्यस बखत हामीलाई के बोध हुन्छ भने उसको बारेमा हामीलाई थाहा छ भन्ने हाम्रो धाक त केवल घोर अज्ञान मात्र पो रहेछ ।

छोरी – **परमात्मा बिल्कुलै जान्न नसकिने छ त ?**

**बाबु** – ईश्वरलाई जान्न सकिंदैन त वैज्ञानिक अज्ञेयवादले (Scientific agnosticism) भन्दछ, हिन्दुधर्मले होइन । अज्ञेयवाद सबै प्रकारका आध्यात्मिक अस्तित्व – आत्मा होस वा परमात्मा – लाई अस्वीकार गर्दछ । अज्ञेयवादीहरू भन्दछन् संसारको भौतिक जीवनका पछाडी ईश्वर र मानिसको बौद्धिक जीवनका पछाडी आत्मा हुन सक्दछ, तर यी दुवै अज्ञेय छन्, यिनलाई जान्न सकिंदैन । उनीहरूको विचारमा हाम्रो ज्ञान उर्जा र पदार्थ (energy and matter) सम्म मात्र सीमित छ । तर हिन्दुधर्मका अनुसार ईश्वर हामीभन्दा अत्यन्त माथि मात्र होइन हाम्रो अत्यन्त नजिक पनि छ । ऊ हाम्रा हात खुट्टाभन्दा पनि बढी नजिक छ । किनभने ऊ हाम्रो आत्माको पनि आत्मा हो । ऊ हाम्रो हृदयमा निवास गर्दछ । ऊ क्यान्भास (canvas) हो जसमा हामी चित्रको रूपमा चम्किन्छौं । ऊ हाम्रो अस्तित्वको आधार नै हो ।

छोरी – **उसका बारेमा हामी अत्यन्त नै कम जान्दछौं भन्ने थाहा पाउनु नै सबभन्दा ठूलो ज्ञान हो भनी हजुरले किन भन्नुभएको ?**

**बाबु** – किनभने ऊ हामी सबैभित्र रहे तापनि ऊ जस्तो छ त्यस्तै थाहा पाउन हामीले आफ्नो अस्तित्व बिर्सनु पर्ने हुन्छ । हामीले समय र स्थान (Time and Space) लाई नाघ्न सक्नु पर्दछ किनभने ईश्वर समयभित्र मात्र होइन समयभन्दा पारी पनि छ । ऊ हाम्रा अन्तःस्थ (भित्र बस्ने) मात्र होइन सर्वव्यापी पनि छ । तसर्थ समय र आकारमा बाँधिएका हामी दीन प्राणीहरू समयातीत रहेका उसका बारेमा यथार्थ र उपयुक्त धारणा कसरी बनाउन सक्छौं ? हामीले उसका बारेमा जे, जति भने पनि, उसका गुणहरूको जति सुकै वर्णन गरे पनि अतिनै कम हुने छ । आफूले कल्पना गर्न सकेसम्मका उसका सर्वोच्च

गुणहरूको बयान गरेपछि पनि त्यसमा यो थप्नु पर्छ – "यति मात्र होइन, योभन्दा पनि धेरै माथि" । तसर्थ हाम्रा महान ऋषिहरूले भनेका छन्– ईश्वरको उपयुक्त वर्णन हुन्छ – "नेति, नेति" अर्थात् "यति मात्र होइन, यति मात्र होइन" । यस प्रकार, हिन्दुधर्ममा ईश्वर सम्बन्धी दुई प्रकारका धारणा छन् । पहिलो, हामीले कल्पना गर्न सकेसम्मका अनन्त तेजमय गुणहरूले सम्पन्न सगुण ब्रह्म अथवा ईश्वर । दोस्रो, निर्गुणब्रह्म, जो निर्विशेष छ र जसलाई नकारात्मक रूपमा 'नेति, नेति' भन्नु बाहेक अरू कुनै प्रकारले वर्णन गर्न सकिदैन । उदाहरणका लागि, गीताका निम्नलिखित श्लोकहरू हेरौं–

*"ऊ सम्पूर्ण इन्द्रियका विषयहरू जान्ने तर स्वयं इन्द्रियरहित छ । ऊ स्वयं अनासक्त छ तर सबैको धारण पोषण गर्दछ । ऊ प्रकृतिका गुणहरूबाट मुक्त छ तर ती गुणहरूको भोग गर्दछ । ऊ सबै प्राणीहरूका बाहिर छ र भित्र पनि । ऊ चर पनि छ, अचर पनि । ऊ अति सूक्ष्म भएकोले जान्न नसकिने छ । ऊ धेरै टाढा छ तर नजिक पनि" ।*

**छोरी – ईश्वरका बारेमा यी धारणाहरू परस्परविरोधी छैनन् त ?**

**बाबु –** छैनन् । यी धारणाहरू एक अर्काका परिपूरक छन् । उदाहरणार्थ, तिमीले आफ्ना खाली आँखाले आकाशमा मध्याह्नको सूर्यलाई हेर्न खोज्यौ भने तिम्रा आँखा तिरमिराउँछन् र तिमी त्यसलाई हेर्न सक्दिनौ । तर सोही सूर्यलाई धुवाँले कालो पारेको ऐनाले हेर्‍यौ भने एक गोलो रातो डल्लोको रूपमा देख्दछयौ । तिमीले पहिले हेरेको सूर्य र पछि हेरेको सूर्यमा भने कुनै फरक छैन । आकाशमा चम्किरहेको सूर्य उही एउटै हो । त्यसै गरी, निर्गुण र निर्विशेष (Absolute) लाई स्वयंमा ब्रह्म भन्दछन् । तर त्यही निर्विशेषलाई संसारका सन्दर्भमा विचार गर्‍यो भने अथवा मानव–चश्मा लगाएर हेर्‍यो भने त्यो ईश्वर हो । पहिलो निर्गुण (वा अव्यक्त) हो र दोस्रो सगुण (वा व्यक्त) ।

**छोरी – त्यसो भए के ईश्वर हाम्रो आफ्नो धारणा मात्र हो, यथार्थ होइन ?**

**बाबु –** यस्तो कसरी भन्न सक्छयौ ? के हामीले कालो ऐनाद्वारा हेर्दा सूर्यको सट्टा देखिने रातो गोलो डल्लो हाम्रो कल्पित धारणा हो ? हाम्रो ज्ञानको वर्तमान अवस्थामा ईश्वर नै ब्रह्मको हामीले थाहा पाउन सक्ने सबभन्दा बढी यथार्थ रूप हो । मानवबुद्धिद्वारा ब्रह्म यस प्रकारको मात्र देखिन सक्छ ।

छोरी – **त्यसो भए ईश्वर सगुण र निर्गुण दुवै छ भन्न सकिदैन । हाम्रा कमीहरूले गर्दा मात्र ऊ हाम्रो निम्ति सगुण छ । होइन् ?**

**बाबु** – तिमीले ठीक भन्यौ, छोरी । ईश्वर सगुण र निर्गुण दुवै हो भन्नु त्यति ठीक हुँदैन । मध्याहनको सूर्य जल्दोवल्दो छ पनि र जल्दोवल्दो छैन पनि भन्न सकिन्न, किनभने त्यो स्वयंमा जल्दोवल्दो छ तर धुँवाको ऐनाले हेर्‍यो भने जल्दोवल्दो छैन ।

छोरी – **हजुरले भन्नु भयो ब्रहम निर्गुण छ । यसको अर्थ के ईश्वर व्यक्ति होइन भन्ने हो ?**

**बाबु** – यी सव कुरा व्यक्तित्वको हाम्रो अर्थमाथि निर्भर गर्दछ । व्यक्तित्व भन्नाले सीमा भएको कुनै कुरा भन्ठान्ने हो भने ईश्वर व्यक्ति होइन । सामान्यतः व्यक्तित्व शब्दको प्रयोग गर्दा हामीले संकेत गरेको व्यक्तिभन्दा भिन्न अर्को पनि कुनै व्यक्ति छ भन्ने मानिएको हुन्छ । स्पष्टतः यो अवस्था ईश्वरका सम्वन्धमा लागु हुँदैन किनभने उसको कुनै सीमा छैन । ऊ सब थोक हो, ऊ नै सर्वत्र व्याप्त छ । ईश्वरभन्दा वाहिर र ईश्वरभन्दा फरक केही हुन सक्दैन । ऊ नै सवैमा रहेको अविभाज्य आत्मा हो । सवै प्राणीहरूमा एकत्व प्रदान गर्ने पनि ऊ नै हो । तसर्थ असाधारण अर्थमा मात्र हामी ईश्वरको व्यक्तित्व भन्ने शव्दहरूको प्रयोग गर्न सक्छौं, जसको अर्थ हुन्छ हामी साधारण मानिसहरूले उसका वारेमा राख्न सक्ने उच्चतम धारणा । यस विषयमा भ्रम निवारणका लागि हामी के भन्न सक्छौं भने व्रहम स्वयंमा निर्गुण छ, साधारण मानिसको धारणामा चाहिँ उसको रूप स्थूल मानवीश्वरीय छ ।

छोरी – **मानवीय रूप भनेको के हो ?**

**बाबु** – साधारण मानिसले ईश्वरलाई विशेष गुणगौरव सम्पन्न व्यक्तिको रूपमा कल्पना गर्छ । जसरी मानिसले खान्छ, रमाइलो गर्छ, लडाँई गर्छ, विहे गर्छ, त्यसै गरी उसको ईश्वरले पनि खान्छ, रमाइलो गर्छ, लडाईं गर्छ, विहे गर्छ । मानिस आफ्नो परिवारको भरणपोषण गर्दछ । र आफ्नो जेठो छोरालाई आफ्नो सम्पत्तिको हेरचाह गर्ने काममा आफ्नो दाहिने हात ठान्दछ । उसको ईश्वर पनि त्यसै गर्दछ । मानिसले आफ्नो शत्रुलाई समात्छ र मार्छ, उसको ईश्वरले पनि त्यसै गर्दछ । सवै धर्ममा सर्वसाधारणले गर्ने धार्मिक कर्मकाण्डहरू यसै सिद्धान्तअनुसार वनाइएका हुन्छन् । यस्तो अपरिस्कृत धार्मिक धारणाप्रतिको

अरूचिले गर्दा नै बुद्ध जस्ता संसारका केही महान व्यक्तिहरूले ईश्वरका बारेमा केही बोलेनन् । उपासनाको जतिसुकै अपूर्ण विधिप्रति मृदु सहिष्णुता राख्ने गीताका ईश्वर (श्री कृष्ण) आज्ञा हुन्छ - *"बुद्धिहीनहरू मेरो सर्वोत्तम र कहिल्यै नाश नहुने रूपलाई नजानेर म अव्यक्त (निराकार) लाई व्यक्त (साकार) ठान्दछन् "*/ तर मानिसको बुद्धि विकसित हुँदै गए पछि ईश्वर प्रतिको उनीहरूको धारणा उन्नत हुँदै जान्छ तथा कतिपय मानवीय लक्षणहरू ती धारणाहरूबाट क्रमशः छुट्दै जान्छन् । विस्तारै विस्तारै ईश्वर समय र स्थानभन्दा पारी रहेको प्रतीत हुँदैजान्छ । तर हामी जति सुसंस्कृत भए तापनि मानिस भएको कार णबाट धार्मिक उपासनाका लागि भने ईश्वरलाई व्यक्तित्वको रूपमा परिकल्पना गर्नु पर्ने हुँदो रहेछ, तथा उसप्रतिको आफ्ना भावना मानवीय प्रेम संझनु पर्ने हुँदो रहेछ । त्यसो भएन भने एक ठूलो आध्यात्मिक आवश्यकताको पूर्ति नहुने रहेछ । ईश्वरले नै गर्दा, आफूलाई अन्तर्दृष्टि प्राप्त भएको समयमा हामी उसमाथि ती सीमाबन्धनहरू आरोपित गर्दैनौं जो हामी स्वयं अनुभव गरिरहेका हुन्छौं । हामीले स्पष्टरूपमा स्वीकार गर्नु पर्छ - हाम्रो उपसनाको पात्र ईश्वर, कर्म र कर्ताको भेदभन्दा माथि रहेको ब्रह्म हुन सक्दैन । हामीले निःसंकोच मान्नु पर्छ–आस्तिकता, गौरवपूर्ण मानवीश्वरवाद (Anthropomorphism) हो । त्यसैले हाम्रा ऋषिमुनिहरूले ईश्वरलाई ऊ हामीलाई जुन रूपमा देखिन्छ त्यो रूपमा मात्र होइन, ऊ वास्तवमा जस्तो छ त्यस्तै रूपमा पनि हेर्ने प्रयत्न गरेका छन् ।

**छोरी – बुवा, यदि परब्रह्म** (Absolute) **लाई "नेति, नेति" मात्र भनेर वर्णन गर्ने हो भने त्यो असत्ता** (Negation) **र शून्य** (emptiness) **मात्र भएन त ?**

**बाबु -** छोरी, परब्रह्म शून्य होइन । शून्य त हाम्रो अपर्याप्त मानवीय धारणा हो जसले परब्रह्मलाई शून्य मान्दछ । परब्रह्म (Absolute) का बारेमा केही पनि भन्न सकिँदैन भनेको तात्पर्य त हामीले यस संसारमा थाहा पाएका जती कुराहरू भन्दा यो बिल्कुल भिन्न छ भन्ने मात्र हो । यो नकारात्मक हो भनेको होइन । यो हामीले थाहा पाएका कुनै सकारात्मक कुराहरू मध्येको पनि होइन । तर यो सम्पूर्णरूपमा नकारात्मक होइन । अर्को शब्दमा हामी परब्रह्म भनेको 'यो होइन' मात्र भन्न सक्छौ 'यो हो' चाहिँ भन्न सक्दैनौ । परब्रह्म एक यस्तो अवर्णनीय सत्य हो जसले गर्दा यस संसारमा प्रत्येक प्रकारको अस्तित्व संभव छ । यो, राज्यकोषमा राखिएको त्यो द्रव्य जस्तै हो जसलाई

वाहिरवाट देख्न सकिँदैन तर जसको आधारमा कागतका मुद्रा (नोटहरू) आफ्ना मूल्य पाएर चलिरहेका हुन्छन् । राज्यकोषमा त्यो द्रव्य कुन रूपमा रहेको छ त्यो हामी थाहा पाउदैनौं । हामीले त्यसलाई देखेका छैनौं । तर हामीलाई त्यो त्यहाँ छ र त्यसैले गर्दा कागतका नोटहरूले आफनो अस्तित्व (मूल्य) प्राप्त गरेका हुन् भन्ने हामीलाई थाहा छ । त्यसैगरी, परब्रह्मको अस्तित्व छ र हाम्रा नैतिक र आध्यात्मिक मूल्यहरूको स्रोत पनि त्यही हो हामीलाई थाहा छ । त्यसैले, गीतामा भनिए जस्तै, यज्ञ, दान, ध्यान आदि हाम्रा सबै कर्महरू "ॐ तत् सत्" द्वारा सम्पन्न गरिन्छन् जसको मतलब हुन्छ – हामी आफ्ना सबै नैतिक र आध्यात्मिक मूल्यहरू अन्तिम सत्यरूप ईश्वरबाटै प्राप्त गर्दछौं ।

छोरी – ॐ भनेको के हो ?

**बाबु** – हाम्रा सबै धार्मिक साहित्यमा यो पवित्र अक्षर ॐ ले परब्रह्मलाई जनाउँछ । कठोपनिषद्मा भनिएको छः –

*"सम्पूर्ण वेद जसको घोषणा गर्दछन्, सबै तपहरू जसलाई प्राप्त गर्न खोज्दछन् र जसलाई प्राप्त गर्न साधकहरू ब्रह्मचर्यको पालन गर्दछन्, त्यसलाई म संक्षेपमा भन्छु । त्यो हो ॐ । त्यो अक्षर नै ब्रह्म हो । त्यो अक्षर नै परब्रह्म हो" ।*

ॐ को विस्तृत वर्णन गर्ने माण्डूक्यउपनिषद् यस प्रकार प्रारंभ हुन्छः–

*"ॐ यो अक्षर नै सम्पूर्ण जगत् हो । भूत, वर्तमान र भविष्य सबै ॐकार हो र ती तीनै कालभन्दा पारी जे छ त्यो पनि ॐकार नै हो" ।*

यस प्रकार, ॐ पूर्णको प्रतीक हो । त्यसैले यसलाई वेदको सार मानिएको छ ।

छोरी – **बुवा, ॐ ले प्रतिनिधित्व गर्ने परब्रहम विद्यमान छ भन्नु बाहेक, हामी त्यसका बारे अरू केही भन्न सक्दैनौं ?**

**बाबु** – वास्तवमा योभन्दा बढी केही भन्न सकिदैंन किनभने परब्रहमका विपरीत रहेका कुरालाई वाद नगरी यसका बारेमा हामी केही भन्न सक्दैनौं । र कसैबाट केही कुरा बाद गऱ्यो भने त्यसलाई 'पूर्ण' भन्न सकिदैंन । तथापि हामी पूर्ण (परब्रहम) लाई **'सत्–चित्–आनन्द'** भन्दछौं ।

छोरी – **बुवा, मैले यी शब्दहरूलाई बारम्बार सुनेकी छु । यिनको अर्थ के हो ?**

**बाबु** - **'सत्'**को अर्थ हो सत्ता, अस्तित्व । **'चित्'**को अर्थहो चैतन्य, बुद्धि । **'आनन्द'**को अर्थ हो परमसुख । सम्पूर्ण सूत्र **'सच्चिदानन्द'**को अर्थ हो– परब्रह्मको अस्तित्व छ, यो शुद्ध आत्मा हो र यो पूर्ण आनन्द पनि हो । अर्को शब्दमा भन्ने हो भने ब्रह्मका सम्बन्धमा प्रयोग गर्दा **'सच्चिदानन्द'**को अर्थ हुन्छ– आध्यात्मिक सम्पूर्णता (Perfection) ।

छोरी – **बुवा, हजुर कहिले 'ईश्वर' को कुरा गर्नु हुन्छ, कहिले 'ब्रह्म' को । यी दुईमा के फरक छ ?**

**बाबु** – संसारभन्दा पृथक रहेका परमात्माका बारेमा कुरा गर्दा हामी सामान्यतः 'ईश्वर' शब्दको प्रयोग गर्छौं तर सबैलाई व्याप्त गरेर रहेको त्यस तत्त्वका बारेमा चर्चा गर्दा हामी 'ब्रह्म' शब्दको प्रयोग गर्छौं ।

छोरी – **यदि ब्रह्म परमानन्द हो भने उसले आफूभित्र यति पाप र दुःखले भरिएको संसारलाई कसरी समाहित गरेको छ ? के ऊ त्यसबाट प्रभावित हुँदैन ? ब्रह्मले पाप र दुःखलाई यस जगतमा रहन नै किन दियो ?**

**बाबु** – पाप संसारभित्र निहित रहेको हुन्छ । यो एक आवश्यक तत्त्व हो किनभने यो जडको चेतन प्रतिको विरोध हो । पापले जडलाई चेतन हुनबाट रोकिराखेको हुन्छ । जडको घेराभित्र चेतन बन्दी भएर रहेभैं आभास हुन्छ । आफ्नो शुद्ध स्वरूप प्राप्त गर्नुअघि चेतनले जडताको जालो हटाउनु पर्दछ, दुःख र कष्ट भेल्नु पर्दछ । बराबर लड्दै रुँदै बच्चाले हिंड्न सिकेभैं हामीले पापमाथि विजय पाएर पूर्णता हासिल गर्नु पर्दछ । तसर्थ, पाप हाम्रो नैतिक र आध्यात्मिक प्रगतिका लागि आवश्यक छ । विकसित हुँदै गएको संसारमा पाप एक स्थायी तत्त्वको रूपमा रहेको छ । एउटा मात्र जड सत्तालाई चेतनमा परिणत हुन बाँकी रहेसम्म पाप रहिरहनु पर्ने हुन्छ । कुनै ठोस वस्तु प्रकाशको सामुन्ने रहेमा त्यसको छाया देखिन्छ, तर त्यो ठोस पदार्थ पारदर्शी पदार्थमा परिणत भयो भने छाया विलीन हुन्छ । त्यसैगरी जडताले चैतन्य पाएपछि पाप पनि विलीन हुन्छ ।

छोरी – **तर छाया त वास्तविक हुँदैन । के पाप पनि वास्तविक हुँदैन ?**

**बाबु** – हाम्रो निम्ति पाप वास्तविक हुन्छ तर, दिव्य सत्तामा त्यो वास्तविक हुँदैन । श्रीरामकृष्णदेवले एक पटक ईश्वरलाई सर्पसंग र पापलाई विषसंग

तुलना गर्नुभएको थियो । हामी जेलाई विष भन्छौं त्यो सर्पका लागि विष हुँदैन । उसको निम्ति त त्यो एक स्वस्थकर तत्त्व हो । सर्प आफ्नो विषले मर्दैन । तसर्थ हामी भन्छौं : पाप अन्ततः वास्तविक होइन । हाम्रो युगका सबभन्दा महान् हिन्दु कवि रवीन्द्रनाथ ठाकुरले पीडाका बारेमा यस्तो लेख्नु भएको छ-

*"अमर पूर्णताको सेवामा समर्पित ती शुद्धताकी प्रतीक हुन् र जब उनी अनन्तताको वेदीमा आफ्नो वास्तविक स्थान ग्रहण गर्छिन् तब उनी आफ्नो कालो घुम्टो उघार्छिन् र दर्शक समक्ष परमानन्दको रूपमा आफ्नो मुहार प्रकट गर्दछिन्" ।*

हिन्दुहरूको ईश्वर सम्बन्धी धारणामा नैतिक गुणहरू किन निक्षेप गरिएका हुँदैनन् भन्नेकुरा अब तिमी बुझ्ने छयौ । पाप नभए नैतिकता पनि हुँदैन । नैतिकता भएपछि त्यसको विपरीत पनि केही हुनै पर्छ । विपरीत कुरासंग तुलना गर्दा त्यो भिन्न देखिन्छ । नैतिक गुणलाई, विकसित भई रहेको अवस्थामा मात्र असल भनिन्छ । तर, पूर्णरूपमा विकसित भई सके पछि, पापको अभावले गर्दा त्यो असल हुन छाड्दछ । अनि त्यसलाई 'पूर्ण' भनिन्छ । यसैलाई हामी 'आनन्द' शब्दले जनाउँछौं ।

छोरी - **तर पाप (Evil) पनि अन्ततः वास्तविक छ भन्ने विश्वास गर्नमा के बाधा छ ?**

**बाबु -** यस्तो परिकल्पनाले त हामीलाई अपूर्ण ईश्वरको धारणामा पुऱ्याउँछ । पाप अन्ततः वास्तविक भएको भए त्यसलाई कहिल्यै नष्ट गर्न सकिँदैन थियो । र पापका विरूद्ध अशक्त ठहर्ने ईश्वर त ईश्वर नै भएन । फेरि, पाप वास्तविक छ भने अथवा ईश्वरको विरूद्ध वा ईश्वर भन्दा बाहिर छ भने हामी आफ्नो नैतिक प्रगतिको प्रयासमा सफलताका लागि उसमाथि कसरी भर पर्न सक्छौं ? संसारमा चलिरहेको संघर्षमा पुण्य (Good) कै जीत हुन्छ भन्ने के निश्चय छ र ?

छोरी - **तर के ईश्वर पाप (Evil) का विरूद्ध संघर्ष गर्दैन ? पाप अत्यधिक बढे पछि ईश्वर अवतारको रूपमा यस संसारमा अवतरण गर्छ, होइन र ?**

**बाबु -** हो । तर हामीले ब्रहम र ईश्वरको बीचको फरक बुझ्नु पर्छ । पापका विरूद्ध संघर्ष गर्ने ईश्वर हो, ब्रहम होइन, किनभने ईश्वर नै शाश्वत धर्मको संरक्षक हो । संघर्षको थलो यस जगतमा ऊ सँधै पापका विरूद्ध संघर्षरत

रहन्छ । तर जड र चेतनका बीचको विरोध समाप्त भए पछि परव्रहम आफनो मौलिक पूर्णतामा पुनः फर्किन्छ, अनि पाप विलाउँछ । पापसंग संघर्ष गर्ने ईश्वर, मानवीय आँखाले देख्न सकिने व्रहम नै भएको हुनाले नै पुण्य (Good) को विजय निश्चित छ ।

छोरी – त्यस जगत्मा जड र चेतन बीचको विरोध भनेको के हो ?
**बाबु** – पदार्थ जड हो र आत्मा चेतन हो । हिन्दु दार्शनिकहरू जडलाई अनात्मा र चेतनलाई आत्मा भन्छन् । यो जगत् यी दुईका बीच निरन्तर भई रहने संघर्षको थलो हो । यो संघर्ष पृथ्वीमा अहिले सम्म खनिज, वनस्पति, जनावर तथा मानिसको रूपमा व्यक्त भएको छ । पदार्थबाट जीव, जीवबाट चेतना, चेतनाबाट बुद्धि - यस क्रमबाट हामी आत्माको अनात्मामाथि विजय भइरहेको देख्दछौं । विकासको यो सम्पूर्ण क्रम आत्माको विजयप्राप्त गर्ने संघर्षको क्रम हो । यो संघर्ष चलिरहेकै छ । विकासको क्रम अहिले पूरा भइसकेको छैन ।

छोरी – यो क्रम पूरा भएपछि के हुन्छ ?
**बाबु** – अन्तमा सबै पदार्थ आत्मामा पुग्छन् । यो भनेको परव्रहम (Absolute) आफ्नै स्वरूपमा फर्किनु हो । तर यो त पदार्थ र आत्माको प्रांरभिक पृथकत्त्व (separation) जस्तै एक आदर्श काल्पनिक अवस्था मात्र हो ।

छोरी – त्यसो भए के प्रांरभमा व्रहम नै पदार्थ र आत्माको रूपमा छुट्टिएको थियो ?
**बाबु** – हो । यस जगत्मा व्रहम (Absolute), अविभाज्य रहेका यी दुई जस्तै देखिन्छः जड र चेतन, कर्ता र कर्म, तथा आत्मा र अनात्मा । यिनीहरू एउटाले अर्कोलाई इगित गर्दछन् । प्रारंभमा सिङ्गो रहेको कुराका यी दुई टुक्रिएका भागहरू हुन् । र जगत्को इतिहास भनेको पनि यी दुई टुक्रिएका अशंहरूले पुनः आफ्नो मौलिक पूर्णता प्राप्त गर्ने क्रमको इतिहास हो । तसर्थ, वास्तविक प्रगतिको मापन, पदार्थ माथि आत्माको विजयबाट गर्नु पर्दछ ।

# ३
# सृष्टिसम्बन्धी सिद्धान्तहरू - मायाको अर्थ

छोरी - **बुवा, हजुर भन्नु हुन्छ पूर्णले आफूलाई टुक्रयाउँछ तथा कारण र कार्य, तथा पदार्थ र आत्माको रूपमा देखा पर्दछ, र अन्तमा यी दुवै एक भई जोडिएर फेरि पूर्ण बन्दछ । पूर्ण (ब्रह्म) किन यसो गर्छ ?**

**बाबु** - यो कसले भन्न सक्छ र ? यो त "आगोले ताप र प्रकाश किन दिन्छ ?" भनेर सोधेको जस्तो भयो । जसरी आगोको गुण वा स्वभाव नै ताप र प्रकाश दिनु हो, त्यसै गरी ब्रह्मको स्वभाव पनि यी अविभाज्य दुईका रूपमा आफूलाई देखाउनु हो ।

छोरी - **त्यसो भए यस जगत्को सृष्टिको कुनै उद्देश्य छैन त ?**

**बाबु** - ईश्वरले कुनै विशेष उद्देश्यले यो सृष्टि गरेको हो भन्नु त ईश्वरको पूर्णतामा शङ्का गरे जस्तै हुन्छ । ऊसंग नभएको, र ऊसंग नपुग केही छैन । तसर्थ हामी यति नै भन्न सक्छौं - आफूलाई यस जगत्मा प्रकाशित गर्नु उसको लीला वा खुशी हो, कलाकारले आफूलाई आफ्ना कलाकृतिमा प्रदर्शन गर्दा खुशीको अनुभव गरे जस्तै । हामी आफ्ना दृष्टिकोणबाट के भन्न सक्छौं भने ईश्वरले यस प्रकृयाद्वारा जीवात्माहरूलाई आफ्ना नियतिको निर्माण गर्ने अवसर प्रदान गर्छ ।

छोरी - **बुवा, यदि यो जगत् ईश्वरको अविर्भाव** (Manifestation) **हो भने यो जगत् नै ईश्वर हो भने हुँदैन ?**

**बाबु** - हुँदैन । यो जगत् ईश्वर हो भन्नु त रामायण नै बाल्मीकि हो भने जस्तै भयो । ईश्वर यस जगत्मा व्याप्त छ भन्ने कुरामा शङ्का छैन तर यसको अर्थ जगत् नै ईश्वर हो भन्ने होइन । जगत् र ईश्वर एउटै हो त विश्वदेववाद (Pantheism) ले भन्दछ, हिन्दुधर्मले होइन ।

छोरी - **विश्वदेववाद** (Pantheism) **भनेको के हो ?**

**बाबु** - विश्वदेववाद भनेको एक दार्शनिक मत हो जसले हाम्रो यो जगत् ईश्वरको सम्पूर्ण अविर्भाव हो भन्ने मान्दछ । यो मत प्रकृति-ईश्वरवाद (Deism) जस्तै अर्धसत्य हो । प्रकृति-ईश्वरवाद एक अन्य दार्शनिक मत हो जसले

ईश्वर आफनो सृष्टि भन्दा बिल्कुलै अलग रहेको मान्दछ । विश्वदेववाद, जगत्मा ईश्वर सर्वत्र व्याप्त छ तर जगत् भन्दा पृथक छैन भन्ने मान्दछ । प्रकृति-ईश्वरवाद चाहिँ ईश्वर जगत्भन्दा पृथक छ भन्ने मान्दछ तर ऊ सर्वत्र व्याप्त छ भन्ने मान्दैन । हिन्दुधर्म न विश्वदेववाद हो न प्रकृति-ईश्वरवाद नै । यस अनुसार, ईश्वर जगत् भन्दा पृथक छ र सर्वव्यापी पनि छ । ऊ यस जगत्मा छ र यस जगत्भन्दा बाहिर पनि छ । ऊ यस जगत्को उपादान कारण हो र निमित्त कारण पनि । ऊ माटो र कुमाले दुवै हो । त्यसैले हाम्रा धर्मशास्त्रहरूले जगत्लाई माकुराको जालोसंग तुलना गरेका छन् । माकुराको जालोको धागोस्वयं माकुरो बाटै निस्कन्छ, तर जालो नै माकुरो होइन । त्यसैगरी यो जगत् पनि ईश्वर होइन । जडले चेतनलाई देखाउँछ तर सम्पूर्ण चेतनलाई होइन । गीताका भगवान् श्रीकृष्ण भन्नु हुन्छ -

*"सारा ब्रह्माण्डलाई मैले आफ्नो एक अंशले धारण गरेको छु, यो ब्रह्माण्ड ममा स्थित छ, म ब्रह्माण्डमा होइन"* ।

हिन्दु धर्मले सबै कुरा दैवी हुन् भनी मानेता पनि केही कुराहरू अन्य कुराहरू भन्दा बढी दैवत्व प्रदर्शित गर्दछन् भन्ने स्वीकार गरेको छ । खनिजभन्दा बिरूवा बढी दैवी, बिरूवाभन्दा जनावर बढी, जनावरभन्दा मानिस बढी, र खराब मानिसभन्दा असल मानिस बढी दैवी हुन्छन् । यस प्रकार, धुलोको सूक्ष्मतम कणदेखि उच्चतम वस्तुसम्म सबै ईश्वरमा छन् तर ती सबै समान रूपले दैवी छैनन् ।

**छोरी - त्यसो भए, जगतको अस्तित्वबाट के देखियो भने कुनै समयमा ईश्वरको एक सानो अंश जगत् बनेको रहेछ । हो ?**

**बाबु -** त्यसो भन्न मिल्दैन । अंशी र अंशका बीचको सम्बन्ध ब्रह्मका सम्बन्धमा लागु हुँदैन किनभने ब्रह्म नै सम्पूर्ण हो, ऊ नै सब थोक हो । हामीले ईश्वर लाई अंशी तथा जगत्लाई अंश भन्दा उपमाको भाषा (figurative language) प्रयोग गरेका मात्र हौं । यो पूर्णरूपले सत्य होइन ।

**छोरी - हजुरको भनाईमा सम्पूर्ण ब्रह्म वा त्यसको एक अंश पनि जगत्को रूपमा प्रकट भएको होइन ?**

**बाबु -** ठीक । सम्पूर्ण ब्रह्म जगत्को रूपमा प्रकट भएको भए ब्रह्म नै जगत् हुन्थ्यो र यस सिमित जगत्भन्दा बाहिर उसको खोजी निरर्थक हुन्थ्यो । ब्रह्मको

एक अंश जगत्को रूपमा प्रकट भएको भन्ने हो भने हामी ब्रह्म र जगत्का बीच अंश र अंशीको सम्बन्ध लागू गर्न खोजिरहेका हुन्छौं, जो सत्य होइन ।

**छोरी – त्यसो भए यो जगत्को सृष्टि कसरी भयो त ?**

**बाबु –** हाम्रो यो सीमित र परिवर्तनशील जगत्को उत्पत्ति कसरी भयो र अनन्त र निर्विकार ईश्वरसंग यसको कस्तो सम्बन्ध छ भन्ने कुरा हामी निश्चित रूपले भन्न सक्दैनौँ । गीताले यस संसाररूपी वृक्षका बारेमा यसो भनेको छ–

*"यसको वास्तविक स्वरूप यहाँ प्रत्यक्ष हुँदैन, न यसको आरम्भ, न यसको अन्त नै" ।*

सृष्टिको प्रारंभका बारेमा हिन्दुधर्ममा विभिन्न विचारधाराहरू पाइन्छन् ।

**छोरी – ती के हुन् ?**

**बाबु –** तिनीहरू मध्ये सबभन्दा बढी महत्वपूर्ण यी तीन छन् – आरम्भवाद, परिणामवाद र विवर्तवाद ।

**छोरी – आरम्भवाद भनेको के हो ?**

**बाबु –** आरम्भवाद, न्याय–वैशेषिक दर्शनको सिद्धान्त हो । यस सिद्धान्तअनुसार कल्पको प्रारम्भमा विभिन्न प्रकारका अदृश्य तथा अस्पृश्य अणुहरू ईश्वरको इच्छा तथा आत्माहरूका नियतिको प्रभावले गर्दा संयुक्त भएर संसारका विभिन्न वस्तुहरू बन्दछन् तर ती वस्तुहरूका गुणहरू स्वयं ती अणुहरूभन्दा भिन्न हुन्छन् । यस प्रकार, कार्य, कारणभन्दा बिल्कुल फरक छ । यो बिल्कुलै नयाँ रूपमा सामुन्ने आउँछ, धागाहरू बुनेपछि कपडा नयाँ रूपमा देखा परे जस्तै । ती अणुहरू केही कालसम्म एक अर्कासंग संयुक्त भई नै रहन्छन् तथा संसारमा विभिन्न नयाँ वस्तुहरूको सृष्टि भइरहन्छ । अनि ती अणुहरू फेरि एक अर्कासंग छुट्टिन्छन् र त्यसले गर्दा यो सम्पूर्ण ढाँचा भत्किन्छ । सृष्टि र विनाशको यो क्रम महाप्रलयको बेला नआएसम्म चलिरहन्छ । आरम्भवादको सिद्धान्त यही हो ।

**छोरी – परिणामवाद भनेको के हो नि ?**

**बाबु –** सांख्यमतको सिद्धान्तलाई परिणामवाद भन्दछन् । यो क्रमिक विकास (evolution) को सिद्धान्त हो । यसअनुसार जगतमा दुई शाश्वत सत्यहरू छन्

– एक चेतन र अर्को जड । पहिलोलाई पुरुष र दोस्रोलाई प्रधान भन्दछन् । पुरुषहरू असंख्य छन्, एक अर्कावाट स्वतंत्र छन् र सबै गुणरहित छन् । प्रधानमा भइरहेका विभिन्न परिवर्तनहरूका ती मूक दर्शकहरू हुन्छन् ।

**छोरी – 'प्रधान' के हो ?**

**बाबु –** सांख्यमतको 'प्रधान' (जसलाई 'प्रकृति' पनि भनिन्छ) सर्वव्यापी पदार्थ हो वा समष्टि उर्जा हो । यसका तीन प्रवृत्तिहरू हुन्छन्-सत्व, रजस् र तमस् । यी गुणहरू सन्तुलनमा रहँदा 'प्रधान' शान्त रहन्छ । जीवात्माहरूको उपस्थितिले गर्दा यी गुणहरूको सन्तुलन विथोलिन गएपछि गुणहरूले एक अर्कालाई प्रभावित गर्दछन् । यसले गर्दा क्रमिक विकासको प्रकृया शुरू हुन्छ जसले गर्दा यिनीहरूको उत्पत्ति हुन्छः- समष्टि बुद्धि; अहंकार वा आत्मचेतना; शब्द, स्पर्श, गन्ध, रूप र रसका पाँच तथाकथित तन्मात्राहरु; मन; पाँच ज्ञानेन्द्रियहरू; पाँच कर्मेन्द्रियहरू; र अन्तमा पंचतत्त्वहरू अर्थात् आकाश, वायु, प्रकाश, जल र पृथ्वी । विकासशील प्रकृति स्वयं चाहिँ अन्धी र अचेत छिन्, तर यिनका सबै गतिविधिहरूको निश्चित उद्देश्य छ । त्यो उद्देश्य हो जीवत्माहरुलाई आआफनो नियति प्राप्त गराउनु । कल्पको अन्तमा संसारको लय हुन्छ र तिनै गुणहरू पुनः संतुलनमा पुग्छन् । सांख्य सिद्धान्त वैशेषिक सिद्धान्तभन्दा बढी सुधारिएको छ किनभने यसले केवल दुई अन्तिम सत्यहरुलाई स्वीकार गर्दछ । वैशेषिक सिद्धान्तले भने कैयौं अन्तिम सत्यहरुलाई स्वीकार गर्दछ । तर वैशेषिक सिद्धान्त स्वयं चाहिँ बौद्ध शून्यवाद (Nihilism) भन्दा बढी सुधारिएको छ । बौद्ध शून्यवादले सत्य वा स्थायी केही पनि छैन भनेको छ । न्याय सिद्धान्तअनुसार कार्य, कारणभन्दा भिन्न छ भने, सांख्यसिद्धान्त अनुसार कार्य कारणमैं निहित छ, र यो विकासको क्रमद्वारा मात्र देखिन्छ, तोरीको दानामा रहेको तेल तोरी पेलेपछि मात्र देखिए जस्तै ।

**छोरी – अनि, विवर्तवाद भनेको के हो नि ?**

**बाबु –** यो प्रतीति र वास्तविकता (appearance and reality) को एक सिद्धान्त हो । वेदान्तका केही मतहरूअनुसार कारण स्वयंमा केही परिवर्तन नभईकन नै कार्य उत्पन्न हुन्छ । कपडा वनाउन धागोहरुलाई बुन्नु पर्दछ । तेल निकाल्न तोरीका गेडाहरुलाई पेल्नु पर्छ । यी दुवै अवस्थामा कारणमा परिवर्तन हुन्छ । तर सृष्टिको क्रममा सृष्टिकर्ता ईश्वर स्वयं प्रभावित नहुनाले यी उपमाहरूले

सृष्टि कसरी भयो सो स्पष्ट पार्न सक्दैनन् । तसर्थ, केही दार्शनिकहरूले यी प्रसिद्ध उपमाहरूको प्रयोग गरेका छन् – अँध्यारोमा डोरी सर्प जस्तो देखिने, खम्बा भूत जस्तो देखिने, सीपी चाँदी जस्तो देखिने तथा मरूभूमिमा बालुवा पानी जस्तो देखिने इत्यादि । डोरी, खम्बा, सीपी र बालुवा यी सबै वास्तविक हुन् भने सर्प, भूत, चाँदी र पानी प्रतीति मात्र हुन् । यी विभिन्न उदाहरणहरू कार्यको कारणमाथि निर्भरता र साथै कारणको अपरिवर्तनीयता देखाउने उद्देश्यले प्रयोग गरिन्छन् । साँझमा डोरी सर्पजस्तो र अँध्यारोमा खम्बा भूत जस्तो देखिए जस्तै हाम्रो सीमित बुद्धिले वास्तविक ईश्वरलाई समय र स्थान सहितको यो जगत्को रूपमा देख्दछ । हामीले सर्प वा भूत ठानेको वस्तु वास्तवमा डोरी वा खम्बा पो रहेछ भन्ने अनुभव गरेपछि हामी त्यससंग डराउँदैनौं, त्यसलाई देखेर भाग्दैनौं । त्यसै गरी ईश्वरलाई जानेपछि हामी संसारमा देखिने कुराहरूबाट दुःखी वा चिन्तित हुँदैनौं । अविद्या अर्थात् मायाको आवरणलाई विद्या अर्थात् दिव्यज्ञानद्वारा हटाए पछि, तथा मिथ्याज्ञानलाई सम्यक्ज्ञानद्वारा विस्थापित गरे पछि, सपना देखिरहेको मानिस विपनाको संसारमा बिउँझे जस्तै, हामी वास्तविकताको उच्चतर स्तरमा पुग्छौं । यो आध्यात्मिक अनुभूति सम्बन्धी कुरा हो र संसारका सबै आध्यात्मिक व्यक्तिहरूले यस कुराको समर्थन गरेका छन् । तर वास्तविकताको, प्रतीतिसंग कुन प्रकारको सम्वन्ध छ भन्ने कुरा हामीले हाम्रो ज्ञानको अहिलेको अवस्थामा थाहा पाउन सकेका छैनौं । तसर्थ, यस सम्बन्धलाई अनिर्वचनीय भनिएको छ । ईश्वरले आफ्नो मायाद्वारा अद्भुत सृष्टि गर्दछ ।

छोरी – **माया भनेको के हो ? यसको अर्थ भ्रान्ति होइन ? हो भने, के यो संसार झूठो हो ?**

**बाबु** – केही बौद्ध दार्शनिकहरूले यो संसार झूठो हो भनी प्रचार गरेका थिए । उनीहरूको यस विचारलाई त्यस समय धर्मविरूद्ध भनी निन्दा गरिएको थियो । हाम्रा मन बाहिर केही पनि छैन भन्ने मायाको सिद्धान्तलाई कुनै पनि कट्टर वैदिक मतले समर्थन गरेको छैन । संसारको वास्तविकता बारेको दृष्टिकोणबाट हिन्दुदर्शनको विकासलाई तीन चरणमा विभाजित गरिएको छ । विकासको पहिलो चरणमा न्याय–वैशेषिक सिद्धान्त देखा पर्छ जसले संसारका तथ्यहरूलाई विश्लेषण गरी तिनीहरूलाई विभिन्न पदार्थ वा श्रेणीमा सीमित

गरेको छ । विकासको दोस्रो चरणमा सांख्य-योगका सिद्धान्तहरू पर्दछन् जसले संसार सम्बन्धी तथ्यलाई केवल यी दुई श्रेणिमा सीमित गरेका छन् -प्रकृति र पुरूष । तेस्रो चरणमा पर्दछन् वेदान्तका विभिन्न मतहरू जसले यी दुईलाई पनि घटाएर एकमा सीमित गर्ने संभावनामाथि विचार गरेका छन् । रामानुजाचार्य, मध्वाचार्य, निम्बार्काचार्य र बल्लभाचार्यअनुसार संसार वास्तविक छ, तर कुनै न कुनै प्रकारले ईश्वरमाथि आश्रित छ । यस प्रकार ती दुइमध्ये एकलाई अर्काको अधीनमा राखिएको छ । शंकराचार्य अझ एक पाइला अगाडि छन् । उनीले संसारको वास्तविकतालाई नकारेका छैनन् जस्तो साधारणतया ठानिन्छ । यसका विपरीत, उनीले मायाको बौद्ध सिद्धान्तको प्रतिकार गरेका छन् । शंकराचार्यका अनुसार यो संसार त्यत्तिकै वास्तविक छ जति तिमी र म । कर्तामा कार्य निहित छ र कार्यमा कर्ता निहित छ । यी एक अर्कामा आश्रित छन् । कर्ता यस जगत्बाट बिल्कुल स्वतंन्त्र रहेको भए ऊ आफैँले सृष्टि गरेको छाया जगत्मा विचरण गरिरहेको हुन्थ्यो । र विषयाश्रित (Objective) जगत्, कुनै पनि कर्ताबाट बिल्कुलै स्वतन्त्र रहेको भए रूपरंग र प्रकाशको यो जगत् कानून र व्यवस्थाको जगत् नभई अराजकतापूर्ण अन्धकारमय जगत् हुने थियो । पहिलो विचारले हामीलाई काल्पनिक आदर्शवादतर्फ लैजान्छ भने पछिल्लो विचारले कोरा यथार्थवाद तर्फ । यो जगत् निश्चय नै एक भ्रान्ति होइन । मानिसको मनको आफ्नो छुट्टै अस्तित्व भए जस्तै जगत्को पनि आफ्नै अस्तित्व छ । मन वास्तविक भए सम्म जगत् पनि वास्तविक हो । तर दुवै ब्रह्मभन्दा तल्लो स्तरका वास्तविकताहरू हुन् । यिनीहरू सापेक्ष रूपमा सत्य हुन् र परमेश्वरचाहिँ निरपेक्षरूपमा सत्य हो । म एक उदाहरण प्रस्तुत गर्छु । तिमीले कालिदासको 'शाकुन्तलम्' पढेकी छौ ?

छोरी - **पढेकी छु बुवा । यसको तेलगु अनुवाद पढेकी छु ।**

**बाबु -** जुन सुकै नाटकलाई पनि उदाहरणको रूपमा लिन सकिन्छ । कालिदासको नाटकको प्रथम दृश्यमा राजा दुष्यन्त कण्वऋषिको आश्रममा प्रवेश गर्दछन् र त्यहाँ शकुन्तला र उनकी सहेलीहरूलाई बिरूवामा पानी हालिरहेका देख्छन् । त्यस समय के राजाले आश्रमलाई एक भ्रान्ति ठान्दछन् ? अथवा के उनले शकुन्तला र उनकी सहेलीहरूलाई वा स्वयं आफूलाई काल्पनिक ठान्दछन् त ?

छोरी - **अवश्य ठान्दैनन् ।**

**बाबु -** तर, नाटकका सबै पात्रहरू के कविका कल्पना मात्र होइनन् त ? कण्वको आश्रम पनि के कालिदासका मधुर सपना मात्र होइन ? अब हेर, यहाँ दुई स्तरका वास्तविकताहरू छन् - एकातिर दुष्यन्त र नाटकका अन्य पात्रहरू, र अर्कोतिर कालिदास र उनका पाठकहरू । नाटकको सीमा भित्र, यसका कथानक, चरित्रचित्रण र दृश्यहरू सबै वास्तविक छन् । तर नाटककार स्वयं उच्चतर स्तरका वास्तविकता हुन् । उनको दृष्टिबाट, नाटकका पात्रहरू उनका सिर्जना मात्र हुन् । यसै गरी, ईश्वरको दृष्टिमा हामी र हामी बसेका यो संसार वास्तविक होइन, मिथ्या हो । तर हामीहरूका लागि यो संसार बिल्कुलै वास्तविक हो, सत्य हो । संसार हाम्रो मन भन्दा बाहिर छ । तर ईश्वरको मन भन्दा बाहिर भने केही पनि छैन ।

छोरी - **के हाम्रा धर्मशास्त्रहरूले कहिलेकाहीँ संसार एक सपना हो भनेका छैनन् ?**

**बाबु -** छन् । तर संसार कसका लागि सपना हो ? निश्चय पनि संसारको मानिसका लागि होइन । सपना देख्नेका लागि सपना देखुन्जेलसम्म सपना, सपना हुँदैन, अत्यन्त साँचो हुन्छ । बिउँझेको मानिसका लागि मात्र त्यो सपना हुन्छ । त्यसै गरी, सांसारिक मानिसका लागि यो संसार मिथ्या हुँदैन । संसार मिथ्या त निर्विकार ब्रहमलाई साक्षात्कार गरिसकेका समाधिस्थ योगीका लागि पो हुन्छ । आफू बसेको यो संसार हामी सबैका लागि साँचो हो । तर हामी सब वेदले बताएको त्यस अवस्थामा पुग्ने आकांक्षा राख्दछौं जहाँ असत्य, छलकपट, मोह र क्रूर बिडम्बनाले भरिएको यस संसारले हामीलाई अरू भ्रमित पार्न सक्दैन ।

छोरी - **माया केवल भ्रान्ति मात्र होइन भन्नु भएको हो ?**

**बाबु -** हो । मैले भन्न खोजेको त्यही हो ।

छोरी - **त्यसो भए माया के हो त ?**

**बाबु -** साँच्चि भन्ने हो भने माया रहस्य हो । माया त्यो अवर्णनीय शक्ति हो जसले गर्दा परमेश्वर स्वयं शाश्वत र निर्विकार रहे तापनि परिवर्तनशील जगत्को रूपमा देखा पर्छ । त्यसैले हामी कहिलेकाहीँ माया नै यस संसारको कारण हो, तथा माया र प्रकृति भनेको एउटै हो भन्दछौं । हामी परिबद्ध जीवहरूलाई

परमेश्वर त्यस्तो देखिने हुनाले हाम्रो परिबन्धनलाई पनि माया भनिन्छ । यस प्रकार माया सापेक्ष र निरपेक्ष दुवै छ । मायाको सापेक्ष पक्षलाई अविद्या पनि भन्दछन् ।

**छोरी - अविद्या भनेको के हो ?**

**बाबु -** अविद्या भनेको जीवात्माको त्यो स्वाभाविक असमर्थता हो जसले उसलाई ईश्वर जस्तो छ त्यस्तै रूपमा जान्न बाधा पुऱ्याउँछ । मानिसले मानिसका रूपमा ईश्वरलाई कहिल्यै जान्न सक्दैन । ईश्वरलाई जान्न त मानिसले उपाधिहरूलाई पार गरी स्वयं दिव्य (divine) बन्नु पर्दछ ।

## ४

## जीवात्माको प्रकृति – ईश्वरसंग यसको सम्बन्ध – यसको मोक्ष – जीवन्मुक्ति

**छोरी - उपाधिहरू भनेका के हुन् नि ?**

**बाबु -** उपाधिहरू जीवात्माका परिबन्धनहरू हुन् । यिनीहरू ती भौतिक, मानसिक र नैतिक स्थितिहरू हुन् जसका अधीन रहेर हामी जीवनमा काम गर्दछौं । यिनीहरूको यथार्थ विश्लेषण विज्ञानको विषय हो र यो समय समयमा परिवर्तित भइरहन सक्छ । हाम्रा प्राचीन वैज्ञानिकहरूले यिनीहरूको विश्लेषण यस प्रकार गरेका छन्:- सबभन्दा पहिलो उपाधि त विभिन्न तत्त्वहरूबाट बनेको यो स्थूल शरीर हो जसलाई जीवात्माले मृत्युका समय त्यागिदिन्छ । तर, स्थूल शरीरको नाश हुँदैमा जीवात्माले मुक्ति पाउँदैन किनभने मृत्युपछि पनि त्यो एक सूक्ष्म शरीरद्वारा ढाकिएको हुन्छ । यस सूक्ष्म शरीरको, ज्ञान र कर्मका सूक्ष्म इन्द्रियहरू तथा मन र प्राणसंग सम्बन्ध रहन्छ । यिनै उपकरणका साथ जीवात्मा यस संसार-चक्रमा आफनो कर्मका गुणदोषद्वारा निर्धारित मार्गमा घुमिरहन्छ । अविद्याद्वारा आरोपित उपाधिहरूलाई विद्या अथवा आध्यात्मिक अन्तर्दृष्टिद्वारा पराजित नगरिएसम्म प्रत्येक जीवात्मा आफूलाई अन्य जीवात्माभन्दा तथा ईश्वरभन्दा पृथक रहेको ठान्दछ । मानिस, आफू एक छुट्टै, स्वतंन्त्र (कसैमाथि आश्रित नरहेको) एकाइ भएको भ्रममा पर्छ । त्यसैले गर्दा ऊ जन्म-मृत्युको फेरो लगाइरहन्छ ।

**छोरी – जीवात्माहरू एक अर्का बाट पृथक् छैनन् त ?**

**बाबु** – जीवात्माहरू एक अर्काबाट त्यसै गरी पृथक् छन् जसरी समुद्रमा रहेको एक टापु अर्को टापुसंग अथवा रूखको एउटा पात अर्को पातसंग पृथक् छ । विभिन्न टापूहरू आफ्ना भौतिक बनौट, वनस्पति र खनिज पदार्थले गर्दा भिन्न भिन्न स्थानहरू जस्ता देखिए तापनि, हामीलाई थाहा छ तिनीहरू समुन्द्रमुनिका जमीनद्वारा एक अर्कासंग जोडिएका छन् । त्यो आन्तरिक सम्बन्ध विना ती टापुहरू स्थिर रहन सक्दैनन् । जीवात्माहरू पनि त्यस्तै हुन् । सबै व्यावहारिक दृष्टिबाट प्रत्येक जीव एक छुट्टै एकाइ हो । ऊ एक नैतिक कर्ता हो । पाप गऱ्यो भने उसको पतन हुन्छ, पुण्य गऱ्यो भने उसको उत्थान हुन्छ । उसले जस्तो गर्छ त्यस्तै, यस जन्म वा अर्को जन्ममा फल पाउँछ । तर, उसले मोक्ष तब मात्र पाउँछ जब उसले आफ्नो छुट्टै अस्तित्व वा पार्थक्यको भावनामाथि विजय प्राप्त गर्दछ । सरसरती हेर्दा हामी एक अर्का संग बिल्कुलै पृथक् देखिन सक्छौं । तर एक छिन विचार गऱ्यौं भने हामी के देख्छौं भने हामी एक अर्कालाई जान्दछौं, बुझ्दछौं, एक अर्कालाई प्रेम गर्दछौं र एक अर्काको मनभित्र बस्दछौं पनि । एकत्वको यस भावको पराकाष्ठा नै सम्पूर्ण सृष्टिको जीवन्त एकत्वको अलौकिक अन्तदृष्टि (Mystical vision) हो । यस प्रकार, हामीले जीवात्माको अस्तित्व लाई अस्वीकार गरेको होइन, पृथक र स्वतंन्त्र एकाईको रूपमा त्यसको अस्तित्वलाई अस्वीकार गरेको मात्र हो । शरीर, मन र बुद्धिको दोष हटेपछि व्यक्ति एक व्यक्ति न रही अनन्त आत्मासंग मिलेर एक हुन्छ, जुन प्रकारले एक बन्द घडा फुटेपछि त्यस भित्र रहेको शून्य (space) अनन्त शून्यसंग मिलेर एक हुन्छ । संसारको वास्तविकताबारे जस्तै यस विषयमा पनि तल्लो र माथिल्लो गरी दुई दृष्टि छन् । तल्लो दृष्टि अर्थात् जीवात्माहरू पृथक् पृथक् हुन् भन्ने दृष्टि झूटो होइन, तर यो आंशिक दृष्टि मात्र हो । यसले सत्यको एक पक्षलाई मात्र देखाउँछ, सम्पूर्ण सत्यलाई होइन । भूल हामी तब गर्दछौं जब आंशिक सत्यलाई सम्पूर्ण सत्य ठान्दछौं ।

**छोरी – हाम्रा आत्मा ईश्वरभन्दा पृथक् छन् भन्ठान्नु पनि भूल हो त ? हजुरले यसलाई अविद्याको एक अंश भन्नुभएको थियो ।**

**बाबु** – हो । प्रत्येक जीवात्मा, समष्टि चेतनामा रहेको विन्दु जस्तै हो । अथवा, ऊ जगतमा रहेको यस्तो विन्दु हो जहाँ समय र स्थानको पर्दा यति पातलो हुन्छ कि हामी त्यसका पछाडि रहेका परमात्मालाई देख्दछौं ।

**छोरी - त्यसो भए के जीवात्मा ईश्वरको एक अंश हो ?**
**बाबु** - होइन । किनभने अंश र अंशीको धारणा ईश्वरका सम्बन्धमा लागु हुँदैन ।

**छोरी - त्यसो भए जीवात्मा ईश्वरको एक रूप वा रूपान्तर हो ?**
**बाबु** - होइन, किनभने ईश्वर निर्विकार भएकाले उसमा कुनै रूपान्तर हुन सक्दैन ।

**छोरी - ईश्वरसंग उसको कस्तो सम्बन्ध छ त ?**
**बाबु** - उपाधिहरू हटेपछि, हामी जेलाई जीवात्मा भन्दछौं त्यो परमात्मासंग एक भएको देखिन्छ ।

**छोरी - के यो युक्तिसंगत निष्कर्ष हो ?**
**बाबु** - यो युक्तिसंगत निष्कर्ष मात्र होइन, वेदको उच्चतम उपदेश पनि हो । आत्मा र ईश्वर अर्थात् जीवात्मा र परमात्माको अन्तिम पहिचान वेदका चार महावाक्यहरूले स्थापित गरेका छन् ।

**छोरी - ती महावाक्यहरू के के हुन् ?**
**बाबु** - ऋग्वेदको ऐतरेय उपनिषद् भन्दछ-**'प्रज्ञानम् ब्रह्म'** अर्थात् प्रज्ञा ब्रह्म हो । यजुर्वेदको बृहदारण्यक उपनिषद् भन्दछ- **'अहं ब्रह्मास्मि'** अर्थात् म ब्रह्म हुँ । सामवेदको छान्दोग्य उपनिषद् भन्दछ-**'तत्वमसि'** अर्थात् तिमी त्यही हौ । अन्तमा अथर्ववेद भन्दछ-**'अयं आत्मा ब्रह्म'** अर्थात् यो आत्मा ब्रह्म हो ।

**छोरी - बुबा, आत्मा शरीरभित्र सीमित रहन्छ तथा दुःख र कष्टको भागी हुन्छ । परमानन्दस्वरूप रहेको परमात्मासंग त्यो एक कसरी हुन सक्दछ ?**
**बाबु** - आत्मा शरीरमा छ भन्नु ठीक हुँदैन । बरू शरीर आत्मामा छ भन्नु बढी उपयुक्त हुन्छ । शरीरलाई अनन्त, सर्वव्यापी तथा शाश्वत आत्माले ढाकेको र व्याप्त गरेको हुन्छ । शरीर एक पात्र (भाँडो) जस्तै हो र आत्मा त्यस भित्र र बाहिर रहेको शून्य (Space) जस्तै हो । पात्रलाई एक ठाउँबाट अर्को ठाउँमा सार्‍यो भने त्यसभित्र रहेको शून्य सर्दैन । पात्रमा रहेको वस्तुलाई उमाल्यो भने त्यसभित्र रहेको शून्य वा आकाश उम्लिँदैन । त्यसै गरी हामीभित्र पनि, असृजित तथा पाप र दुःखले छुन न सक्ने केही कुरा छ । गीताले कठोपनिषदलाई

उद्‌धृत गर्दै भनेको छ- इन्द्रियहरूलाई ठूलो भनिन्छ, तर इन्द्रियहरू भन्दा ठूलो मन हो, र मन भन्दा ठूलो बुद्धि हो, तर बुद्धिभन्दा पनि ठूलो **त्यो** हो ।

छोरी – **जीवात्मा जन्म र मृत्युको भागी हुन्छ तर परमात्मा त्यस्तो हुँदैन । तसर्थ दुवै समान कसरी हुन सक्दछन् ?**
**बाबु** – जन्म भनेको आत्माको शरीर संग मिलन हो तथा मृत्यु भनेको आत्माको शरीरसंग बिछोड हो । आत्मा स्वयं शाश्वत छ । यो न कहिले जन्मिन्छ न कहिले मर्दछ ।

छोरी – **शरीरसंग बिछोड भएपछि आत्मालाई के हुन्छ ? के ऊ परमात्मामा लीन हुन्छ ?**
**बाबु** – आफ्ना सबै उपाधिहरूको नाश नभएसम्म जीवात्मा परमात्मासंग एक हुन सक्दैन । मैले अघि भनिसकें – मृत्युले एउटा उपाधि अर्थात् स्थूल शरीरको मात्र नाश गर्दछ । तर सूक्ष्म शरीर त रहिरहन्छ । र जीवात्माको पाप वा पुण्यले उसको आगामी जन्म निर्धारित गर्ने कुरा पनि छँदैछ ।

छोरी – **यिनीहरूको पनि नाश कहिले हुन्छ त ?**
**बाबु** – जीवात्मा मोक्षका लागि योग्य बनेपछि यिनको नाश हुन्छ ।

छोरी – **जीवात्मा अन्ततोगत्वा परमात्मासंग एक हुन्छ भनी हजुर भन्नुहुन्छ । यसका लागि जीवात्माले अरू कस्ता योग्यताहरू हासिल गर्नु पर्छ ?**
**बाबु** – जीवात्मा र परमात्मा एकै हो । तर आफ्ना अविद्याले गर्दा जीवात्मा उपाधिहरूका अधीन रहेको हुन्छ । जीवात्माले नयाँ योग्यताहरू हासिल गरिरहनु पर्दैन, आफना अयोग्यताहरूलाई हटाए मात्र पनि पुग्छ । किनभने मोक्ष एक प्रकारको अनन्तता (eternity) भएकोले यसको रचना गर्न सकिंदैन, यसको अनुभूति मात्र गर्न सकिन्छ ।

छोरी – **अविद्यालाई कसरी हटाउन सकिन्छ ?**
**बाबु** – अविद्यालाई ज्ञानद्वारा हटाउन सकिन्छ । हामीहरू एक अर्काबाट तथा ईश्वरबाट पृथक् छौं भन्ठान्नु नै अविद्या हो । हाम्रा सबै दुःख र पाप यसै अज्ञान वा मिथ्याधारणाले गर्दा भएका हुन् । जीवात्माले आफ्नो पृथकत्वको भावनाबाट माथि उठ्न सिक्नु पर्दछ ।

छोरी – **यो कसरी गरिन्छ ?**

**बाबु** – मानिसले सच्चरित्रता, प्रेम र आध्यात्मिक अन्तर्दृष्टिद्वारा आफूभन्दा बाहिर निस्की, ईश्वरभित्र सबैको एकत्वको अनुभव गर्नु पर्छ र यो भावना उसले सदैव राखिरहनु पर्दछ । अनि उसका आँखा अगाडिको पर्दा खस्दछ, उसले ईश्वरको दर्शन पाउँछ र महावाक्यहरूको सत्यताको अनुभूति गर्दछ ।

छोरी – **के महावाक्यहरूमा बताइएको एकत्वको निरन्तर चिन्तन गर्नु पर्याप्त छैन ?**

**बाबु** – कुनै निर्वासित राजाले आँखा चिम्लेर "म राजा हुँ, म राजा हुँ" भनी चिन्तन गर्दैमा के उसले आफ्नो राज्य फिर्ता पाउँछ ? पाउँदैन । उसले त आफ्ना छरिएर रहेका सैन्यलाई एकत्रित गर्नु पर्छ, आफ्ना समर्थकहरूको सहयोग लिनुपर्छ र आफ्ना शत्रुहरूलाई जितेर पुनः राजगद्दी प्राप्त गर्नु पर्छ । त्यसै गरी, हामीले पनि आफ्नो स्वार्थलाई वशमा राख्नुपर्छ, आफना विषयवासनालाई जित्नुपर्छ र आफूभित्र रहेको परमेश्वरलाई प्रेम गर्नुपर्छ र ऊ सबै प्राणीहरूमा छ भन्ने कुराको अनुभव गर्नु पर्छ । वास्तवमा, हामीले कर्म, उपासना र ज्ञानका तीनै आरोहणलाई पार गर्नु पर्छ । यी तीन आरोहणहरूका विषयमा मैले पहिले बताइसकेको छु । तेस्रो आरोहणको अन्तमा पुगेपछि मात्र हामीलाई मोक्ष दिने सम्यक्दर्शन अर्थात् साँचो र सम्पूर्ण अन्तर्दृष्टि प्राप्त हुन्छ ।

छोरी – **कुनै व्यक्ति तेस्रो आरोहणको शिखरमा नपुग्दै वा पहिलो वा दोस्रो आरोहण पूरा गरिनसक्दै बाटोमैं मऱ्यो भने उसको आत्मालाई के हुन्छ ? उसले गरेका सबै प्रयत्नहरू के त्यसै खेर जान्छन् ? के ऊ नष्ट हुन्छ ?**

**बाबु** – गीतामा अर्जुनले श्रीकृष्णसंग सोधेका यस्तै प्रश्नहरूको उत्तरमा श्रीकृष्णले यसो भन्नुभएको छः

*"हे पार्थ, त्यस्ता व्यक्तिको न यसलोकमा न परलोकमा विनाश हुन्छ किनभने कल्याणकारी काम गर्ने मानिसको दुर्गति कहिले पनि हुँदैन" ।*

छोरी – **उसको के हुन्छ त ?**

**बाबु** – हाम्रा धर्मशास्त्रहरूमा, मर्नेहरूका लागि दुई मार्ग छन् भनी बताइएको छ – पितृयान र देवयान । मैले वर्णन गरेको पहिलो आरोहण पार गर्न नसक्नेहरूलाई यस परिवर्तनशील संसारमा पुनः आउनु पर्ने हुन्छ । उनीहरू आफ्नो अझ प्रगति हुन सक्ने वातावरणमा जन्म लिन्छन् । अर्को शब्दमा

भन्ने हो भने, उनीहरूले पहिले गरेका असल वा खराब कर्मले, उनीहरूले जन्मलिने देश, जाति, व्यवसाय, कुल इत्यादिको निर्धारण गर्दछन् । यो त भयो पितृयान मार्ग । पहिलो आरोहण पार गरिसकेको तर दोस्रो आरोहण पूरा गरिनसक्दै मर्नेहरूचाहिँ यस कालचक्रमा फर्केर आउँदैनन् । उनीहरूले फेरि जन्म लिनु पर्दैन ।

छोरी – **उनीहरूले मोक्ष पाउँदैनन् त ?**

**बाबु** – पाउँदैनन् । उनीहरू मोक्षका लागि योग्य भइसकेका हुँदैनन् किनभने मोक्ष तेस्रो आरोहणको सम्यक्‌दर्शन पछि मात्र प्राप्त हुन्छ । तर आत्माको जगत् अर्थात् ब्रह्मलोकमा उनीहरूको अझ बढी प्रगति सुनिश्चित हुन्छ । त्यहाँ उनीहरू मानवभन्दा बढी सामर्थ्यवान् भएर, पृथ्वीमा छँदा आफूले पूजा गर्ने गरेको भगवान्‌का समीप रहन्छन् र अन्तमा मुक्ति पाउँछन् । यो मार्ग देवयान मार्ग हो । यस मार्गमा मानिसको मुक्ति क्रमिकरूपमा हुने हुनाले यसलाई क्रममुक्ति पनि भन्दछन् ।

छोरी – **पहिलो आरोहणमा सफल नहुने र दोस्रो आरोहणमा सफल नहुनेहरूको अवस्थामा यत्रो फरक किन ? पहिलो आरोहणका मानिसहरू किन हाम्रो यस अँध्यारो संसारमा फर्किन्छन् र दोस्रो आरोहणमा रहेका मानिसहरू किन ब्रह्मलोकको उज्यालोमा पुग्छन् ?**

**बाबु** – किनभने जतिसुकै असल कर्म गरे तापनि त्यसबाटमात्र अहंभावनाको लोप हुदैन । नैतिकताले मानिसलाई पवित्र बनाउँछ र माथि उठाउँछ तापनि ऊ मानिस नै रहिरहन्छ । उसको पाप वा पुण्यले उसलाई समातेकै हुन्छ । तर मोक्षको सार भनेको त जीवात्माले आफनो पृथकत्वको घेरा तोडनु नै हो । तर जो व्यक्ति यसो गर्नु अघि नै मर्दछ, उसले स्वभावतः समय र स्थानको, अर्थात् आत्मत्व र पृथक्‌ताको यस संसारमा फर्किनु पर्दछ । तर दोस्रो आरोहणमा धार्मिक उपासना गर्ने व्यक्तिले आफ्नो उपासना गरेका ईश्वरको शरण परेको हुन्छ र आफूलाई पूर्ण रूपमा बिर्सिसकेको हुन्छ । तसर्थ उसका पाप वा पुण्यको उसमाथि पकड रहँदैन । ऊ ईश्वरको हातमा हुन्छ र ईश्वरको अनुकम्पाले उसलाई उच्चतर लोकमा पुऱ्याउँछ र मोक्षका लागि तयार पार्छ । तसर्थ उसको बाटो पहिलो आरोहणमैं छँदा मर्नेकोभन्दा निकै भिन्न हुन्छ ।

छोरी – **मोक्ष प्राप्त गरेपछि आत्माको अवस्था कस्तो हुन्छ ?**

**बाबु** – मैले पहिले पनि भनिसकेको छु – मोक्ष भनेको आत्मा जागृत भएर दिव्यतामा पुग्नु र आफनो स्वरूप प्राप्त गर्नु हो । तसर्थ यस्तो आत्माको अवस्था दैवी व्यक्तिको जस्तै हुन्छ । यस्तो अवस्थाको वर्णन वेदका यी दुई उद्धरणमा गरिएका छन्:

*"जो परब्रह्मलाई जान्दछ, त्यो नै वास्तवमा ब्रह्म हुन्छ"* ।

*"बगिरहेका नदीहरू आफ्ना नाम र रूपलाई छाडी जसरी समुद्रमा विलीन हुन्छन्, त्यसरी नै महात्माहरू नामरूपरहित भएर उच्चभन्दा पनि उच्च दिव्य परमपुरुष परमात्मामा लीन हुन्छन्"* ।

हामीले छलफल गरिसकेका कतिपय अन्य विषयहरू, जस्तै उक्त मन्त्रहरूको सही तात्पर्यका बारेमा पनि वेदान्तका आचार्यहरूमा मतभिन्नता छ । अहिलेसम्म हामीले शंकराचार्यको मतको अनुसरण गर्‍यौं । पछि, हामी अन्य आचार्यहरूका मतको पनि चर्चा गर्ने छौं ।

छोरी – **बुबा, कसैले यस शरीरमैं पनि मोक्ष पाउन सक्छ ?**

**बाबु** – त्यस्तो हुन नसक्ने कुनै कारण छैन, छोरी । त्यस्तो व्यक्तिलाई 'जीवन्मुक्त' भन्दछन् । तेस्रो आरोहणको अन्तमा उसले प्राप्त गरेको 'सम्यक्‌दर्शन'ले गर्दा उसका पहिलेका कर्मका सबै फलहरू नष्ट हुन्छन्, केवल प्रारब्धकर्मको सानो अंश मात्र उसको वर्तमान शरीरमा फलीभूत भएर रहेको हुन्छ । त्यसको प्रभाव अन्त नभएसम्म ऊ आफनो शरीरमा रहिरहन्छ । उसका वर्तमान कर्महरू उसका स्वार्थी इच्छाहरूको फल नभई ईश्वरसंगको मिलनको परिणामस्वरूप भएकाले ती कर्महरूमा पुनर्जन्मका बिऊ रहँदैनन् । उसको वर्तमान भक्ति उसको र ईश्वरका बीचको दूरीले गर्दा नभई उसको प्रबुद्ध आत्मज्ञानको फल भएकोले उसले अरू परीक्षणकाल बिताउनु पर्दैन । यस प्रकार, जीवन्मुक्तले यस संसारमा कर्म गर्दछ र ईश्वरको उपासना पनि गर्दछ तर ऊ पूर्णतया मुक्त रहन्छ । श्रुति र स्मृतिले दिएको शिक्षा यही हो । शंकराचार्यले आफ्नो सूत्र-भाष्यको एक प्रसिद्ध अंशमा यसबारे आफ्नो व्यक्तिगत अनुभवको संकेत दिनुभएको छ । उहाँ भन्नुहुन्छ–"कुनै ब्रह्मवेत्ता अथवा ब्रह्म साक्षात्कार गरिसकेको व्यक्ति केही समय जीवित रह्यो वा रहेन भन्ने कुरामा विवाद हुन सक्दैन किनभने कसैले यो शरीर धारण गर्दा-गर्दै पनि आफूले ब्रह्मको

साक्षात्कार गरेको दृढ विश्वास गर्दछ भने त्यसमा अरू कसैले कसरी शङ्का गर्ने" ?

**छोरी – बुवा, जीवन्मुक्तले कुन प्रकारको जीवन बिताउँछ ?**

**बाबु** – छोरी, म थोरै शव्दमा कसरी तिमीलाई बताऊँ ? सम्पूर्ण भगवद्‌गीता यस्तो व्यक्तिको चरित्रको व्याख्या हो भन्न सकिन्छ । किनभने जीवन्मुक्त एक पूर्णयोगी हो । एकातिर ऊसंग परम सत्य परब्रहमको अनुभूति र त्यससंग आफ्नो आत्माको एकत्वको सुस्पष्ट अनुभूति रहन्छ भने अर्कोतिर त्यसभन्दा भिन्न प्रकारका सबै कुराहरू अर्थात् यो संसार, आफ्नै शरीर र आत्माका अन्य उपाधिहरूको चेतना पनि उसमा रहन्छ । उसलाई न दुःख हुन्छ, न कष्ट हुन्छ, न डर, न इच्छा नै । यस संसारका दयनीय सुखहरूभन्दा ऊ धेरै माथि उठेको हुन्छ । पाप उसको नजिक आउँन सक्दैन र उसले पुण्यात्मा हुने प्रयत्न पनि गर्नु पर्दैन । उसलाई प्रार्थना गर्ने आवश्यकता पनि रहँदैन किनभने उसले आफूभित्र ईश्वरको पवित्र उपस्थिति निरन्तर अनुभव गरिरहेको हुन्छ । जीवन उसका लागि कुनै रहस्य रहँदैन । धर्मग्रन्थहरू उसका लागि अनावश्यक हुन्छन् किनभने उसले तिनीहरूको प्रयोजन पूरा गरिसकेको हुन्छ । यस्ता व्यक्तिका बारेमा स्वयं वेदले भनेको छ – *"उसको लागि वेद, वेद हुँदैन"* । ऊ साँच्चिकै 'स्वराट्' हुन्छ अर्थात् ईश्वरको सम्पूर्ण आध्यात्मिक स्वतन्त्रता प्राप्त गरिसकेको व्यक्ति । उसको आत्मा दैवी शान्ति र आनन्दको शिखरमा बसेको हुन्छ । ऊ ईश्वरले जस्तै स्वेच्छाले संसारमा काम गर्दछ – आफ्नो कुनै स्वार्थका लागि होइन, अरूको हितका लागि । ऊ यस संसाररूपी नाटकमा भाग लिन्छ, तर आफूलाई वा अरू अभिनेतालाई खुशी पार्न होइन, त्यो दैवी रंगमंचको प्रबन्धकलाई खुशी पार्न जसको इच्छा नै उसको आफ्नो इच्छा हुन्छ । यस शरीरलाई त्यागेपछि पनि, आवश्यकता पर्न गएमा उसले खुशीसाथ अर्को शरीर ग्रहण गर्दछ । यस्तो हुन्छ जीवन्मुक्तको जीवन । संसारका सबै महान् सन्तहरू तथा मानव इतिहासलाई गंभीररूपले प्रभावित गर्ने धर्मका प्रवर्तकहरू जीवन्मुक्त जस्तै हुन्छन् । हाम्रा सबै अध्ययनहरू, सबै मानसिक र नैतिक अनुशासनहरू तथा सबै आध्यात्मिक प्रयासहरूको उद्देश्य यस्तै प्रकारको चरित्रको विकास गर्नु हो ।

# ५

# वेदान्तका विभिन्न मतहरू - रामानुजाचार्यको सिद्धान्त - शंकराचार्य र रामानुजाचार्यका सिद्धान्तहरू बीचका भेदहरू - रामानुजाचार्यको सिद्धान्त र मध्वाचार्यको सिद्धान्तको तुलना - हिन्दुधर्मका मुख्य सिद्धान्तहरू

**छोरी - बुवा, तेस्रो आरोहणको यात्राबारे हाम्रा आचार्यहरूमा मतभेदहरू छन् भनि हजुरले भन्नुभएको थियो । ती के हुन् ?**

**बाबु -** वेदान्तमा तीन मुख्य मतहरू छन्- शकराचार्यको अद्वैत, रामानुजाचार्यको विशिष्टाद्वैत तथा मध्वाचार्यको द्वैत ।

**छोरी - तिनीहरूमा के फरक छ ?**

**बाबु -** हामीले छलफल गरेका चार मुख्य विषयहरू अर्थात् ईश्वर र उसको सृष्टि, तथा जीवात्मा र उसको मोक्षका विषयमा तिनीहरूमा निकै मतभेदहरू छन् । अहिलेसम्म मैले प्रस्तुत गरेका विचारहरू शंकराचार्यको अद्वैत मतका हुन् । अब म तिमीलाई रामानुजाचार्यको विशिष्टाद्वैत मतको संक्षिप्त परिचय दिने छु । यसबाट तिमीले उनको र शंकराचार्यको मतमा के फरक रहेछ थाहा पाउने छ्यौ ।

रामानुजाचार्य अनुसार परमात्मा वा परब्रह्म (Absolute) अवैयक्तिक नभई, हामीले थाहा पाएका सबै महान गुणहरू - ज्ञान, शक्ति, प्रेम - ले सम्पन्न व्यक्तित्व हो । यस प्रकार, ईश्वर निर्गुण होइन सगुण छ । वेदमा परमात्मा गुणरहित छ भनेको तात्पर्य उसमा दुःख, विकार, नश्वरता जस्ता निम्नस्तरका गुणहरू छैनन् भन्ने हो । 'ईश्वरको व्यक्तित्व'को धारणा अनुसारका सबै कुराहरू उसमा रहेका छन् । किनभने उसका दुई छुटयाउन नसकिने प्रकारहरू छन्ः प्रकृति र जीव । यी, ईश्वरसँग त्यसै गरी सम्बद्ध छन् जसरी शरीर आत्मासंग । कुनै वस्तुमा त्यसका गुणहरू निहित भएझैं जगत् र जीव पनि ईश्वरमा निहित छन् । तर, यिनका दुई अवस्था छन् - सूक्ष्म र स्थूल । सृष्टिपूर्व वा प्रलयकालमा ईश्वर कारणावस्थामा रहँदा यिनीहरू सूक्ष्म रूपमा रहन्छन् र सृष्टि पछि ईश्वर कार्यावस्था रहेको समयमा यिनीहरू स्थूल रूपमा देखा पर्छन् ।

सृष्टि ईश्वरको क्रिया हो जसद्वारा जीवात्मा र जगत्‌को रूपान्तरण हुँदै जान्छ । जगत् आधारभूत रूपमा सत्य हो र यसमा केवल वाहिर देखिने फरक मात्र होइन वास्तविक परिणाम वा क्रमिक विकास (Evolution) पनि हुँदै जान्छ । प्रलयपछि पनि प्रकृति प्रारंभमा झैं सूक्ष्म अवस्थामा ईश्वरको प्रकारको रूपमा रहिरहन्छ । तसर्थ यो शाश्वत छ तर सदैव ईश्वरमा आश्रित छ ।

जीव, ईश्वरको (प्रकृति भन्दा) उच्चतर प्रकार हो किन भने यो चेतन छ । जीव पनि शाश्वत सत्य हो तथा ईश्वर भन्दा सदैव भिन्न तर ईश्वरमाथि सदैव आश्रित छ । यसको पनि प्रकृति जस्तै कसैले सृष्टि गरेको होइन । यहाँ सृष्टिको अर्थ चेतनाको विस्तार तथा पूर्वजन्ममा गरेको फल अनुसारको भौतिक शरीरको प्राप्ति हो । जीवात्मा आकारमा अणुसमान सूक्ष्म हुन्छ । यो हृदयमा प्रकाशको एक विन्दु जस्तो भएर बसेको हुन्छ । यस प्रकार, सर्वत्र व्याप्त (विभु) परमेश्वरभन्दा यो भिन्न छ । जीवात्मा तीन श्रेणीका हुन्छन् १) नित्य, २) मुक्त, र ३) बद्ध । पहिलो श्रेणीमा ती जीवहरू पर्दछन् जो नित्य स्वतन्त्र छन् र ईश्वरको परमधाम वैकुण्ठमा बास गर्दछन् । दोस्रोमा ती पर्दछन् जो कुनै बेला संसारी थिए तर जसले अब मोक्ष पाइसकेका छन् र ईश्वरसंग बस्दछन् । र तेस्रो श्रेणीमा ती पर्दछन् जो अहिले पनि सांसारिक जालमा अल्झिएका छन् र उद्धारका लागि प्रयत्नशील छन् ।

मोक्ष ईश्वरको कृपाद्वारा मात्र प्राप्त हुन्छ । यस्तो कृपा, उपासकको भक्ति र प्रपत्ति अर्थात् शरणागतिको फलस्वरूप पाइन्छ । कर्म र ज्ञान, भक्तिका साधन मात्र हुन् । मुक्त जीवहरू ईश्वर समक्ष पुग्दछन् तर ऊसंग एक हुँदैनन् । ती, आकारमा अणु समान रहिरहन्छन्, र स्वभावले नै ईश्वरमाथि आश्रित रहन्छन् । तिनीहरू ईश्वरको सेवा गर्दै अथवा उसको ध्यान गर्दै उसका साथ बस्दछन् । यस प्रकार, तिनीहरूको छुट्टै अस्तित्व कहिल्यै लोप हुँदैन । उनीहरू केवल संसारबाट मुक्त मात्र हुन्छन्, र यस्तो मुक्ति देहत्याग गरेपछि मात्र पाइन्छ । रामानुजाचार्यका अनुसार 'जीवन्मुक्ति' भन्ने कुनै वस्तु छैन ।

छोरी – **बुवा, शंकराचार्य र रामानुजाचार्यका मतहरूका बीच खास के के फरक छन् ?**

**बाबु** – विशिष्टाद्वैत सम्बन्धी मैले अहिले भरखर भनेका कुराहरूका आधारमा यसको र अद्वैतका बीचका फरकका बुँदाहरू यी हुन्:

१) रामानुजाचार्यअनुसार ईश्वर सगुण छ र विभिन्न पूर्णताहरूले युक्त छ । शंकराचार्य अनुसार ईश्वर सगुण तथा सगुणोपरि (Supra-personal) दुवै छ । संसारका सन्दर्भमा ऊ विभिन्न पूर्णताहरूले सम्पन्न मानिन्छ तर स्वयंमा ऊ हामीले कल्पना गर्न सक्ने कुनै पनि कुराभन्दा भिन्न छ ।

२) रामानुजाचार्यका अनुसार संसार, ईश्वरको अभिन्न प्रकार भएकोले पूर्णतया सत्य हो तर शंकराचार्यका अनुसार संसार एक सापेक्ष सत्य मात्र हो किनभने यो संसार, जीवात्माका लागि, उसको अस्तित्व रहेसम्म मात्र सत्य हो ।

३) रामानुजाचार्यका मतमा जीव पनि पूर्णतया सत्य हो र ईश्वरभन्दा सधैं भिन्न छ, यद्यपि ईश्वर सर्वव्यापी हुनाले जीवमा पनि वास गर्दछ । तर शंकराचार्यको मतमा जीव सापेक्ष रूपमा मात्र सत्य हो । जीवको अस्तित्व उसमा उपाधिहरू रहेसम्म मात्र रहन्छ ।

४) रामानुजाचार्यका लागि मोक्ष भनेको यस संसारबाट मुक्ति हो । शंकराचार्यका लागि मोक्ष इन्द्रियगम्य संसारबाट मुक्ति मात्र नभई, छुट्टै अस्तित्वभावबाट मुक्ति पनि हो ।

५) रामानुजाचार्यका अनुसार कर्म र ज्ञान, भक्तिमा पुग्ने साधन मात्र हुन्, र मोक्ष भक्तिबाटै पाइन्छ । शंकराचार्यका अनुसार कर्म र भक्ति ज्ञानमा पुग्ने साधनहरू मात्र हुन्, र मोक्ष ज्ञानबाट मात्र पाइन्छ ।

छोरी – **अद्वैत र विशिष्टाद्वैतभन्दा द्वैत कति भिन्न छ नि ?**

**बाबु** – मध्वाचार्यको द्वैतदर्शन रामानुजाचार्यको विशिष्टाद्वैतसंग धेरै कुराहरूमा समान छ । मध्वाचार्य र रामानुजाचार्य दुवैका अनुसार नित्य तत्वहरू यी तीन छन्– ईश्वर, जीव र जगत् । यी तीन एक अर्कासंग मूलरूपले भिन्न छन् । यिनीहरूमध्ये ईश्वर एक स्वतन्त्र सत्य हो र अन्य दुई परतन्त्र सत्य । ईश्वरले यिनीहरूको सृष्टि गर्दैन, यिनीहरूमाथि शासन मात्र गर्दछ । रामानुजाचार्य जस्तै मध्वाचार्यका विचारमा पनि ईश्वरको कृपा नभई भक्तले मोक्ष पाउँदैन । रामानुजाचार्य जस्तै मध्वाचार्यका अनुसार पनि ईश्वर भनेको आफ्नी पत्नी लक्ष्मीका साथ वैकुण्ठमा निवास गर्ने विष्णु हुन् । लक्ष्मी, ईश्वरको सृष्टि गर्ने शक्तिकी मूर्तिमान रूप हुन् । ईश्वर आफूलाई विभिन्न व्यूह र अवतारहरूद्वारा प्रकट गर्दछ । ईश्वर अन्तर्यामी अर्थात् सबै जीवहरूको आन्तरिक नियन्ता पनि हो । र अन्तमा, दुवै आचार्यका अनुसार जीवात्माको आकार अणु समान

हुन्छ, र जीवात्मा तीन प्रकारका हुन्छन्-नित्य, मुक्त र बद्ध । यी नै हुन् विशिष्टाद्वैत र द्वैत बीचका समानताहरू ।

**छोरी - तर, दुवैका बीच मतभिन्नताका बूँदाहरू के के हुन् ?**

**बाबु -** दुवैका विचारहरूमा रहेका भिन्नताहरू यी हुन्:

१) मध्वाचार्यको मतमा संसार ईश्वरको शरीर होइन । ईश्वर संसारको निमित्त-कारण हो, उपदान-कारण होइन तथा ईश्वर र जगत् बीचको फरक स्पष्ट र असंदिग्ध छ । यसैले उनको सिद्धान्तलाई द्वैत भन्दछन् । शंकराचार्यको मतले यस्तो अन्तिम फरक नमान्ने हुनाले त्यसलाई अद्वैत भन्दछन् । रामानुजाचार्यको मतले ईश्वर र जगत्को बीच भिन्नतालाई मान्ने तर परमात्मा एकै छ भन्ने कुरामा जोड दिने हुनाले त्यसलाई विशिष्टाद्वैत भन्दछन् ।

२) मध्वाचार्यका अनुसार जगतको प्रत्येक कण जीवहरूले भरिएको छ, तर कुनै पनि दुई जीव एकै प्रकारका छैनन् । उनीहरू एक अर्काबाट पूर्णतया भिन्न छन् र मोक्षप्राप्ति पछि पनि विभिन्न श्रेणीमा परमानन्द भोग्दछन् ।

३) माध्वाचार्यका मतमा संसारचक्रमा बाँधिएका जीवहरू तीन श्रेणिमा विभाजित छन्- क) सात्विक प्रकृतिका जीवहरू जो मोक्षका लागि पूर्वनिर्दिष्ट छन् । ख) राजस प्रकृतिका जीवहरू जो यस संसार चक्रमा घुमिरहनका लागि निर्दिष्ट छन्, र ग) तामस प्रकृतिका जीवहरू जो सदैव अन्धकारमा दुःख भोगिरहन पूर्वनिर्दिष्ट छन् ।

४) मध्वाचार्यअनुसार मुक्तिको ज्ञान दिने मध्यस्थको सहायता बिना जीवले मोक्ष प्राप्त गर्न सक्दैन । यी मध्यस्थ विष्णु-पुत्र वायु हुन् ।

तर, छोरी, मैले बताएका यी फरकहरू सूक्ष्म छन् । वैचारिक स्वतन्त्रतालाई दुरूत्साहित नगरी प्रोत्साहन गर्ने तथा अनम्य सिद्धान्तहरू (rigid dogmas) बाट बिलकुलै मुक्त रहेको हाम्रो यो महान् धर्मभित्र यस्ता सानातिना मतभिन्नताहरू हुनु स्वाभाविक हो । यस्ता मतभिन्नताहरूको कुनै व्यावहारिक महत्व छैन । हाम्रा धर्मग्रन्थहरूमा दिइएका उपदेश अनुसारका सदाचार, सत्कर्म, प्रेम र उपासनाद्वारा मानिसले पूर्णता प्राप्तगर्ने मार्गमा यी सानातिना मतभिन्नताहरूले कुनै बाधा पुऱ्याउँदैनन् । तसर्थ, हामीले आफ्ना धर्मगुरूहरू एकमत भएका कुराहरूमा बढी ध्यान दिनु पर्छ ।

छोरी – **ती के के हुन् त ?**

**बाबु** – हाम्रा धर्मगुरुहरू एकमत भएका कुराहरू यी हुन् :

१. **श्रुतिमा मूर्तरूपमा रहेका आध्यात्मिक अनुभूतिहरू नै हाम्रो धर्मको अन्तिम प्रमाण (स्रोत) हुन्, व्यक्तिको तर्क मात्र होइन ।**

२. **ईश्वर एउटै छ यद्यपि उसका नाम र रूप विभिन्न छन् र ऊ अनिर्वचनीय पूर्ण** (ineffable perfection) **हो ।**

३. **सबै मानिसहरू आ–आफना पूर्वकर्मको फलअनुसार यस संसारमा जीवन बिताउँछन् ।**

४. **मानिसलाई यस संसारचक्रबाट उद्धार गरी ईश्वर–प्राप्ति गराउने त्रिविध मार्गहरू हुन्– कर्म, भक्ति र ज्ञान ।**

५. **मोक्ष प्राप्त गर्न चाहनेले शुद्धि, आत्मसंयम, अनासक्ति, सत्य, र अहिंसाका गुणहरूको विभिन्न तरिकाले अभ्यास गरी धर्मात्मा बन्नु पर्दछ ।**

६. **मानिसले आफ्नो अधिकारअनुसार आफ्नो इष्टदेवताको उपासना गर्नु पर्दछ र आफूलाई उपलब्ध सबै साधनहरूद्वारा ईश्वरको कृपा प्राप्त गर्नु पर्दछ ।**

७. **मानिसको मोक्ष, जीवन मरणको चक्रबाट मुक्त भई परमात्माको क्षेत्रमा प्रवेश पाउनुमानै रहेको छ ।**

महत्वपूर्ण कुराहरू यिनै हुन् । यी नै उपदेशहरूले हाम्रा जीवन आशाले भरिदिन्छन् तथा पाप र अज्ञानका विरूद्ध हाम्रो संर्घषलाई सारपूर्ण र सार्थक बनाउँछन् ।

## ६
## उपसंहार

छोरी – **बुवा, हजुरको कुरा सकियो ?**

**बाबु** – सकियो, छोरी । प्रकाशका बाटोमा रहेका तीन आरोहणहरूका बारेमा मैले तिमीलाई बताएँ । यसबाट तिमीलाई सत्कर्म, भक्ति र अन्तर्दृष्टिले युक्त आध्यात्मिक जीवन बिताउन सहायता मिल्ने छ भन्ने आशा गर्छु । मैले केवल तिमीलाई स्पष्ट बुझाउनका लागि मात्र यी तीन आरोहणहरूलाई एक अर्काबाट छुट्याएको हुँ । वास्तवमा, पहिलो आरोहणको शिखरमा पुग्नुभन्दा निकै पहिले नै तिमी दोस्रो आरोहणमा पुगिसकेकी हुन्छ्यौ, र दोस्रो आरोहणको शिखरमा पुग्नु निकै अघि तिमी तेस्रो आरोहणमा हुन्छ्यौ । आध्यात्मिक जीवन एक सिङ्गो जीवन हो । यो

कर्म, भक्ति र ज्ञानका तीन तत्त्वबाट बनेको हुन्छ । यी तत्त्वहरूको सम्मिश्रणको अनुपात, साधना गर्ने जीवको आफ्नो स्वभाव वा प्रवृत्तिमाथि निर्भर गर्दछ ।

अब मेरो काम समाप्त भयो । संसारको सबभन्दा पुरानो धर्मका मुख्य कुराहरू मैले संक्षेपमा तिमीलाई बताएँ । सबभन्दा पुरानो भए पनि यो धर्म आज पनि अरू सब धर्म जत्ति नै सशक्त छ । यो (हिन्दुधर्म) न भाग्यवाद हो न निराशावाद, न संन्यासवाद न विश्रामवाद, न अज्ञेयवाद न विश्वदेववाद, न मायावाद न केवल बहुदेववाद नै हो जस्तो कि केही अधीर आलोचकहरू भन्दछन् । हाम्रो यो धर्म, माथिल्लोदेखि तल्लोसम्म सबै स्तरका धार्मिक अनुभूतिहरूको संयोजन हो । यो सम्पूर्ण जीवन-दर्शन हो । यसले गर्दा हाम्रो यो धर्म हजारौं वर्षदेखि पर्वत जस्तै दृढ र अचल छ र संसारका अन्य ठूला धर्मका अनुयायीहरूबाट भएको प्रहारबाट बाँचेर आज पनि जीवन्त रहेको छ । प्राचीन समयमा बुद्धधर्मको विभाजनबाट, मध्यकालीन युगमा मुसलमानहरूको दमनबाट र वर्तमान युगमा इसाईहरूको प्रचारबाट समेत यो बाँच्न सफल भएको छ । आज हिन्दुधर्म फेरि पुनरुत्थानको बाटोमा छ र आफ्नो उज्ज्वल कीर्तिमय भविष्यतर्फ अगाडि बढ्दै छ । यसैकारण हिन्दुहरू आफ्नो यस महान् धर्मलाई 'सनातनधर्म' भन्दछन् र यस प्रति गर्व गर्दछन् । हिन्दु सभ्यताको चालीस शताब्दी भन्दा पनि लामो इतिहास पढ्दा तथा सामाजिक संगठन, साहित्य र कलाको क्षेत्रमा यसले गरेको प्रगतिमाथि विचार गर्दा कसको छाती न फुल्ला ? हो, यस सभ्यताले केही प्रतिकूल दिनहरू पनि देख्न पऱ्यो, र यसले कतिपय पीडादायी पापहरूका लागि जवाफ पनि दिनु पर्ने होला, तर संसारको कुन सभ्यताले यसो गर्नु परेको छैन र ? हामी ती सबै दुर्गुणहरूलाई खुलस्त रूपमा स्वीकार गरौं र आफनो घरलाई व्यवस्थित पारौं । हामी अघि बढ्दै जाऔं र आफनो भविष्यलाई आफ्नो गौरवमय भूतकाल सुहाउने बनाऔं ! यसै आशाका साथ मैले तिमीलाई र तिम्रो माध्यमबाट, समस्त हिन्दु युवाहरूलाई हिन्दुधर्मका अनेकानेक जाति र सम्प्रदायका मुन्तिर रहेको फलामको आधारशिला देखाउने प्रयत्न गरें ।

मलाई आशा छ तिमीले आफ्नो होनहार जीवनको लक्ष्य पूरा गर्ने छ्यौ तथा आफ्नो पवित्र नाम (गार्गी) लाई सार्थक पार्ने छ्यौ ।

**छोरी – बुवा, भगवानको जो इच्छा ।**

**बाबु –** हो छोरी, 'भगवानको जो इच्छा' । यो भन्दा ठूलो धर्म अरू केही छैन ।

# गीता समुदय प्रकाशन

## एक संक्षिप्त परिचय

गीता समुदय प्रकाशनको स्थापना, जनसाधारणमा सनातन धर्मप्रति रूचि र आस्था बढाई एक सर्वाङ्गीण रूपमा उन्नत समाजको विकासमा योगदान गर्ने उद्देश्यले संघ संस्था दर्ता ऐन, २०३४ अनुसार, २०५१ पुस २९ गतेका दिन भएको हो । संस्था हाल निम्नलिखित कार्यमा संलग्न छः

१. सनातन धर्म प्रति रूचि र आस्था बढाउने किसिमका साहित्यको प्रकाशन गर्ने,
२. **'समुदय'** त्रैमासिक पत्रिका प्रकाशन गर्ने,
३. बालबालिकाहरूका लागि धर्म र संस्कृति बारे परिचय दिने पुस्तक पुस्तिका प्रकाशन गर्ने, र
४. संस्थाको उद्देश्य पूरा गर्ने किसिमका अन्य कार्यहरू गर्ने ।

**'समुदय'** पत्रिका हाल नियमितरूपले प्रकाशित भई रहेको छ । यसका अतिरिक्त संस्थाद्वारा ९ विभिन्न पुस्तक पुस्तिकाहरू पनि प्रकाशित भइसकेका छन् ।

**असाधारण सभा** – संस्थाको साधारण सभामा संस्थाका सबै सदस्यहरू रहन्छन् । सदस्यता शुल्क यस प्रकार छ – आजीवन सदस्यता : रू. १०००।– र संरक्षक सदस्यता : रू. २५०००।– । आजीवन सदस्यहरूलाई 'समुदय' पत्रिका आजीवन निःशुल्क तथा संस्थाका अरू प्रकाशनहरू आधा मोलमा प्राप्त हुन्छन् । संरक्षक सदस्यहरूलाई सबै प्रकाशनहरूका पाँच पाँच प्रति निःशुल्क उपलब्ध गराइन्छ ।

**संचालक परिषद्** – संस्थाको कार्यसंचालन साधारण सभाका सदस्यहरूद्वारा निर्वाचित एक संचालक परिषद्द्वारा गरिन्छ । परिषद्का सदस्यहरूले आफूमध्येबाट एक अध्यक्ष, दुई उपाध्यक्ष, एक कोषाध्यक्ष र एक सचिव छान्दछन् ।

**कोष र लेखापरिक्षण** – संस्थालाई प्राप्त सदस्यता शुल्कहरू तथा सबै चन्दाका रकमहरू पूँजी कोषमा जम्मा गरिन्छन् । पूँजीकोषमा रहेको रकम अक्षयकोषको रूपमा रहन्छ र त्यसलाई परिषद्को निर्णय अनुसार लगानी गरिन्छ र अन्य कुनै काममा खर्च गरिदैंन । संस्था सम्बन्धी सबै खर्च उक्त कोषको लगानीबाट भएको आम्दानी तथा संस्थाका प्रकाशनहरूको बिक्रीबाट प्राप्तभएको रकमबाट मात्र गरिन्छ । कोषको लेखापरिक्षण साधारण सभाद्वारा नियुक्त रजिष्टर्ड लेखापरिक्षकबाट प्रत्येक वर्ष गरिन्छ । लेखापरिक्षणको प्रतिवेदन प्रत्येक वर्ष समुदय पत्रिकामा प्रकाशित गरिन्छ ।